सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

nayapatrikadaily.com

# नयाँ पत्रिका

११ असोज २०८३, आइतबार (27 Sep 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १६७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## पूर्वमा आज घाम लाग्ने, पश्चिममा भोलिदेखि सुधार

**काठमाडौं**/ चार दिनदेखिको झरी पश्चिमतिर सर्दै बाहिरिने क्रममा छ। नेपाल मौसम विज्ञान विभागका अनुसार गत बुधबारबाट देशभर भइरहेको वर्षा क्रमशः घट्दै गएको छ। आइतबार पूर्वी नेपालमा मौसममा सुधार हुने देखिए पनि पश्चिम नेपालमा भने सोमबारसम्म कायमै रहने विभागले जनाएको छ।

'पश्चिममा पनि यसअघिको जस्तो ठुलो वर्षा छैन। वर्षा घट्दै गएको छ,' मौसम पूर्वानुमान महाशाखाका मौसमविद् हरिप्रसाद दाहालले भने, 'भोलि सोमबारबाट देशभर नै मौसममा सुधार हुने देखिएको छ।'


मौसमविद् दाहाल

मौसमविद् दाहालका अनुसार पूर्वी क्षेत्रमा आइतबार घाम लाग्नेछ। तर, काठमाडौंमा भने केही समय घाम लागे पनि फेरि बादल लाग्ने र वर्षा हुने सम्भावना छ।

## सप्तकोशी र नारायणी नदीको तटीय क्षेत्र डुबानमा

- **सप्तरीमा पाँच सय घर डुबानमा**
- **सुस्तामा बाढीबाट डुबान तथा जोखिममा रहेका करिब साढे तीन सयजनालाई होल्डिङ सेन्टरमा राखियो, नवलपुरका गैंडाकोटका १८ घरका १४० जना विस्थापित**
- **गुल्मीको चन्द्रकोटमा पहिरोले बस्ती नै जोखिममा, ४० घरका २५० जनालाई सुरक्षित स्थानमा सारियो**



(विस्तृत पृष्ठ ३)

## बजारमा मूल्य, गुणस्तर र आपूर्तिको अग्निपरीक्षा




चाडपर्वमा माग बढेको नाममा अस्वाभाविक मूल्यवृद्धि, मिलेमतो, सामान लुकाउने वा कृत्रिम अभाव सिर्जना गर्ने गतिविधि निन्दनीय छ

- माधव तिमल्सिना (पृष्ठ ४)

## गौरवका आयोजनाको लज्जास्पद प्रगति

**२१ गौरवका आयोजना लामो समयदेखि निर्माणाधीन, तीनवटा सुरु नै भएका छैनन्**

१० आयोजनाको प्रगति २०% भन्दा कम, वर्षभरिमा १% पनि हुन सकेन काम

- स्रोत नहेर्ने, तर राजनीतिक स्वामित्व खोज्ने प्रवृत्तिले गौरवका आयोजना अत्यन्त दुरवस्थामा पुगेका हुन् : अर्थशास्त्री प्राडा पुष्करराज बज्राचार्य

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# हिमाललाई ज्वरो

## सेतीले ०६९ मै दिएको थियो चेतावनी, भोटेकोशीले ०८३ मा सम्झायो पाठ



- **डा. अरुणभक्त श्रेष्ठ**
जलवायु विशेषज्ञ

हिमनदी घट्ने, हिमताल बढ्ने र हिउँ पग्लिने क्रम बढ्दै गएको र यसले यहाँको मात्रै नभई विश्वकै स्वास्थ्यलाई संकेत गरेको छ। हाम्रो हिमालमा जुन भइरहेको छ, अन्त पनि जलवायु परिवर्तनले प्रभाव पारेको छ। अहिले हिन्दुकुश बिरामी छ, केही गडबड छ, बिरामी छ भन्नुपर्ला।



- **प्राडा हरिप्रसाद पण्डित**
जलविद्युत् पूर्वाधारविज्ञ

बाढीपहिरोलाई सामान्य प्राकृतिक घटनाका रूपमा मात्रै हेरेर अब जलविद्युत् तथा अन्य पूर्वाधार निर्माण गर्न सकिँदैन। पूर्वाधार र जलविद्युत् आयोजनाका डिजाइनमै जलवायु जोखिम समेट्नुपर्छ। सामान्य सावधानी र डिजाइनमै गरिने सानो अतिरिक्त लगानीले ठुलो क्षति रोक्न सकिन्छ।



- **दीनानाथ भण्डारी**, विपत् जोखिम न्यूनीकरणका अनुसन्धानकर्ता

अहिलेसम्मको पूर्वसूचना प्रणाली नदीमा स्टाफ गेज राख्ने, पानीको सतह नाप्ने र निश्चित तहमा पुगेपछि सतर्क गराउने परम्परागत प्रणालीमा आधारित छ। यो प्रणाली हिमाली तथा तीव्र गतिमा बग्ने नदीका लागि पर्याप्त छैन। प्रविधिको विकाससँगै नदी, पहिरो र हिमाली क्षेत्रमा हुने जोखिमको निगरानी तथा पूर्वसूचनाको प्रणालीलाई पनि नयाँ ढंगले विकास गर्नुपर्छ। पछिल्ला वर्षमा सर्वेलेन्स क्यामेरा, दूरसञ्चार र रिमोट मोनिटरिङ प्रविधि विकास भएका छन्।

**यम बम**/नयाँ पत्रिका

१० भदौमा लाङटाङ लिरुङ हिमालको एउटा हिमशृंखलाबाट हिमचट्टान ल्हेन्दे खोलामा खस्दा भोटेकोशी र त्रिशूली नदीको तटीय क्षेत्रमा डेढ सय किलोमिटरसम्म आकस्मिक बाढी आयो। तीव्र गतिको बाढीले रसुवाको रसुवागढी भन्सार

» पृष्ठ २ मा क्रमशः




१४ वर्षअघि २३ वैशाख ०६९ मा पोखराको सेती नदीमा आएको हिमबाढीको शृंखला पनि यस्तै उच्च हिमाली जोखिमको उदाहरण थियो। त्यतिवेला अन्नपूर्ण हिमालको चौथो चुचुरोभन्दा करिब डेढ किलोमिटर दक्षिणमा रहेको दक्षिणी डाँडाको करिब ३२ हजार वर्गमिटर क्षेत्रफलको हिमचट्टान सेती नदीको मुहान (साब्चे सर्क) क्षेत्रमा खस्दा ठुलो बाढी आएको थियो। उक्त घटनामा ७२ जना हताहती (मृत्यु र बेपत्ता) भएका थिए।



१० भदौ ०८३ मा लाङटाङ लिरुङ हिमालबाट करिब १४ करोड २० लाख घनमिटर बरफ र चट्टानको विशाल हिमपहिरो ल्हेन्देमा खसेको थियो। भोटेकोशी/त्रिशूलीमा आएको विनाशकारी बाढीले नदीकिनारका बस्ती, पुल र जलविद्युत् आयोजना लगेको छ। घटनाले १,४५३ मानिसको ज्यान लिइसकेको छ भने ५,५५० अझै सम्पर्कविहीन छन्। विपत् व्यवस्थापन प्राधिकरणका अनुसार पुनर्निर्माणमा सात खर्ब २३ अर्ब २१ करोड चाहिन्छ।

### नेपालमा हरेक वर्ष हिमबाढी, सरकारी बेवास्ता

नेपालमा हिमबाढी नयाँ घटना होइनन्। पहिले ५० वर्ष, सय वर्षमा आउँथे। तर, पछिल्लो दशक हरेक वर्षजसो हिमबाढी दोहोरिरहेका छन्। अनि आर्थिक र गैरआर्थिक क्षति ठुलो छ। तर, बाढीको घटना सेलाएपछि सरकारी निकाय पनि वास्ता गर्दैनन्। तत्कालीन जलउत्पन्न प्रकोप नियन्त्रण विभागमा कार्यरत छँदा श्रीकमल द्विवेदी र योजना न्यौपानेले सेती बाढीको संयुक्त अध्ययनबाट मानवबस्ती, कार्यस्थल र पर्यटकीय स्थलमा कार्यमूलक पूर्वसूचना प्रणाली जडान गर्न सिफारिस गरेका थिए। 'सेती बाढीको अनुभवले यस तीव्रताको ठुलो विपत्‌लाई रोक्न नसकिने देखाएको छ, त्यसैले मानवबस्ती र मनोरञ्जनका लागि मानिस भेला हुने स्थानमा प्रभावकारी पूर्वसूचना प्रणाली जडान गरिनुपर्छ,' अध्ययनको सिफारिस खण्डमा भनिएको छ, 'अन्नपूर्ण क्षेत्रबाट उद्गम हुने नदीकिनारका बस्तीहरूमा विपत् सूचना प्रवाहको सख्त आवश्यकता छ। जोखिमपूर्ण क्षेत्रहरूमा उद्धार मार्ग सार्वजनिक स्थलमा स्पष्ट देखिने गरी जोखिम नक्सा तयार पारिनुपर्छ।' तर, १४ वर्षको यो अवधिमा सेतीको तटीय क्षेत्रमा पूर्वसूचना प्रणाली जडान गरिएको देखिँदैन।

### ■ किन आयो हिमाललाई ज्वरो ?

हिन्दुकुश हिमालमा हिमनदी घटिरहेका छन्। हिमताल बढिरहेका छन्। हिन्दुकुश हिमाल क्षेत्रको जलवायु परिवर्तनको विश्लेषण गर्दै आएका हिमनदी एवं वरिष्ठ जलवायु विशेषज्ञ अरुणभक्त श्रेष्ठ हिमनदी घट्ने, हिमताल बढ्ने र हिउँ पग्लिने क्रम बढ्दै गएको र यसले यहाँको मात्रै नभई विश्वकै स्वास्थ्यलाई संकेत गरेको बताउँछन्। उनी भन्छन्, 'मान्छेको नाडी छामेर शरीरलाई ठिक छ कि छैन भन्ने आकलन गरेजस्तै हिन्दुकुश हिमालयमा के भइरहेको छ भनेर यहाँको परिवर्तनले देखाउने संकेतले संसारभरिकै परिवर्तनको इन्डिकेट गर्छ। यहाँ सुरुमा प्रभाव पर्‍यो, अब बिस्तारै अन्त पनि प्रभाव पर्न सक्छ भन्ने देखाएको छ। हाम्रो हिमालमा जुन भइरहेको छ, अन्त पनि जलवायु परिवर्तनले प्रभाव पारेको छ। अहिले हिन्दुकुश बिरामी छ, केही गडबड छ, बिरामी छ भन्नुपर्ला।' यसरी हिउँ पग्लिने दर बढ्दै जाँदा कृषि, जलविद्युत्मा पनि प्रभाव पार्न सक्छ।

सन् २०१५ मा भएको पेरिस सम्झौताले औद्योगिक युगयताको विश्वव्यापी तापक्रम वृद्धि दरलाई १.५ डिग्री सेल्सियसमा राख्ने भनेको थियो। तर, हरितगृह ग्यास उत्सर्जन, औद्योगिकीकरणका कारण लक्ष्यभन्दा नियन्त्रणबाहिर छ। तापक्रम वृद्धिदर १.५ डिग्री सेल्सियसमा रोकिए पनि २१०० सम्म हिन्दकुशका एकतिहाइ हिमनदी समाप्त हुने वैज्ञानिकहरूको चेतावनी छ।

सन् २००० पछि हिन्दुकुशमा हिमनदी र हिउँ पग्लिने दर त्यसअघिका दशकका तुलनामा दोब्बर पुगेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को हिन्दुकुश हिमाललाई असिसमेन्ट रिपोर्टमा उल्लेख छ। सन् २०१० देखि २०१९ को दशकको तथ्यांक हेर्ने हो भने त्यसअघिका दशकका तुलनामा हिमनदी ६५ प्रतिशत तीव्र रूपमा पग्लिएका छन्। १९९० देखि २०२० को अवधिमा यस क्षेत्रका हिमनदीले आफ्नो कुल क्षेत्रफलको १२ प्रतिशत र हिउँको भण्डार करिब नौ प्रतिशत गुमाइसकेका छन्।

### ■ स्वदेश फर्किए प्रधानमन्त्री

## तामझामविनै गएका थिए त्यसैगरी फर्किए

नयाँ पत्रिका

संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सहभागी हुन चार दिनअघि न्युयोर्क गएका प्रधानमन्त्री बालेन्द्र शाह शनिबार स्वदेश फर्केका छन्। औपचारिक बिदाइ र सैनिक सम्मान गारतविना गएका प्रधानमन्त्री शाहको फिर्ता पनि साधारण रूपमै भएको छ। उनी विनातामझाम गए र त्यसैगरी स्वदेश फर्किएका छन्।

कार्यवाहक प्रधानमन्त्री डा. स्वर्णिम वाग्ले, गृहमन्त्री सुधन गुरुङ र पर्यटन, संस्कृति तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विमान पार्किङ क्षेत्रमा प्रधानमन्त्री शाहलाई स्वागत गरे। विमान पार्किङ क्षेत्रबाट उनी सिधै गाडी चढेर प्रधानमन्त्रीनिवास बालुवाटार प्रस्थान गरे।

प्रधानमन्त्री शाहले न्युयोर्कमा बिहीबार राति संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो

» पृष्ठ २ मा क्रमशः




शनिबार स्वदेश फर्किएका प्रधानमन्त्री बालेन शाह त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा

## कांग्रेस महाधिवेशनमा तोकिएको शुल्कबाहेक रकम नलिन निर्वाचन समितिको निर्देशन

**काठमाडौं**/ नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत विभिन्न तहमा हुने निर्वाचनमा निर्देशिकाले तोकेको शुल्कबाहेक अतिरिक्त रकम नलिन केन्द्रीय निर्वाचन समितिले निर्देशन दिएको छ।

समितिले 'नेपाली कांग्रेस १५औँ महाधिवेशन निर्वाचन निर्देशिका, २०८३' को अनुसूची २१ मा तोकिएको शुल्कभन्दा बढी रकम लिएको गुनासो प्राप्त भएको जनाएको छ।

निर्वाचन समितिका सदस्यसचिव राजु

» पृष्ठ २ मा क्रमशः

सफलताको १९ वर्ष पूरा




बैंक स्थापनाको १९ वर्ष पूरा गरी २० औं वर्ष प्रवेश गरेको शुभ अवसरमा हामीलाई निरन्तर प्रेरणा, प्रोत्साहन र मार्गदर्शन प्रदान गर्नु हुने सम्पूर्ण ग्राहक महानुभावहरु, नियामक निकाय, सञ्चारजगत, कर्मचारी लगायत शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं।

यस शुभ अवसरमा हामी आगामी दिनमा अझ प्रतिस्पर्धी, गुणस्तरीय एवं नवीनतम् बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

'A' Class Institution Licensed by Nepal Rastra Bank

Central Office: Kamalpokhari, Kathmandu, Nepal,
+977 01-4523254, 01-4523432/3 & 01- 4523436, info@pcbl.com.np

# १६५ शय्याको भक्तपुर क्यान्सर अस्पतालमा एक दिनमै आउँछन् औसत ५०० बिरामी

## बिरामीको चाप बढेको-बढ्यै, दैनिक ५० बिरामी फिर्ता गर्नुपर्ने अवस्था

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

काठमाडौं उपत्यकाभित्र क्यान्सरको उपचार हुने विशिष्टीकृत स्वास्थ्य संस्था भक्तपुर क्यान्सर अस्पतालमा १६५ शय्या छन्। तर, दैनिक बिरामी भने औसत ५०० आउँछन्। बढ्दो चाप थेग्न नसकेपछि अस्पतालले बिरामी फर्काउनुपरेको निर्मम अवस्थासमेत छ।

> भक्तपुरमै छातीरोग अस्पतालका लागि बनाएको भवन प्रयोगविहीन, क्यान्सर अस्पताललाई दिन अनुरोध

यो अस्पतालमा दैनिक ओपिडीमा चार सय, किमोथेरापीका सय र केही बिरामी अन्य विभिन्न प्रक्रियाका लागि आउने गरेका छन्। अस्पतालका अनुसार बिरामीको संख्या गत वर्षको तुलनामा ह्वात्तै बढेको हो। गत वर्ष भदौमा यी सबै खालका गरी दैनिक ४५० जनासम्म बिरामी आएका थिए। क्यान्सरको डाइग्नोस्टिक (पत्ता लगाउने जाँच) गर्न

» पृष्ठ २ मा क्रमशः

### ■ तर, क्यान्सरको विशिष्टीकृत भनिएकै अस्पतालमा छैन पेट स्क्यान र एमआरआई




■ कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसे भन्छन्-

### थेगिनसक्नु बिरामी आएपछि अस्पतालले दैनिक ५० जतिलाई फकाउनुपर्ने बाध्यता छ



पहिलेभन्दा अहिले क्यान्सरका बिरामी बढेका छन्, एकातर्फ क्यान्सर रोग लाग्नेको संख्या बढेको छ, अर्कातर्फ रोग पत्ता लगाउन उपचारमा पुग्नेको संख्या बढेको छ। क्यान्सरको उपचार हुने सीमित अस्पताल मात्रै हुँदा भक्तपुरमा बिरामीको संख्या बढेको हो। यो रोगले परिवार मात्रै होइन, देश नै आर्थिक रूपमा थला पर्ने अवस्थामा पुर्‍याउन सक्ने भएकाले क्यान्सर लाग्नै नदिन र समयमै जाँच गर्नेतर्फ सबै पक्षले ध्यान दिनुपर्ने हाम्रो निष्कर्ष छ। थेगिनसक्नु बिरामी आएपछि अस्पतालले दैनिक ५० जतिलाई फकाउनुपर्ने बाध्यता छ भने कतिपय बिरामी भर्नाको क्युमा बस्ने गरेका छन्। थिमिको क्षयरोग केन्द्रपरिसरमा बनेको भवन त्यसै खेर गइरहेको छ, तर हामीकहाँ भने आएका बिरामीलाई पनि फर्काउनुपर्ने अवस्था छ। क्षयरोग केन्द्रले बनाएको भवन माग गरिरहेका छौँ। त्यो प्राप्त भए बिरामीको चाप थेग्न सहज हुन्थ्यो, सबैले उपचार पाउने थिए।

## हिमाललाई...

पृष्ठ १ बाट क्रमशः

नाका, रसुवागढी र टिमुरे बजार मात्र बगाएन, रसुवा र नुवाकोटको वेत्रावती तथा नुवाकोटको त्रिशूलीसहितका बजार र धादिङ हुँदै गोरखा र चितवनसम्मका तटीय क्षेत्रमा समेत क्षति पुर्‍यायो ।

हरितगृह ग्यासको बढ्दो उत्सर्जन र तापक्रम वृद्धिका कारण हिउँ-बरफ तीव्र गतिमा पग्लिँदा हिमनदीको आकार घट्नुका साथै हिमतालको संख्या र आकार बढिरहेको र यसले हिमाली क्षेत्रबाट बहने नदीमा बाढीको जोखिम बढाइरहेको विश्लेषण नयाँ होइन । तर, हिमाली क्षेत्रमा हुने जोखिमको आकलन गर्दा हिमचट्टान खस्दा बरफ, चट्टान र पानीसहित विनाशकारी बाढी आउन सक्ने जोखिमलाई राज्य तथा जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत निकायले पर्याप्त रूपमा समेटेको देखिँदैन ।

नेपालमा हिमचट्टान खसेर विनाशकारी बाढी निम्तिएको घटना भोटेकोशीमा मात्र भएको होइन । १४ वर्षअघि २३ वैशाख ०६९ मा पोखराको सेती नदीमा आएको हिमबाढीको शृंखला पनि यस्तै उच्च हिमाली जोखिमको उदाहरण थियो । त्यतिवेला अन्नपूर्ण हिमालको चौथो चुचुरोभन्दा करिब डेढ किलोमिटर दक्षिणमा रहेको दक्षिणी डाँडाको करिब ३२ हजार वर्गमिटर क्षेत्रफलको हिमचट्टान सेती नदीको मुहान (साब्चे सर्क) क्षेत्रमा खस्दा ठुलो बाढी आएको थियो । उक्त घटनामा ७२ जना हताहती (मृत्यु र बेपत्ता) भएका थिए । करिब ६ हजार ८५० मिटरको उचाइबाट चार हजार पाँच सय मिटरआसपाससम्म खसेको हिमपहिरोपछि आएको बाढीले २० भन्दा बढी घर तथा गोठ, दुईवटा मन्दिर, सामुदायिक भवन, पुल र सडक बगाएको थियो । साढे नौ हेक्टर धानखेत बालुवाले पुरिएको थियो । गृह मन्त्रालयको तथ्यांकअनुसार सेती बाढीबाट सार्वजनिक तथा निजी गरी करिब आठ करोड २० लाख रुपैयाँबराबरको धनमाल क्षति भएको थियो ।

यसपटक १० भदौमा समुद्र सतहबाट पाँच हजार दुई सय मिटर उचाइमा रहेको लाङटाङ लिरुङ हिमालबाट करिब १४ करोड २० लाख घनमिटर बरफ र चट्टानको विशाल हिमपहिरो ल्हेन्देमा खसेको थियो । विनाशकारी बाढीले नदीकिनारका बस्ती, पुल र जलविद्युत् आयोजना लगेको छ । घटनाले एक हजार ४५३ मानिसको ज्यान लिइसकेको छ भने पाँच हजार ५५० अझै सम्पर्कविहीन छन् । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रारम्भिक आकलनअनुसार पुनर्निर्माणमा सात खर्ब २३ अर्ब २१ करोड चाहिन्छ ।

सेती हिमबाढीको अध्ययन गरेका भूगर्भविद् श्रीकमल द्विवेदी अहिले भोटेकोशीमा आएको हिमबाढी सेतीको शृंखला मान्न सकिने बताउँछन् । 'यी दुवै हिमसुनामीका प्रकृति एउटै हुन्, ग्लेसियरसहितको चट्टान भत्किएका छन् । फरक भनेको भोटेकोशी बाढीमा हिमचट्टान सिधै खोलामा खसेको देखिन्छ । तर, सेतीमा भने नदीमा नभई भित्तामा ठोक्किएको थियो । जसले गर्दा भोटेकोशीको तुलनामा कम क्षति भयो,' उनी भन्छन् ।

सेती बाढीको घटनाका क्रममा बिहान ९:९ बजे ३.८ म्याग्निच्युडबराबरको भूकम्पीय कम्पन रेकर्ड भएको थियो । भोटेकोशी हिमबाढीमा पनि उच्च हिमाली क्षेत्रमा हिमचट्टान खस्दा १० भदौ बिहान ८:३७ मा कम्पन रेकर्ड भएको छ । ल्हेन्दे क्षेत्रमा हिमचट्टान खस्दा उत्पन्न कम्पनको परिमाण ५.१ म्याग्निच्युड मापन छ ।

भोटेकोशी हिमबाढीको अध्ययन गरिरहेका काठमाडौँ विश्वविद्यालयका सहप्राध्यापक, हिमनदी विशेषज्ञ डा मोहनबहादुर चन्द समुद्र सतहबाट पाँच हजार दुई सय मिटरमाथिबाट तीन हजार आठ सय मिटरमा हिमपहिरो खस्दै बाटोमा रहेको हिउँ र चट्टान सोहोरेर लगेको देखिएको बताउँछन् । '१२ करोड नौ लाख ६० हजार घनमिटर बरफ, हिउँ र चट्टान एक हजार एक सय मिटरको ठाडो दूरीबाट खसेर तल्लो भागको लेदोले हिमनदीलाई कटान गर्‍यो,' चन्दको नेतृत्वमा भएको प्रारम्भिक अध्ययन प्रतिवेदनमा भनिएको छ, 'तल्लो क्षेत्रबाट करिब ६ करोड ७० लाख घनमिटर बरफ ल्हेन्देमा मिसियो । ल्हेन्दे र दोभोनमा जम्मा भएको हिउँ, बरफ र चट्टानले केही मिनेटका लागि नदी थुनेर पछि तीव्र गतिमा बगेको अनुमान छ ।'

पछिल्ला वर्षमा नेपालमा ग्लेसियरसहित हिमचट्टान भत्किएर विनाशकारी बाढी निम्त्याएका यी दुई ठुला घटना हुन् । हिन्दुकुश हिमशृंखलाअन्तर्गत नै भारतको उत्तराखण्डको चमोलीमा सन् २०२१ मा आएको बाढी पनि भोटेकोशी बाढीसँग मिल्न जान्छ ।

हुन त भोटेकोशीमा गत वर्ष २३ असार ०८२ मा मात्र ठुलो बाढी गएको थियो । तर, त्यतिखेर माथिल्लो हिमतालको पानी छचल्किएर तल्लो हिमतालमा मिसिँदा फुटेर ल्हेन्दे खोलामा गएको थियो । र, भोटेकोशीमा बाढी आएको थियो ।

सेती बाढीका वेला आकाशमा उडिरहेका अल्ट्रालाइट पाइलट क्याप्टेन अलेक्जेन्डर म्याक्सिमोभले असामान्य दृश्य देखेपछि पोखरा विमानस्थलको टावरमा खबर गरेका थिए । त्यसपछि सुरक्षा निकाय र एफएम रेडियोमार्फत सूचना प्रवाह भएको थियो । यसपटक भने रसुवागढी क्षेत्रमा सात मिनेटमै बाढी पुगेको थियो । बाढी रसुवागढी पुगेपछि त्रिशूली तटीय क्षेत्रमा माइकिङ र एसएमएस पठाइएको थियो, जुन क्षति कम गराउन पर्याप्त हुन सकेन ।

### हिमाली क्षेत्रमा बदलिँदै छ जोखिमको प्रकृति, तीनथरी जोखिम

हिमाली क्षेत्रमा विशेषगरी तीनथरी जोखिम देखिन्छन् । हिमताल विस्फोट भएर, हिमनदी टुक्रिएर वा हिमचट्टान खसेर बाढी र हिउँ पर्नुपर्ने ठाउँमा पानी परेर ।

३२ साउन ०८१ मा सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका- ५, थामे गाउँमा भीषण बाढी आयो । दुधकोशीको सहायक नदी थामेमा बाढी आउनुको कारण थियो, थाङबो क्षेत्रका सुप्रा ग्लेसियर ताल (हिमनदीको माथिल्लो भागमा बरफ बनेको ताल) फुट्नु । उच्च तापक्रमका कारण हिमनदी र सुप्रा ग्लेसियर तीव्र गतिमा पग्लिँदा बाढी आएको थियो । ठुलो वर्षा भएकै वेला त्यस क्षेत्रमा आएको बाढीले २० घर, होटेल, लज, स्वास्थ्यचौकी र विद्यालयमा क्षति गरेको थियो । खुम्बु क्षेत्रमा मात्र ८२ करोडको क्षति भएको थियो । त्यसअघि १ असार ०७८ मा सिन्धुपाल्चोकको मेलम्ची र इन्द्रावतीमा भीषण बाढी जाँदा मेलम्ची बजार बगाएको थियो भने काठमाडौं उपत्यकामा आपूर्ति हुने मेलम्ची खानेपानी आयोजना क्षतिग्रस्त गरेको थियो । यो बाढीले ५८ अर्ब ६८ करोड क्षति भएको थियो । त्यतिखेर दैनिक तापक्रम तीव्र रूपमा बढ्नुका साथै वर्षा पनि भएपछि हिउँ र हिमनदी पग्लिएर भीमाथाङमा पहिरो खसेको थियो । पहिरो खस्दा मेलम्ची खोला थुनिएर फुटेको थियो ।

महाकालीको बाढीले २ असार ०७० मा दार्चुला सदरमुकाम खलंगाका डेढ सयभन्दा बढी घर बगाएको थियो । बाढीको कारण थियो, महाकाली नदीको माथिल्लो तटीय क्षेत्र (हिमाली क्षेत्र)मा क्लाउड ब्रस्ट हुनु । अत्यधिक वर्षासँगै माथिल्लो क्षेत्रमा पहिरो खसेर खोला थुनिएको थियो भने धौलीगंगा जलविद्युत्को बाँधसमेत भत्किएपछि महाकालीमा भीषण बाढी आएको थियो ।

हिमाली क्षेत्रमा वर्षाका कारण बाढीका घटना पछिल्लोपटक हुम्लामा बढिरहेका छन् । गत वर्ष २ जेठमा हुम्लाको नाम्खा गाउँपालिका- ६, तिलगाउँमा हिमबाढी गएको थियो । हिउँभित्रको ताल पग्लिएर आएको बाढीबाट १८ घरपरिवार विस्थापित भएका थिए । पछिल्लो हिमताल विस्फोटबाट ठुलो बाढी गएको घटना संखुवासभामा वरुण नदी र सिन्धुपाल्चोकको भोटेकोशीमा छ । २१ असार ०७३ मा मितेरी पुलदेखि २० किलोमिटर उत्तर रहेको जाङजाम्बो हिमतालनजिकै रहेको सानो हिमताल फुटेको थियो । जसकारण तातोपानी-बाह्रबिसे सडक भत्काउनुका साथै मध्यभोटेकोशी जलविद्युत् आयोजनामा क्षति गरेको थियो । घर र पसल पनि बगेका थिए । त्यसपछि ७ वैशाख ०७४ मा लाङमाले हिमताल फुट्दा वरुण नदीमा बाढी आएको थियो । बरुण बजारका चार घर भत्किएका थिए । १७ कात्तिक ०८२ दोलखाको रोल्वालिङ हिमशृंखलाअन्तर्गतको यलुङ री हिमालमा हिमपहिरो जाँदा १५ जना हताहती (मृत्यु र बेपत्ता) भएका थिए ।

### हिमाली क्षेत्रमा जोखिम घटाउन के गर्ने ?

● **डा. अरुणभक्त श्रेष्ठ,** जलवायु विशेषज्ञ

जलवायु परिवर्तनका प्रभावका कारण बढेको जोखिमका प्रभाव घटाउँदै हामी बचेर यहाँ जीविकोपार्जन, विकास आदिका क्रियाकलाप गनुपर्छ । जोखिमको अध्ययन गरी सीमांकन गर्ने र सीमांकन क्षेत्रमा भू-उपयोगका योजना बनाएर कार्यान्वयन गर्नुपर्छ । प्रकृतिमा आधारित उपायमा जानुपर्छ ।

जलवायु परिवर्तनका प्रभाव हुन नदिन सकभर उपाय गर्नुपर्छ । हाम्रो क्षेत्रमा तत्काललाई गर्न सक्ने ब्ल्याक कार्बनको न्यूनीकरण हो । ब्ल्याक कार्बन बढ्नुमा स्थानीय र क्षेत्रीय उत्सर्जन पनि एउटा हिस्सा छ । त्यसलाई घटाउन सकियो भने अलिकति राहत मिल्न सक्छ । यसले दीर्घकाललाई काम गर्दैन । यसबाहेक हामले जोखिमयुक्त हिमताल पहिचान गर्ने र पानी घटाउने गर्नुपर्छ । नेपालमा मात्र २१ जोखिमयुक्त हिमताल पहिचान भएका छन् । हानि-नोक्सानीका कुरा हामीले गरेर मात्र हुँदैन, अन्तर्राष्ट्रिय समुदायले नै गर्नुपर्छ ।

हिमालबारे विशेषगरी चीनसँग अलि बढी सहकार्य गर्नुपर्ने देखिन्छ । हिमपात चीनतर्फ छन् त्यही भएर हामीलाई चीनसँग बढी सरोकार छ । हामीले भारतलाई सूचना दिनुपर्छ भने चीनबाट हामीले प्राप्त गर्न सक्नुपर्‍यो ।

### पूर्वाधार र जलविद्युत् आयोजनाका डिजाइनमै जलवायु जोखिम समेट्नुपर्छ

● **प्राडा हरिप्रसाद पण्डित,** जलविद्युत् पूर्वाधारविज्ञ

बाढीपहिरोलाई सामान्य प्राकृतिक घटनाका रूपमा मात्रै हेरेर अब जलविद्युत् तथा अन्य पूर्वाधार निर्माण गर्न सकिँदैन । जलविद्युत् आयोजना मात्र नभई नदी करिडोरमा निर्माण हुने सडक, पुल, सिँचाइ तथा अन्य संरचनामा पनि यस्तै जोखिमलाई ध्यान दिनुपर्छ ।

जलविद्युत् आयोजना निर्माणमा 'क्लाइमेट रेजिलिएन्ट हाइड्रोपावर डिजाइन'लाई अनिवार्य विषयका रूपमा समेट्नुपर्छ । जलवायु र तापक्रम वृद्धिका विषय सम्बोधन गर्दै के-के हुन सकिन्छ भनेर समेट्नुपर्छ । विशेषगरी जलविद्युत आयोजनाका हाइड्रोलिक संरचना, सिँचाइका संरचना तथा पुलमा समान रूपमा जोखिमअनुकूल डिजाइन आवश्यक छ । नेपालका ठुला नदीमा सामान्यभन्दा ठुलो बाढी आउँदा पनि पुल टिक्ने गरी डिजाइन हुनुपर्छ । साना र ठुला पुलका लागि एउटै रिटर्न पिरियडको मापदण्ड प्रयोग हुने गरेको छ, यसमा पुनर्विचार आवश्यक छ । परियोजनाको संरचना सुरक्षित बनाउने र विपत्पछि सकेसम्म छिटो सञ्चालनमा ल्याउन सकिने उपाय डिजाइनमै समेटिनुपर्छ ।

अहिलेका घटना हामीले विगतमा परिकल्पना गरेकाभन्दा फरक प्रकृतिका हुन् । विगतमा सामान्य पहिरो, त्यसबाट नदी थुनिने र पछि ठुलो बाढी हुने अवस्थाबारे बढी चर्चा हुने गरेको थियो । तर, यसपटकको घटना त्यसभन्दा जटिल भएको छ ।

सामान्य सावधानी र डिजाइनमै गरिने सानो अतिरिक्त लगानीले ठुलो क्षति रोक्न सकिन्छ । यो घटनालाई सिकाइका रूपमा लिएर गाइडलाइन, डिजाइनमा संशोधन गर्ने र त्यसपछि माथि क्याचमेन्टमा हुन सक्ने खालका कतिपय ठाउँमा सुधार हुन्छन् । नेपालका नदी प्रणालीमा पहिरो, ड्याम र आउटबर्स्ट बाढीको जोखिम भएका धेरै क्षेत्र छन् । त्यसैले भोटेकोशीको घटना कुनै एक परियोजना वा एक नदीको मात्र समस्या होइन । मैले डिजाइन गाइडलाइनसम्बन्धी काम गर्दा सिन्धुपाल्चोकको भोटेकोशीको एउटा आयोजनाको घटनाबाट पनि महत्त्वपूर्ण पाठ सिकेको छु । त्यहाँको घटनामा अलिकति मात्रै प्रिकसन लिन सकेको भएदेखि त्यो लेभलको फ्लडले ड्यामेज गर्दैनथ्यो ।

जलविद्युत् आयोजनाको आम्दानी संरचना नै सञ्चालनमा आधारित हुने भएकाले संरचना क्षति भएपछि मात्र होइन, उत्पादन क्षमतामा आउने गिरावटलाई पनि आर्थिक क्षतिको रूपमा हेर्नुपर्छ । सुनकोशीमा आएको बाढीमा धेरै पुल क्षतिग्रस्त भए, ती डिजाइन कमजोरीसँग जोडिन्छन् । त्यत्तिको बाढीमा पुल जानु हुँदैनथ्यो । ठुला नदीमा ठुलो बाढी आउँदा पनि थेग्ने खालका पुल बनाउनुपर्छ ।

(जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने जोखिमलाई सम्बोधन गर्ने गरी हाइड्रोपावर डिजाइन गाइडलाइन निर्माणसम्बन्धी अनुसन्धानमा संलग्न छन्)

### हिमाली क्षेत्रमा टाढैबाट नदी निगरानी गर्न सकिन्छ

● **दीनानाथ भण्डारी,** विपत् जोखिम न्यूनीकरणका अनुसन्धानकर्ता

अहिलेसम्मको पूर्वसूचना प्रणाली नदीमा स्टाफ गेज राख्ने, पानीको सतह नाप्ने र निश्चित तहमा पुगेपछि सतर्क गराउने परम्परागत प्रणालीमा आधारित छ । त्यो बिस्तारै बग्ने सम्मुख खोलामा बढी उपयुक्त हो ।

यो प्रणाली हिमाली तथा तीव्र गतिमा बग्ने नदीका लागि पर्याप्त छैन । प्रविधिको विकाससँगै नदी, पहिरो र हिमाली क्षेत्रमा हुने जोखिमको निगरानी तथा पूर्वसूचनाको प्रणालीलाई पनि नयाँ ढंगले विकास गर्नुपर्छ । पछिल्ला वर्षमा सर्भेलेन्स क्यामेरा, दूरसञ्चार र रिमोट मोनिटरिङ प्रविधि विकास भएका छन् । टेलिकम्युनिकेसनले रियल टाइममा कहीँ पनि बसेर हेर्न सकिन्छ । हिमाली क्षेत्रमा सुरक्षित स्थानमा निगरानी उपकरण राखेर टाढैबाट हिमनदी वा जुनसुकैको अवस्था हेर्न सकिन्छ ।

स्याटेलाइट प्रविधिको चर्चा हुन्छ । एउटैमा भर पर्नुहुँदैन । जमिनमा राखिने उपकरण र अन्य प्रविधिलाई मिश्रण गरेर प्रभावकारी निगरानी प्रणाली बनाउन सकिन्छ । नेपालजस्तो देशमा हरेक हिमखण्ड, हरेक दरार र हिमनदीको प्रत्येक भाग निरन्तर निगरानी गर्न सम्भव नभए पनि मानवबस्तीभन्दा धेरै माथि निगरानी प्रणाली स्थापना गर्न सकिन्छ । देशको क्षमताले हरेक हिउँको पाटो, त्यो दरार अथवा हिमनदीको हरेक खण्ड हामीले अनुगमन गर्न सक्दैनौँ । तर, जोखिमको सम्भावित क्षेत्रमा बस्तीभन्दा माथि क्यामेरा र भाइब्रेसन सेन्सर राखेर स्वचालित निगरानी गर्न सकिन्छ । त्योभन्दा केही तल, मानवबस्तीभन्दा धेरै माथि सर्भेलेन्स क्यामरा, भाइब्रेसन सेन्सरहरू राखेर त्यसलाई अटोमेटाइज गर्न सकिन्छ । अहिले प्रविधिहरू एकदमै पावरफुल आएका छन् ।

**एसएमएस मात्रै होइन, सेल ब्रोडकास्टिङ र साइरन आवश्यक**

फेसबुक वा सामान्य एसएमएस पठाएर मात्रै विपत्को सूचना प्रभावकारी रूपमा पुर्‍याउन सकिँदैन । उन्नत प्रविधि लागू गर्नुपर्‍यो । मोबाइलमा 'सेल ब्रोडकास्टिङ' प्रणाली प्रयोग गर्न सकिन्छ, जसले सामान्य एसएमएसभन्दा फरक ढंगले प्रयोगकर्ताको ध्यान तान्छ ।

सेल ब्रोडकास्टिङ भनेको सूचना सिधै मोबाइल स्क्रिनमा आउँछ, ब्यालेन्स नभएको फोनमा पनि आउँछ । यस्तो प्रणालीमा आवाज र भाइब्रेसनसहितको अलार्म आउने भएकाले मानिसले बेवास्ता गर्न सक्दैनन् । यसमा पिकुलियर साउन्डसहितको अलार्म आउँछ, भाइब्रेसन आउँछ । अनि तपाईंको फोन सेट अन छ भने ब्यालेन्स नभए पनि स्क्रिनमै देखिने गरेर मेसेज आउँछ । त्यो नेपालीमा पनि लेख्न सकिन्छ, अंग्रेजीमा पनि लेख्न सकिन्छ । विदेशी नागरिकलाई समेत सूचना पुर्‍याउन रोमिङ आवश्यक नपर्ने गरी प्रणाली विकास गर्न सकिन्छ ।

**बाढीको आवाज र कम्पन पनि पूर्वसूचनाको आधार बन्न सक्छ**

भोटेकोशी बाढीले नदी, पहिरो र जमिनको कम्पनलाई समेत पूर्वसूचना प्रणालीमा जोड्न सकिने सम्भावना देखाएको छ । लाङटाङमा हिमपहिरो गएपछि ठुलो भाइब्रेसन आयो, जसलाई अब सर्फेस भाइब्रेसन, भूकम्पजस्तो ठानेर रेकर्ड गर्‍यो । ठुलो पहिरो जाँदा वा नदीमा असामान्य घटना हुँदा जमिनमा ठुलो कम्पन उत्पन्न हुने भएकाले त्यसलाई छुट्टै संकेतका रूपमा प्रयोग गर्न सकिन्छ ।

मानिसले आवाजलाई सामान्य रूपमा सीमित श्रेणीमा मात्रै बुझ्न सक्ने भए पनि कम्प्युटरले आवाज र कम्पनलाई धेरै तहमा विश्लेषण गर्न सक्छ । हाम्रो आवाजलाई उसले कति धेरै, उसमा चर्को, मसिनो सबै स्केलिङ गर्न सक्छ । त्यस्तै, अहिले सामान्य तवरले नदी बग्दाखेरि हुने र ठुलो बाढी आउँदा हुने फरक पर्छ । त्यसैले भाइब्रेसन, अडियो र भिजुअल प्रणालीलाई एकीकृत गरेर जमिनमै आधारित पूर्वसूचना प्रणाली विकास गर्नुपर्छ ।

(समुदायकेन्द्रित जलवायु परिवर्तन अनुकूलन, बाढीपहिरोका लागि पूर्वसूचना प्रणाली विकासको अनुसन्धानमा सक्रिय)

# दुई महिनासम्म कार्यान्वयनमा गएन टीकापुरको बजेट

## नगर प्रमुख र उपप्रमुखविहीन टीकापुरमा कार्यवाहक नगर प्रमुखबारे कार्यपालिकामा विवाद छ

धनगढीमा **तेजराज भट्ट**

चालू आर्थिक वर्ष सुरु भएको दुई महिनाभन्दा बढी समय बित्दा कैलालीको टीकापुर नगरपालिकाको बजेट तथा कार्यक्रम कार्यान्वयनमा जान सकेको छैन । कार्यवाहक नगर प्रमुख तोक्ने विवादले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट कार्यान्वयनको अख्तियारी नै गएको छैन । जसले गर्दा चालू वर्षका कुनै पनि योजना र कार्यक्रम कार्यान्वयनमा गएका छैनन् ।

कार्यरत कर्मचारीको गत साउनदेखिको तलब रोकिएको छ । नगरपालिकाले औषधिलगायत अत्यावश्यक वस्तु खरिद गर्न पाएको छैन । खरिद गर्न नपाएपछि नगरपालिकामातहतका स्वास्थ्य संस्थामा औषधि अभाव देखिन थालेको छ । यो पालिकामा नगर प्रमुख र उपप्रमुख दुवै छैनन् । कार्यवाहक नगर प्रमुख तोक्ने विषयमा कार्यपालिका सदस्यबिचको विवादले बजेटको अख्तियारी रोकिएको हो ।

तत्कालीन नगर प्रमुख रामलाल डगौरा थारू गत वर्ष ५ माघमा पदबाट राजीनामा दिएर कैलाली क्षेत्र नम्बर १ मा नेकपाबाट प्रतिनिधि सदस्यको उम्मेदवार बनेका थिए । चुनावमा उनी पराजित भए । टीकापुर नगर विकास समितिको जग्गा अनियमितताको मुद्दा परेपछि उपप्रमुख खडकबहादुर शाह त्यसअघि नै निलम्बित थिए । जग्गा अनियमितताको काण्डमा अख्तियारले उपप्रमुख शाहसहितको नाममा विशेष अदालतमा दायर गरेको मुद्दा विचाराधीन छ ।

प्रमुख प्रशासकीय अधिकृत ममता बास्तोलाले बजेट कार्यान्वयनको अख्तियारी अहिलेसम्म नपाएको बताएकी छिन् । बजेट कार्यान्वयनमा नजाँदा नगरपालिकाको दैनिक प्रशासनिक कामबाहेक योजना कार्यान्वयन, खरिदलगायत सबै काम रोकिएको उनले बताइन् । प्रमुख प्रशासकीय अधिकृत बास्तोलाका अनुसार कर्मचारीको तलब, भत्ता, सामाजिक सुरक्षा भत्ता सबै भुक्तानी रोकिएका छन् । नगर सभाबाट पारित आर्थिक ऐनका आधारमा राजस्व संकलनको काम भने भइरहेको छ । अहिलेसम्म बजेट कार्यान्वयनमा नगएकाले यस वर्ष योजनाहरू सम्पन्न गर्न गाह्रो हुने कर्मचारीले बताएका छन् ।

पालिकाहरूमा अहिले योजना कार्यान्वयनका लागि टेन्डर भएर सम्झौताको प्रक्रिया हुनुपर्ने हो । चालू आर्थिक वर्षको दुई महिनासम्म योजना कार्यान्वयनमा जान नसक्दा कतिपय योजना यस वर्ष सम्पन्न गर्न समस्या हुन सक्ने प्रमुख प्रशासकीय अधिकृत बास्तोलाले बताइन् । 'बजेटको अख्तियारी नभएकाले खरिद गर्न नसक्दा कतिपय स्वास्थ्य संस्थामा औषधिको अभाव देखिएको छ,' उनले भनिन्, 'तलब, भत्ता, सामाजिक सुरक्षा भत्ता कुनै पनि भुक्तानी भएको छैन ।' अख्तियारी दिने राजनीतिक विषय भएकाले यसबारे राजनीतिक तहमै सोध्न उनले भनिन् ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ७३ मा सभाबाट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्चको अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । ऐनमा भएको व्यवस्थाअनुसार अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडासचिवलाई कार्यक्रम र बजेटसहित खर्च गर्ने अख्तियारी दिनुपर्छ । प्रमुख वा अध्यक्ष नभएको अवस्थामा अख्तियारी दिने अधिकार कार्यवाहकको हुन्छ ।

टीकापुर नगरपालिकाको कार्यपालिकाको बहुमतको बैठकले छुट्टाछुट्टै समयमा दुईजनालाई कार्यवाहक नगर प्रमुखको जिम्मेवारी दिएको छ । कार्यवाहक नगर प्रमुख तोक्ने विषयको विवादको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ ।

नगर प्रमुखले राजीनामा दिएको र उपप्रमुख निलम्बित रहेको अवस्थामा कार्यपालिकाका बहुमत सदस्यको बैठकले गत ९ फागुनमा कार्यपालिका सदस्य रामबहादुर नगार्जीलाई कार्यवाहक नगर प्रमुख चयन गरेको थियो । तर, उनले काम गर्न नसकेको आरोप लगाउँदै १७ मध्ये १० जना कार्यपालिका सदस्यले गत १४ जेठमा वडा नम्बर ६ का अध्यक्ष बलिराम चौधरीलाई कार्यवाहक नगर प्रमुख तोक्ने निर्णय गरेको थियो ।

कार्यवाहक नगर प्रमुख चयनको विवादले नगर सभा आयोजनामा सहमति जुटेन । विवादका बिच बहुमत सदस्य सहभागी नगर सभाले गत १७ असारमा नगरको एक अर्ब तीन करोडको बजेट तथा कार्यक्रम पारित गरेको थियो । ज्येष्ठ सदस्य जयराम थारूको अध्यक्षतामा बसेको नगर सभामा वडा नम्बर ७ का अध्यक्ष यज्ञप्रसाद न्यौपानेले बजेट तथा नीति कार्यक्रम प्रस्तुत गरेका थिए । आफू सहभागी नभएको नगर सभाको बजेटको अख्तियारी नगार्जीले दिएनन् ।

## तामझामविनै...

पृष्ठ १ बाट क्रमशः

गुटेरेससँग भेटवार्ता गरेका थिए । शुक्रबार बिहान महासभाको प्रतीक्षा कक्षमा बसेका वेला प्रधानमन्त्री शाहको अस्ट्रेलियाका प्रधानमन्त्री एन्थनी एल्बानिजसँग जम्काभेट र संक्षिप्त कुराकानी भएको थियो ।

प्रधानमन्त्री शाहले शुक्रबार बिहान महासभालाई सम्बोधन गरेका थिए । सम्बोधनमा उनले जलवायु न्यायको मुद्दा उठाएका थिए । प्रधानमन्त्रीले १० भदौमा भोटेकोशीमा आएको विनाशकारी बाढीलाई जलवायु संकटको गम्भीर प्रभाव तथा विश्वका लागि चेतावनीका रूपमा प्रस्तुत गरेका थिए । साथै, उनले उक्त विपत्बाट भएको जनधनको क्षति, भौतिक पूर्वाधार तथा जनजीविकामा परेको असरबारे विश्वसमुदायको ध्यानाकर्षण गराएका थिए ।

प्रधानमन्त्रीसँगको भेटमा राष्ट्रसंघ महासचिव गुटेरेसले भोटेकोशी विपत्मा भएको जनधनको क्षतिप्रति गहिरो समवेदना व्यक्त गरेका थिए । उनले जलवायु मुद्दामा संयुक्त राष्ट्रसंघ नेपालसँग ऐक्यबद्ध रहेको उल्लेख गरेका थिए । प्रधानमन्त्री शाहले नेपालप्रतिको सद्भावका लागि महासचिव गुटेरेसलाई धन्यवाद दिएका थिए ।

भेटमा नदीकिनारका बासिन्दाको पुनर्वास र हरित पुनर्निर्माणका विषयमा समेत छलफल भएको थियो । साथै, अतिकम विकसित राष्ट्र (एलडिसी) सूचीबाट नेपालको स्तरोन्नतिको समयसीमा थपका लागि समर्थनका विषयमा पनि कुराकानी भएको निमित्त परराष्ट्रसचिव गणेशप्रसाद ढकालले जानकारी दिएका छन् ।

## उच्चस्तरीय बैठकमा परराष्ट्रमन्त्री सहभागी

महासभाका क्रममा आयोजना हुने अतिकम विकसित मुलुकहरू, भूपरिवेष्टित विकासोन्मुख मुलुकहरू, असंलग्न मुलुकहरू, जी ७७ र चीनलगायत मन्त्रीस्तरीय बैठकमा परराष्ट्रमन्त्री शिशिर खनाल सहभागी भएका छन् । खनाल मंगलबार स्वदेश फर्किने कार्यक्रम छ । खनालले संयुक्त राष्ट्रसंघले आयोजना गरेका अन्य उच्चस्तरीय छलफल तथा कार्यक्रममा पनि सम्बोधन गरेका छन् । खनालले न्युयोर्कमा नेपाली डायस्पोराका सदस्यहरूसँग अन्तर्क्रिया गरेका छन् । त्यसैबिच, परराष्ट्रमन्त्री खनाल चीनद्वारा संयुक्त राष्ट्रसंघको मुख्यालयमा आयोजित 'ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई)'सम्बन्धी उच्चस्तरीय बैठकमा शनिबार सहभागी भए । उनले सन् २०३० सम्म दिगो विकास लक्ष्य (एसडिजी) हासिल गर्न बाँकी अवधिलाई तीव्र कार्यान्वयनको समयका रूपमा उपयोग गर्नुपर्ने बताएका छन् ।

## कांग्रेस महाधिवेशनमा...

पृष्ठ १ बाट क्रमशः

कटुवालले शनिबार विज्ञप्ति जारी गर्दै निर्देशिकामा तोकिएको शुल्कबाहेक कुनै पनि अतिरिक्त रकम लिन नपाइने स्पष्ट पारेका छन्। अतिरिक्त रकम लिइसकेको भए सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नसमेत समितिले निर्देशन दिएको छ ।

निर्देशिकाअनुसार गाउँपालिका तथा नगरपालिका वडा कार्यसमितिको सभापति पदका लागि एक हजार रुपैयाँ निर्वाचन शुल्क तोकिएको छ । उपसभापति, सचिव र सहसचिव पदका लागि सात सय तथा सदस्य र क्षेत्रीय प्रतिनिधिका लागि पाँच सय रुपैयाँ शुल्क निर्धारण गरिएको छ ।

गाउँपालिका कार्यसमितिको सभापति पदका लागि पाँच हजार, उपसभापति र सचिवका लागि दुई हजार, सहसचिवका लागि एक हजार पाँच सय तथा सदस्यका लागि हजार रुपैयाँ शुल्क तोकिएको छ । नगरपालिकाको सभापतिका लागि पाँच हजार, उपसभापति र सचिवका लागि तीन हजार, सहसचिवका लागि २ हजार तथा सदस्यका लागि हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ ।

महानगरपालिका तथा उपमहानगरपालिका कार्यसमितिको सभापति पदका लागि सात हजार, उपसभापति र सचिवका लागि चार हजार, सहसचिवका लागि तीन हजार तथा सदस्यका लागि दुई हजार रुपैयाँ शुल्क तोकिएको छ ।

त्यस्तै, प्रदेश सभा क्षेत्रीय कार्यसमितिको सभापति पदका लागि सात हजार, उपसभापति र सचिवका लागि चार हजार, सहसचिवका लागि तीन हजार तथा सदस्यका लागि दुई हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ । प्रदेश अधिवेशन प्रतिनिधिका लागि पाँच हजार रुपैयाँ निर्वाचन शुल्क तोकिएको छ ।

प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापतिका लागि १० हजार, उपसभापति र सचिवका लागि पाँच हजार, सहसचिवका लागि चार हजार तथा सदस्यका लागि दुई हजार रुपैयाँ शुल्क तोकिएको छ । केन्द्रीय महाधिवेशन प्रतिनिधिका लागि सात हजार तथा केन्द्रीय महासमिति सदस्यका लागि पाँच हजार रुपैयाँ शुल्क निर्धारण गरिएको समितिले जनाएको छ ।

जिल्ला कार्यसमितिको सभापतिका लागि १५ हजार, उपसभापति र सचिवका लागि सात हजार, सहसचिवका लागि ६ हजार तथा सदस्यका लागि तीन हजार रुपैयाँ शुल्क तोकिएको छ ।

प्रदेश कार्यसमितिको सभापतिका लागि २० हजार, उपसभापति र महामन्त्रीका लागि १५ हजार, सहमहामन्त्रीका लागि १० हजार तथा सदस्यका लागि पाँच हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ ।

केन्द्रीय कार्यसमितिको सभापति पदका लागि ४० हजार, उपसभापति र महामन्त्रीका लागि ३० हजार, सहमहामन्त्रीका लागि २० हजार तथा केन्द्रीय सदस्यका लागि ११ हजार रुपैयाँ निर्वाचन शुल्क तोकिएको छ ।

समितिले निर्वाचन निर्देशिकामा तोकिएको शुल्कको अनिवार्य पालना गर्न सम्बन्धित निर्वाचन अधिकारी तथा सबै तहका सरोकारवालालाई निर्देशन दिएको छ । साथै, निर्देशिकामा उल्लेख नभएको कुनै पनि अतिरिक्त शुल्क नलिनसमेत समितिले स्पष्ट पारेको छ ।

## १६५ शय्याको...

पृष्ठ १ बाट क्रमशः

आउनेको संख्या पनि थपिँदै गएपछि उपचारमा समस्या पर्दै गएको भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेले बताए ।

'पहिलेभन्दा अहिले क्यान्सरका बिरामी बढेका छन्, एकातर्फ क्यान्सर रोग लाग्नेको संख्या बढेको छ, अर्कातर्फ रोग पत्ता लगाउन उपचारमा पुग्नेको संख्या बढेको छ,' निर्देशक डा. चालिसेले भने, 'क्यान्सरको उपचार हुने सीमित अस्पताल मात्रै हुँदा भक्तपुरमा बिरामीको संख्या बढेको हो । यो रोगले परिवार मात्रै होइन, देश नै आर्थिक रूपमा थला पर्ने अवस्थामा पुर्‍याउन सक्ने भएकाले क्यान्सर लाग्नै नदिन र समयमै जाँच गर्नेतर्फ सबै पक्षले ध्यान दिनुपर्ने हाम्रो निष्कर्ष छ ।' थेगिनसक्नु बिरामी आएपछि अस्पतालले दैनिक ५० जतिलाई फकाउनुपर्ने बाध्यता रहेको भन्दै चालिसेले कतिपय बिरामी भर्नाको क्युमा बस्ने गरेको बताए । यहाँ दैनिक १०-१२ जना क्यान्सरका बिरामीको शल्यक्रिया हुन्छ ।

अस्पतालको वार्षिक तथ्यांक हेर्दा क्यान्सरका बिरामी बढेका देखिन्छन् । गत आर्थिक वर्षमा ०८२/८३ मा एक लाख दुई हजार ५४८ बिरामी ओपिडीमा आएका थिए । सोही अवधिमा किमोथेरापी गराउन १२ हजार ८१७ बिरामी आएका थिए । अघिल्लो वर्ष ०८१/८२ मा एक लाख १५३ बिरामी ओपिडीमा आएकामा किमोथेरापीका लागि आठ हजार बिरामी आएका थिए । त्यस्तै, ०८०/८१ मा ओपिडीमा ९५ हजार ५०४ र किमोथेरापीका लागि ६ हजार ३०२ बिरामी आएका थिए । ०७९/८० मा भने ओपिडीमा ८२ हजार ९२४ बिरामी आएकामा पाँच हजार तीन सयले किमोथेरापी सेवा लिएका थिए । यसरी चार वर्षको तथ्यांक हेर्दा हरेक वर्ष बिरामी बढेको देखिन्छ ।

भक्तपुर क्यान्सर अस्पतालमा दैनिक एक सय बिरामीको किमोथेरापी हुन्छ । वार्षिक आठ हजारले रेडियोथेरापी सेवा लिने गरेको अस्पतालका मेडिकल रेकर्डर प्रेम सुजखुले बताए । त्यस्तै, कतिपय बिरामी अन्य अस्पतालबाट रिफर भएर यहाँ आउने गर्छन् ।

तर, अस्पतालको संरचना बिरामीको चाप थेग्न असमर्थ छ । अस्पतालको साँघुरो संरचना विस्तार गर्नका लागि चाँगुनारायण नगरपालिकाले ४५ रोपनी जग्गा दिने प्रतिबद्धता जनाए पनि उक्त स्थानमा संरचना बनाउन स्रोतसाधन नभएको निर्देशक चालिसेको भनाइ छ ।

### पेट स्क्यान र एमआरआई छैन, बिरामीहरू निजी ल्याबमा जान बाध्य

क्यान्सरको उपचारका लागि विशिष्टीकृत मानिएको यो अस्पतालमा अत्यावश्यक पेट स्क्यान र एमआरआई मेसिन नै छैन । यहाँ क्यान्सरको उपचार गराइरहेका बिरामीहरू यी सेवाका लागि निजी ल्याबमा जान बाध्य छन् । निजी ल्याबमा यो जाँच महँगो पर्ने बिरामीहरूको गुनासो छ ।

### उपचारका लागि भारत जाने बिरामीको संख्या बढ्दो

स्वास्थ्य मन्त्रालय, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, विश्व स्वास्थ्य संगठन, नेपाललगायत केही निजी संस्थाहरूले ०७९ मा गरेको अध्ययनमा एक लाखमा क्यान्सर पहिचान भएको थियो । तर, उक्त तथ्यांकमा नसमेटिएका बिरामी पनि थुप्रै हुन सक्ने विज्ञहरूले आकलन गरेका छन् ।

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा. चालिसेले नेपालमा उपचार गराइरहेकाभन्दा ठुलो संख्यामा क्यान्सरका बिरामी भारत जाने गरेको बताए । 'अहिले नेपालमा उपचार गराइरहेका बिरामी जति छन्, त्योभन्दा बढी बिरामी भारतका विभिन्न अस्पतालहरूमा पुगेका छन्, सबै बिरामीलाई हामीले थेग्न सक्ने अवस्था पनि छैन,' उनले भने, 'यो देशमा क्यान्सर भयावह बनेको एउटा चित्र हो ।'

नसर्ने रोगले विकराल रूप लिँदै गएपछि स्वास्थ्य मन्त्रालयले ०८१ देखि विभिन्न खालका परीक्षण गरेर नसर्ने रोगको अवस्था पहिचान गर्न थालेको थियो । जसअनुसार फागुन महिनालाई क्यान्सरलगायत 'नसर्ने रोगको पहिचान गर्ने महिना'का रूपमा मनाउने घोषणा नै गरेर अभियान थालेको थियो ।

### भक्तपुरमै छातीरोग अस्पतालका लागि बनाएको भवन प्रयोगविहीन, क्यान्सर अस्पताललाई दिन अनुरोध

बिरामीको चाप बढ्दै जाँदा भक्तपुर क्यान्सर अस्पतालले सेवा विस्तारको योजना त बनाएको छ, तर ठाउँ अभावका लागि शय्या थप्न चुनौती छ । 'यति जटिल रोगको उपचार गर्ने अस्पतालमा बिरामीको चाप बढ्नु चानचुने होइन, किनभने क्यान्सर घातक रोग हो, यो रोगको उपचार गर्न आउने बिरामीलाई दुःख दिनुहुँदैन, किनभने उनीहरू आफैँ अप्ठ्यारो रोगसँग जुधिरहेका हुन्छन्,' निर्देशक डा. चालिसेले भने, 'तर, हामीसँग सीमित स्रोतसाधन र जनशक्ति भएकाले भ्याएसम्मको सेवा दिने गरेका छौँ ।'

क्यान्सर अस्पतालमा बिरामीको चाप बढ्दा पनि संरचना अभाव भइरहेका वेला भक्तपुरकै मध्यपुर थिमिस्थित क्षयरोग केन्द्रपरिसरमा छातीरोगको उपचारका लागि निर्माण गरिएको संरचना भने दुई वर्षदेखि प्रयोगविहीन छ । क्षयरोग अस्पतालले उपचार सेवा विस्तार गर्ने योजनासहित उक्त छातीरोगको उपचार गर्ने भवन निर्माण गरिएको थियो । तर, भवन प्रयोगविहीन भएपछि क्यान्सर अस्पतालले उक्त संरचना मागेको छ । उक्त संरचना दिए क्यान्सर अस्पतालको शय्या तीन सयसम्म पुर्‍याउन सकिने बताए ।

'थिमिको क्षयरोग केन्द्रपरिसरमा बनेको भवन त्यसै खेर गइरहेको छ, तर हामीकहाँ भने आएका बिरामीलाई पनि फर्काउनुपर्ने अवस्था छ,' डा. चालिसेले भने, 'क्षयरोग केन्द्रले बनाएको भवन माग गरिरहेका छौँ । त्यो प्राप्त भए बिरामीको चाप थेग्न सहज हुन्थ्यो, सबैले उपचार पाउने थिए ।'

### सरोकारवालासँग छलफल

अस्पतालले पछिल्लो समय अस्पतालमा क्यान्सरका बिरामी बढेको भन्दै सरोकारवालाहरूलाई बोलाएर छलफल गरिरहेको छ । अझ क्यान्सरका महँगो औषधि नपाउने अवस्थाले अस्पताललाई तनावसमेत थप्ने गरेको छ । केही समयअघि अस्पतालले सरोकारवालासँग छलफलसमेत गरेर सहजीकरणका लागि माग गरेको थियो । सो छलफलमा सांसद रुकेश रञ्जित, डा. आनन्दबहादुर चन्द, प्रमिला कुलुङ, चाँगुनारायण नगरपालिकाका मेयर जीवन खत्रीलगायत थिए । उनीहरूले अस्पताललाई स्रोतसाधनयुक्त बनाउनुपर्नेमा जोड दिए । अस्पताल विकास समिति बोर्ड सदस्य संगीता फुयाँलले बिरामी फर्काउने अवस्थाबाट मुक्त हुनका लागि अस्पतालको शय्या विस्तारमा ध्यान दिनुपर्ने बताइन् । 'अस्पतालमा बेडसंख्या सीमित छ, बेड चाहियो भनेर दैनिक जनप्रतिनिधिसहित विभिन्न व्यक्तिले फोन गर्नुहुन्छ,' उनले भनिन्, 'बिरामीको चाप र मागअनुसार अस्पतालको भौतिक पूर्वाधार विस्तार अविलम्ब गर्नुपर्छ ।'

भक्तपुर १ का सांसद रुकेश रञ्जितले क्यान्सरको उपचार हुने अस्पताललाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताए । 'यो अस्पताललाई सुविधायुक्त बनाउनुपर्छ, अस्पताल स्वतन्त्र हुनुपर्छ र यसको संस्थागत विकास र सेवा चुस्त पार्नुपर्छ,' उनले भने, 'गम्भीर रोगको उपचार हुने अस्पतालमा राजनीतिक द्वेष थुपारेर आरोप-पत्यारोप गर्नुहुँदैन, समस्या समाधानतर्फ लाग्नुपर्छ ।'

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले चाँगुनारायण नगरपालिकाले जग्गा दिने भने पनि सरकारी जग्गा प्राप्ति प्रक्रिया झन्झटिलो हुने भएकाले सबै मिलेर समाधान गर्नुपर्ने बताए । 'जग्गा प्राप्तिको प्रक्रिया लामो र झन्झटिलो छ, स्थानीय तहको कार्यपालिकाको निर्णयदेखि जग्गाको स्वामित्व, नापी तथा मालपोत कार्यालयको पत्र, स्थलगत अध्ययनलगायत कागजात चाहिन्छ,' उनले भने, 'त्यसकारण जग्गा अस्पतालको नाममा ल्याउने प्रक्रियामा सबैले चासोका साथ समन्वय गर्नुपर्छ ।'

# कोशी र नारायणी नदीको तटीय क्षेत्र डुबानमा

## सप्तरीमा करिब पाँच सय घर डुबानमा, बाढीबाट सुस्तामा तीन सय, गैंडाकोटमा १४० विस्थापित, गुल्मीमा साढे दुई सयलाई सुरक्षित स्थानमा सारियो

राजविराजमा **सौरभ यादव**
लहानमा **मणिलाल विश्वकर्मा**
नवलपरासीमा **रामकुमार श्रेष्ठ**
सल्यानमा **दीपक शर्मा**, रुपन्देहीमा **विष्णु घिमिरे**

तीन दिनदेखिको अविरल वर्षापछि सप्तकोशी र नारायणी नदीमा आएको बाढीले तटीय क्षेत्रमा रहेका बस्ती डुबानमा परेका छन् । सप्तरीमा पाँच सय घर डुबानमा परेका छन् । नवलपरासी पश्चिमको सुस्तास्थित थारू बस्तीमा बाढी पसेको छ । प्रहरीले प्रभावितलाई सुरक्षित स्थानमा सारेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका पाँच सयभन्दा बढी घर डुबानमा परेका हुन् । शुक्रबार कोशीनदीमा आएको बाढीले घर तथा बस्तीमा ठुलो क्षति पुर्‍याएको हनुमाननगर कंकालिनी नगरपालिका-६ की कुमारी सदाले बताइन् । 'घरनजिकैको बारीबाट पसेको बाढीले राति नै घरभित्रै चार फिटसम्म पानी जम्दा परिवार विचल्लीमा परेको छ । ज्यान जोगाउन साना बालबच्चा च्यापेर राति नै कोशीको बाँधको सडकमा आइपुग्यौं । त्रिपाल टाँगेर दिन बिताइरहेकी छु ।'

हनुमाननगर कंकालिनी-७ का सिबू सदाको परिवार अहिले कोशीनदीको बाँध किनारमा त्रिपाल टाँगेर खुला आकाशमुनि दिन बिताउन बाध्य छ । शुक्रबार राति अचानक आएको कोशीको बाढी घरमा पस्दा घरभित्रका खाद्यान्नलगायत सम्पूर्ण सामग्री जोगाउन नसकिएको उनले बताए । 'प्रत्येक वर्ष यस्तै समस्या छ, हामी कहाँ जाऔं, एक धुर जग्गा छैन, सुकुमवासी छौं । प्रत्येक वर्ष बाढी आउँछ र घरमा पस्छ,' उनले भने, 'बाढीको पानी घटेपछि फेरि त्यहीं गएर आफ्नो जिन्दगी काट्ने हो ।'

कोशी पश्चिमी तटबन्धभित्रका बस्तीमा शुक्रबार साँझदेखि पसेको बाढीले चार सयभन्दा बढी घर डुबानमा परेको हनुमाननगर कंकालिनी नगरपालिकाका मेयर वीरेन्द्र माझीले जानकारी दिए । कोशीमा शुक्रबारदेखि पानीको बहाव तीव्र रूपमा बढिरहेको छ । नगरपालिका वडा नम्बर ५, ७, १२ र १३ का गरी चार सय घर डुबानमा परेको उनले बताए । 'बस्तीमा चारदेखि पाँच फिटसम्म पानी जमेका कारण घरमा बस्न सक्ने अवस्था छैन,' उनले भने ।

तिलाठी कोइलाडी गाउँपालिका-४ र ५ मा कोशीनदीको पानी बस्तीमा पस्दा १७ घरपरिवार प्रभावित भएका छन् । प्रभावित परिवारमध्ये चारजना सुत्केरी महिला रहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका विपत् व्यवस्थापन अधिकृत राजेशकुमार झाका अनुसार घरमा पानी पसेपछि सुत्केरी महिलासहित प्रभावित परिवारलाई सुरक्षित स्थानका राखिएको छ ।

### नवलपरासी पश्चिममा साढे तीन सयजनालाई होल्डिङ सेन्टरमा राखियो

नारायणी नदीमा आएको बाढीका कारण नवलपुर र पश्चिम नवलपरासीका नारायणी नदीकिनारआसपासका बस्ती डुबानमा परेका छन् । प्रहरीका अनुसार नवलपुरको गैंडाकोट नगरपालिकाको बोटेटोल, कावासोती- १७ अमलटारी र पश्चिम नवलपरासीको सुस्ता गाउँपालिकाको सुस्ता



नवलपरासी पश्चिमको सुस्तास्थित थारू बस्तीमा बाढी पसेपछि बालिकालाई उद्धार गर्दै सुरक्षाकर्मी ।

डुबानमा परेका छन् । यो क्षेत्र शनिबार बिहानैदेखि डुबानमा परेको हो । नारायणी नदीमा पानीको सतह खतराको तहमा पुगेसँगै डुबान सुरु भएको थियो । नारायणी नदीको बाढीले नवलपुरका गैंडाकोट नगरपालिका- २ बोटे टोलका १८ घरका १४० जना विस्थापित भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक युवराज खड्काका अनुसार डुबानमा परी विस्थापित भएका १४० जनालाई सुरक्षाकर्मीको टोलीले उद्धार गरी सुरक्षित स्थानान्तरण गरिएको छ । नदीको बाढी बस्ती पस्ने जोखिम बढेपछि स्थानीयलाई सुरक्षाकर्मीले महत्त्वपूर्ण सामग्रीसहित सुरक्षित स्थानमा सारेका छन् । त्यसैगरी, नवलपुरको कावासोती- १७ अमलटारी पनि डुबानमा परेको छ । नारायणी नदीकिनारमा रहेका केही होटेल र घर डुबानमा परेपछि प्रहरीले स्थानीयको सहयोगमा उनीहरूलाई सुरक्षित स्थानमा सारेको हो । नवलपरासी पश्चिमको सुस्तामा डुवान तथा जोखिममा रहेका करिब साढे तीन सयजनालाई विपत् व्यवस्थापन भवनको आवास भवनमा सुरक्षित स्थानान्तरण गरिएको छ । जिल्ला प्रशासन कार्यालय पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालका अनुसार सुस्ताको थारू टोलामा रहेका सबै बासिन्दा, पशु-चौपाया, लत्ताकपडा, खाद्यान्नसहित स्थानान्तरण गरिएको हो । बस्तीमा रहेका करिब चार सयजनामध्ये केही आफन्तको घर गएका र बाँकी तीन सयजनालाई विपत् व्यवस्थापन समितिको आवास हलमा राखिएको छ ।

सुस्ता गाउँपालिका अध्यक्ष टेकनारायण उपाध्यायका अनुसार विस्थापित भएर सुरक्षित स्थानमा स्थानान्तरण गरिएकालाई नारायणी नदीपारि राहत पुर्‍याउन कठिन भएको छ । 'सुस्तामा पुग्ने एक मात्र झोलुंगे पुल बाढीले मानिस पैदल हिँड्नबाहेक मिल्ने अवस्था नभएकाले राहत पुर्‍याउन सकिएन । उनीहरूलाई वारि ल्याउन खोजेको मानेनन्,' उनले भने । उपाध्यायका अनुसार केही महिनाअघि भारतीय पक्षले बाँध लगाउन रोक लगाएको क्षेत्रबाट नारायणी नदीको बाढी सुस्ता पसेको हो । सुस्ताको केही अग्लो भागमा बनाइएको विपत् व्यवस्थापनको भवनमा विस्थापितलाई राखिएको छ ।

नारायणी नदीको चितवनमा रहेको देवघाट जलमापन केन्द्र र नवलपुरको त्रिवेणीमा रहेको गण्डक ब्यारेजको जलमापन केन्द्र दुवै स्थानमा नारायणी नदीमा पानीको सतह खतरा तह पुगेको देखाएको छ । आइतबारसम्म भारी वर्षाको सम्भावना रहेकाले नारायणी नदीमा अझै पानीको सतह बढेर जाने देखिएको छ । नारायणी नदीमा पूर्वमा काठमाडौं, धादिङ, गोरखा, चितवनलगायत क्षेत्रमा परेको पानी त्रिशूली नदी हुँदै र पश्चिममा पर्वत, स्याङ्जा, पाल्पा, तनहुँ र नवलपुरको कालीगण्डकी नदी हुँदै आएको पानी मिसिने गर्छ । त्यसका अलावा मनाङ, मुस्ताङ, रसुवा, कास्कीलगायत क्षेत्रको पानी पनि नारायणी नदीमै मिसिने गर्छ । नवलपुर र तनहुँ जोड्ने कालीगण्डकी नदीमा रहेको मोटरेबल पुलको पहुँचमार्ग बाढीले बगाएको छ ।

### पहिरोले सल्यान प्रवेश गर्ने तीन मुख्य सडक अवरुद्ध

लगातारको वर्षापछि गएको पहिरोका कारण सल्यान प्रवेश गर्ने तीनवटा मुख्य सडक अवरुद्ध भएका छन् । राप्ती राजमार्ग, लुहाम-कालिमाटी सडक र खलंगा-बालुवा-सुर्खेत सडक पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ । प्रहरीका अनुसार राप्ती राजमार्गअन्तर्गत श्रीनगर-कपुरकोट सडकखण्डको कपुरकोट गाउँपालिका-५ स्थित खारखोला, सल्यान-सुर्खेत सडकखण्डअन्तर्गत बनगाड कुपिन्डे नगरपालिका-८ स्थित च्याले तथा लुहाम-कालिमाटी सडकखण्डअन्तर्गत त्रिवेणी गाउँपालिका-३ स्थित ढुंगेबगरमा पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध छ ।

### गुल्मीको चन्द्रकोटमा पहिरोले बस्ती नै जोखिममा

गुल्मीको चन्द्रकोटमा पहिरोका कारण बस्ती जोखिम भएपछि करिब ४० घरका २५० जनालाई सुरक्षित स्थानमा सारिएको छ । प्रदेश प्रहरी कार्यालय लुम्बिनीका प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीका अनुसार चन्द्रकोट-३ भुल्केस्थित बार्जिंग सल्यार सामुदायिक वन माथिबाट पहिरोका कारण सल्लाको रुखहरू बगेकाले ४०-४५ घर बस्ती जोखिममा परेपछि २५० जनालाई सुरक्षित स्थानमा सारिएको हो । उनीहरूलाई उदय माविको छात्रावास तथा आफन्तकोमा बस्ने व्यवस्था मिलाइएको छ । त्यस्तै, अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-७ भुजुंगेबाट ३० घरधुरीका बासिन्दालाई बहुउद्देश्यीय सामुदायिक भवनमा राखिएको जिप्रका अर्घाखाँचीका प्रहरी नायव उपरीक्षक दिवश जिसीले बताए । तिनाउ नदीमा जलसतह बढेपछि तटीय क्षेत्रका ३९ जनालाई शुक्रबार नै सुरक्षित स्थानमा सारिएको छ । इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायव उपरीक्षक निशान्त श्रीवास्तवले आठ परिवारका ३९ जनालाई कान्ति माध्यमिक विद्यालयमा सारिएको बताए । बुटवलमा तिनाउ पुलमुनिको बस्तीसहित तिनाउ तटीय क्षेत्रका विभिन्न स्थानका बस्ती जोखिमपूर्ण छन् ।

### सिराहामा हावाहुरीसहितको वर्षाले उखुखेतीमा क्षति

पछिल्लो दुई दिन परेको वर्षा र हावाहुरीले सिराहामा उखुखेतीमा क्षति पुगेको छ । सिरहाको नरहा गाउँपालिका-१ देवीपुर तिलासी गाउँका किसान रामखेलाउन यादवले आफूले लगाएको एक बिघा एक कठ्ठा उखु वर्षा र हावाहुरीले ढलेर क्षति भएको बताए । मलखाद, बिउ, खनजोत र मजदुर गरी उखुखेती गर्न प्रतिकठ्ठा करिब आठ हजार रुपैयाँ खर्च हुन्छ,' उनले भने, 'उखु हुर्किसकेका वेला ढलेपछि आर्थिक रूपमा मर्का परेको छ ।'

गोलबजार नगरपालिका-५ की शकुन्तला यादवको अवस्था पनि उस्तै छ । भाडामा लिएको चार बिघा जग्गामा एक दशकभन्दा बढी समयदेखि खेतीपाती गर्दै आएकी उनले यसपल्ट डेढ बिघामा उखुखेती गरेको सुनाइन् । 'हावाहुरीसँगै परेको वर्षाले उखु खेतमै ढलेको छ,' उनले भनिन्, 'अब उखुको लगानीसमेत उठाउन गाह्रो भएकाले ठुलो आर्थिक संकटको जोखिम छ ।'

खेतीपातीका लागि भाडामा लिइएको जग्गाको वार्षिक एक लाख रुपैयाँ भाडा तिर्दै आएको सुनाउँदै उनले भनिन्, 'जग्गाको भाडासँगै मल, बिउ, सिँचाइ र मजदुरीमा ठुलो रकम खर्च भयो, तर ढलेको उखुले लगानी पनि उठ्दैन ।' आफ्नै बलबुतामा खेती गर्नुपर्ने बाध्यता रहेका किसानको खेतीपातीमा लागत मूल्य बढे पनि प्रकोपले लागतसमेत उठाउन नसक्दा आर्थिक समस्या पर्ने भएकाले स्थानीय सरकारले हेर्नुपर्ने उनले माग गरिन् ।

नरहा-१ तिलासीकी बबिताकुमारी यादवले पनि यसपल्ट रोपेको १५ कठ्ठासहित डेढ बिघा उखु ढलेर क्षति भएको सुनाइन् । डेढ बिघा जग्गामा रोपेको उखुको लगानी नै दुई लाख ४० हजार रुपैयाँ भएको उनको भनाइ छ । 'करिब चार महिनापछि काट्न तयार हुने उखु ढलेपछि तौल नै नहुने भएकाले लगानी डुब्ने निश्चित छ,' उनले भनिन् । वर्षा र हावाहुरीका कारण आफूले गरेको १७ कठ्ठा उखुखेतीमा क्षति पुगेको तिलासी गाउँका रामबुझाउन यादवले बताए । मौसमको साथ र वेलामा मलखाद तथा सिँचाइ हुँदा प्रतिकठ्ठा ३० क्विन्टलसम्म उत्पादन हुने उखु ढलेपछि आधा जति घट्ने हुँदा लगानी उठाउनसमेत समस्या हुने उनले बताए । जिल्लाका विभिन्न ठाउँमा गरी तीन हजार पाँच सय ७५ हेक्टर क्षेत्रफलमा उखुखेती हुँदै आएको कृषि ज्ञान केन्द्र सिरहाले जनाएको छ । ज्ञान केन्द्रका अनुसार उक्त क्षेत्रफलमा हरेक वर्ष करिब दुई लाख मेट्रिक टन उखु उत्पादन हुँदै आएको छ ।

---

संक्षेप

### घरदैलोमै पुगेर स्क्रब टाइफस परीक्षण र उपचार

**सल्यान**/ सल्यानमा स्क्रब टाइफस महामारीका रूपमा फैलिन थालेपछि स्वास्थ्यकर्मीहरू गाउँ-गाउँ र घरदैलोमै पुगेर स्वास्थ्य परीक्षण तथा उपचारमा जुटेका छन् । दार्मा गाउँपालिका, बागचौर नगरपालिकालगायत क्षेत्रमा संक्रमण बढ्दै गएपछि यसको रोकथाम, परीक्षण र उपचारका लागि द्रुत प्रतिक्रिया टोली परिचालन गरिएको हो । स्वास्थ्य सेवा कार्यालय सल्यानका अनुसार दार्मा गाउँपालिकामा मात्र हालसम्म स्क्रब टाइफसका कारण सातजनाको मृत्यु भइसकेको छ । एक सयभन्दा बढी स्थानीय संक्रमित भएका छन् । समुदायमा रोगको पहिचान, उपचार, परामर्श तथा आवश्यक बिरामीलाई थप उपचार गर्न चिकित्सक, प्रयोगशालाकर्मी र स्वास्थ्यकर्मी सम्मिलित द्रुत प्रतिक्रिया टोली प्रभावित बस्तीमा पुगेको स्वास्थ्य सेवा कार्यालय सल्यानका जनस्वास्थ्य अधिकृत ताराप्रसाद रिजालले बताए ।

### चोरीको सुन किन्ने दुई सुनचाँदी व्यवसायी पक्राउ

**रामेछाप**/ चोरीका सुनचाँदी खरिद गरेको अभियोगमा प्रहरीले दुईजना व्यवसायीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सदरमुकाम मन्थलीस्थित दीपलक्ष्मी सुनचाँदी पसलका सञ्चालक डिलबहादुर रसाइली र सुविना सुनचाँदी पसलकी सञ्चालिका निशा विश्वकर्मा छन् । उनीहरूले अस्मिता श्रेष्ठ माझीको कानमा लगाएको सुन मैया कार्कीले चोरी गरी पसलमा बिक्री गरेको भन्ने बयान प्रहरीमा दिएका आधारमा दुईवटा सुन पसलमा छापा मार्दा ४२.२ ग्राम सुनसमेत बरामद गरेपछि प्रहरीले पसल सञ्चालकलाई शुक्रबार पक्राउ गरेको हो । पक्राउ परेका दुवै व्यवसायीलाई रामेछाप जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी हिरासतमा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी कमल राउतले बताए ।

### हेटौंडामा मोटरसाइकल र ट्यांकर ठोक्किँदा दुई घाइते

**मकवानपुर**/ हेटौंडा उपमहानगरपालिका- ४, नारायणी महलनजिक पूर्व-पश्चिम महेन्द्र राजमार्गमा शनिबार मोटरसाइकल र ट्यांकर ठोक्किँदा दुईजना घाइते भएका छन् । घाइतेमध्ये एकजनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार दिउँसो करिब २:२० बजे कर्राबाट हेटौंडा बजारतर्फ आउँदै गरेको बा ६१ प २२६० नम्बरको मोटरसाइकल दुर्घटनामा परेको हो । प्रहरीका अनुसार दुर्घटनामा परेको मोटरसाइकलले अगाडि सोही दिशातर्फ गइरहेको अर्को मोटरसाइकललाई ओभरटेक गरी अघि बढ्ने क्रममा विपरीत दिशाबाट आइरहेको ना७ख ५२३२ नम्बरको खाली ट्यांकरसँग ठोक्किएको थियो । दुर्घटनामा मोटरसाइकलचालक हेटौंडा उपमहानगरपालिका वडा नमुना ११ नवलपुरका करिब २५/३० वर्षीय रोहित बिडारी र पछाडि सवार सोही स्थानको शान्तिचोकका २३ वर्षीय कबिन सरकार घाइते भएका छन् ।

### मुगुको खत्याडमा घरमा आगलागी

**मुगु**/ मुगुको खत्याड गाउँपालिका- २, सेरी गाउँमा आगलागी हुँदा एक घर पूर्ण रूपमा जलेर नष्ट भएको छ । आगलागीबाट घरभित्र रहेका अन्नपात, लत्ताकपडालगायत सम्पूर्ण धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मुगुका प्रमुख प्रहरी नायब उपरीक्षक रविराज थपलियाका अनुसार शनिबार बिहान करिब १२:१५ बजे स्थानीय ६१ वर्षीय शिवचन्द्र बुढा र धनबहादुर बुढा दाजुभाइको जोडिएको घरको भान्साबाट अचानक आगो सल्किएको थियो । ढुंगा-माटोले बनेको र टिनले छाएको तीनतले घरमा लागेका आगो प्रहरी र स्थानीयवासीको संयुक्त प्रयासमा शनिबार बिहान करिब ९ बजे आगो पूर्ण रूपमा नियन्त्रणमा आएको डिएसपी थपलियाले बताए ।

---

# २३ वर्षपछि हेटौंडामा मासु जाँच ऐन कार्यान्वयन हुँदै

## आगामी १ माघदेखि तोकिएको वधशालामै पशु वध गर्नुपर्ने

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडामा आगामी १ माघदेखि 'पशु वधशाला र मासु जाँच ऐन, २०५५' कार्यान्वयनमा ल्याइने भएको छ । उपभोक्तालाई स्वच्छ तथा गुणस्तरीय मासु उपलब्ध गराउने, अव्यवस्थित पशुवध नियन्त्रण गर्ने र वधशालालाई व्यवस्थित बनाउने उद्देश्यले ऐन कार्यान्वयनको तयारी गरिएको हो ।

पशु सेवा कार्यालय मकवानपुरले आगामी १ माघदेखि ऐन कार्यान्वयनमा ल्याउने तयारीबारे जानकारी गराएको हो । संघीय सरकारले ऐनलाई चरणबद्ध रूपमा कार्यान्वयन गर्ने निर्णय गरेसँगै हेटौंडामा पनि लामो समयदेखि रोकिएको व्यवस्था लागू गर्न लागिएको कार्यालयले जनाएको छ । कार्यालय मकवानपुरका प्रमुख डा. रामप्रकाश प्रधानका अनुसार ऐन कार्यान्वयनमा आएपछि तोकिएको वधशालामा मात्रै पशु वध गर्न पाइनेछ । पशु वध गर्नुअघि स्वास्थ्य परीक्षण गर्नुपर्ने र वधपछि बिक्रीका लागि तयार मासुको अनिवार्य जाँच गर्नुपर्ने व्यवस्था लागू हुनेछ ।




'आउँदो माघ १ देखि हेटौंडामा पशु वधशाला तथा मासु जाँच ऐन कार्यान्वयनमा ल्याउने तयारी गरेका छौं । ऐन लागू भएपछि तोकिएको वधशालामा मात्रै पशु वध गर्न पाइनेछ,' उनले भने । कानुनले पशु वध गर्नुअघि पशुको परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । पशु वधशाला स्थापना भएको क्षेत्रमा वधशालामै र वधशाला नभएको क्षेत्रमा मासु सुपरीवेक्षकले तोकेको स्थानमा पशुको जाँच गर्नुपर्ने कानुनी व्यवस्था रहेको प्रमुख प्रधानले बताए ।

हेटौंडामा यो व्यवस्था नयाँ भने होइन । १ वैशाख ०६० देखि नै हेटौंडामा मासु जाँच ऐन लागू गर्ने सूचना राजपत्रमा प्रकाशित भएको थियो । तर, व्यवसायी र वधशालासँग सम्बन्धित पक्षबिचको असहमति तथा विरोधका कारण व्यवहारमा कार्यान्वयन हुन सकेको थिएन । तत्कालीन सरकारले हेटौंडाको पूर्वमा चौघडा, पश्चिममा नवलपुर, दक्षिणमा पशुपतिनगरको पल्लो छेउ र उत्तरमा चौकीटोलसम्मको चारकिल्ला तोकेर ऐन लागू भएको सूचना प्रकाशित गरेको थियो ।

---

### टाइम फर्मास्युटिकल्सबाट उत्पादित 'ग्लिपिड १' गुणस्तरहीन

**काठमाडौं**/ औषधि व्यवस्था विभागले टाइम फर्मास्युटिकल्सद्वारा उत्पादित औषधिको गुणस्तरीयता नभएको भन्दै सेवन नगर्न अनुरोध गरेको छ । टाइम फर्मास्युटिकल्सले उत्पादन गरेको मधुमेह (सुगर) को ग्लिपिड १ औषधि न्यून गुणस्तरको फेला परेको हो । सरकारीदेखि निजी फार्मेसीमा पाइने सो औषधि बजारबाट तुरुन्तै फिर्ता (रिकल) गर्न विभागले निर्देशन पनि दिएको छ । 'औषधिको गुणस्तरीयता अत्यन्तै न्यून छ, प्रयोग गर्न मिल्दैन, उक्त कम्पनीले रिटेस्ट गर्ने भनिरहेको छ, गुणस्तरीयता कसरी कम भयो भन्नेमा थप अध्ययन गरिरहेका छौं,' विभागका महानिर्देशक भरत भट्टराईले भने, 'स्टोरेज गर्दा विधि नपुगेको पनि हुन सक्छ वा उत्पादन गर्दा ल्याब्रोटरीको समस्या हुन सक्छ, उक्त औषधि रिकल गर्न निर्देशन दिइसकेका छौं, एउटा ब्याचको औषधि रिकल गर्न कम्पनीलाई समस्या पनि नहोला ।'

विभागले एक साताअघि अनुगमन गर्दा ब्याच नं. ०७० ग्लिपिड १ को औषधि गुणस्तरहीन भएको भेटिएको थियो । विभागले १ असोजमै पत्र लेख्दै सो औषधि बजारबाट फिर्ता गर्न कम्पनीलाई निर्देशन दिएको थियो । तर, कम्पनीले भने औषधिमा खोट नभएको दाबी गरेको छ । कम्पनीका फ्याक्ट्री अपरेसन डाइरेक्टर अशेष भण्डारीले उक्त औषधिको गुणस्तरीयतामा लापरबाही नभएको दाबी गरे । 'औषधि व्यवस्थाबाट उक्त औषधि रिकल गर्न पत्र आएको छ, सोहीअनुसार बजारमा गएको औषधि फिर्ता ल्याउने प्रक्रिया अघि बढिसकेको छ,' उनले भने ।

---

# कांग्रेस क्षेत्रीय अधिवेशन सुरु, १३ असोजसम्म सक्नुपर्ने

## १५औं महाधिवेशन व्यवस्थापन गर्न १५ समिति गठन, देउवा समूह पनि छुट्टै महाधिवेशनको तयारीमा

**प्रेम गौतम**/नयाँ पत्रिका

कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत संघीय निर्वाचन क्षेत्र र प्रदेश निर्वाचन क्षेत्रमा क्षेत्रीय अधिवेशन सुरु भएको छ । निर्वाचन समितिका अनुसार अधिकांश क्षेत्रमा शनिबार अधिवेशन सुरु भएको हो । शनिबार एकैदिन गर्ने भनिएको क्षेत्रीय अधिवेशन वर्षाका कारण मंगलबारको समय दिइएको छ । निर्वाचन समितिका अनुसार विशेषगरी पहाडी जिल्लाका अत्यधिक वर्षा भएका र बाटो अवरुद्ध बनेका निर्वाचन क्षेत्रमा शनिबार अधिवेशन हुन सकेको छैन ।

तोकिएको समयमा क्षेत्रीय अधिवेशन सम्पन्न हुने निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले बताए । 'प्रदेश सभा क्षेत्रीय अधिवेशन/प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन मनाङ, मुस्ताङ र बैतडी जिल्लामा सम्पन्न भइसकेको छ । संखुवासभा, धनकुटा, उदयपुर, चितवन, ललितपुर, कपिलवस्तु, रुकुमपूर्व, रोल्पा, रुकुम-पश्चिम, जुम्ला, डोटी, दार्चुला, डडेल्धुरा र कञ्चनपुरमा उद्घाटन सत्रको सुरुवात भई निर्वाचन प्रक्रिया अघि बढेको छ,' कटुवालले भने ।

संघीय निर्वाचन क्षेत्रीय अधिवेशनबाट संघीय निर्वाचन क्षेत्रीय कार्यसमिति, संघीय महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य चयन हुनेछन् । पालिका सभापति र प्रदेश सभा निर्वाचन क्षेत्रका क्षेत्रीय सभापति भने संघीय निर्वाचन क्षेत्रीय कार्यसमिति र प्रदेश सभा निर्वाचन क्षेत्रीय कार्यसमितिका पदेन सदस्य र स्वतः महाधिवेशन प्रतिनिधि हुनेछन् । कांग्रेस विधानअनुसार पदेन सदस्यलाई मतदान गर्ने अधिकार भए पनि उम्मेदवार बन्ने अधिकार भने हुँदैन ।



प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमा सभापति र सचिव एक-एकजना निर्वाचित हुनेछन् भने सहसचिवमा एक महिलासहित दुईजना र कोषाध्यक्षमा सभापतिले मनोनयन गरेका एकजना रहने व्यवस्था छ । यस समितिमा उपसभापतिको व्यवस्था गरिएको छैन ।

कार्यसमिति सदस्यमा १८ जना निर्वाचित हुने निर्वाचन निर्देशिकामा उल्लेख छ । १८ जनामध्ये दुवै प्रदेश सभा क्षेत्रबाट एक महिला र दुई खुलासहित तीन-तीनजनाका दरले क्षेत्र 'क' र 'ख'बाट कुल ६ जना निर्वाचित हुनेछन् । खुलातर्फबाट एक महिलासहित चारजना, युवामध्येबाट एक महिलासहित दुईजना, जनसंख्याका आधारमा समानुपातिकतर्फबाट ६ जना निर्वाचित हुनेछन् भने अन्य ६ जनालाई क्षेत्रीय कार्यसमिति सदस्यमा मनोनयन गर्न सकिने व्यवस्था छ ।

### केन्द्रीय निर्देशन समिति संयोजकमा गगन थापा

कांग्रेसले १५औं महाधिवेशन व्यवस्थापनका लागि केन्द्रीय निर्देशन समितिसहित विभिन्न १५ समिति गठन गरेको छ । निवर्तमान सभापति शेरबहादुर देउवा समूह छाडेर सानेपा गएका नेतालाई पनि समितिमा समेटिएको छ । महाधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्न केन्द्रीय निर्देशन समिति र विभिन्न समिति गठन गरिएको प्रवक्ता देवराज चालिसेले बताए । 'विभिन्न समितिसँग समन्वय र सहजीकरण गर्न, महाधिवेशन प्रक्रियालाई व्यवस्थित गर्न, महाधिवेशनको व्यवस्थापनसँग सम्बन्धित विषयमा तत्काल कुनै निर्णय गर्नुपरेमा त्यसको संयोजन गर्ने तथा सबै समितिले कार्य विवरणअनुसार ठिक ढंगले काम भए-नभएको सुनिश्चित गरी महाधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि १५औं महाधिवेशन केन्द्रीय निर्देशन समिति र विभिन्न समिति गठन गरिएका हुन्,' चालिसेले भने ।

सभापति गगन थापाको संयोजकत्वमा गठित निर्देशन समितिको सदस्यमा उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसाल, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे, कोषाध्यक्ष उमेश श्रेष्ठ छन् । यस्तै, केन्द्रीय सदस्यहरू महालक्ष्मी उपाध्याय डिना, अर्जुनप्रसाद जोशी, मीनबहादुर विश्वकर्मा, राजेन्द्रकुमार केसी, सुवासकुमार पोखेल, सपना राजभण्डारी छन् । सभापति थापाका प्रमुख राजनीतिक सल्लाहकार प्रताप पौडेल सदस्यसचिव छन् ।

### शशांकले भने- नयाँ जोसका साथ जाँदै छौं



कांग्रेस निवर्तमान सभापति शेरबहादुर देउवा समूह पनि १५औं महाधिवेशको तयारीमा जुटेको छ । सर्वोच्च अदालतमा आधिकारिकता विवाद विचाराधीन अवस्थामा रहेकाले देउवा समूहले पनि कांग्रेसकै ब्यानरमा १५औं महाधिवेशन गर्दै छ । देउवा समूहका नेता डा. शशांक कोइरालाले आफूहरूले गर्न लागेको महाधिवेशनले भविष्यको बाटो देखाउने दाबी गरे ।

१५औं महाधिवेशनको तयारीबारे जानकारी दिन सम्पर्क कार्यालय चुनदेवीमा आयोजित कार्यक्रममा कोइरालाले आफूहरू सबैलाई साथमा लिएर हिँड्न चाहेको बताए । 'यो हाम्रो लागि एउटा परीक्षाको समय पनि हो । अधिवेशनले भविष्यको बाटो देखाउँछ । त्यसैले, यो अधिवेशन अत्यन्त महत्त्वपूर्ण हो । यसलाई अत्यन्त गम्भीरतापूर्वक सोचेर हामी बढेका छौं,' उनले भने, 'कांग्रेस भनेको एउटा बलियो विचार भएको पार्टी हो, पुरानो पार्टी हो । पुरानो तर त्यसमा नयाँ जोसका साथ हामी जाँदै छौं । एकताले नै शक्ति दिन्छ अगाडि बढ्नका लागि ।'

महाधिवेशनका लागि आगामी १५ असोजसम्म क्रियाशील सदस्यता लिन सकिने नेता प्रकाशशरण महतले बताए । उनका अनुसार नवीकरण भएका र नयाँ क्रियाशील सदस्यको सूची अनलाइनमार्फत जिल्ला हुँदै वडासम्म पठाइनेछ । छुटेका व्यक्तिले १५ असोजसम्म क्रियाशील सदस्यता प्राप्त गर्न सक्नेछन् । '१५औं महाधिवेशन आउँदो २१, २२ र २३ मंसिरमा गर्दै छौं । त्यसअघि १५ असोजबाट वडा अधिवेशन सुरु हुन्छ,' उनले भने ।

# बजारमा मूल्य, गुणस्तर र आपूर्तिको अग्निपरीक्षा

## चाडपर्वमा माग बढेको नाममा अस्वाभाविक मूल्यवृद्धि, मिलेमतो, सामान लुकाउने वा कृत्रिम अभाव सिर्जना गर्ने गतिविधि निन्दनीय छ



● माधव तिमल्सिना

अग्रलेख

नेपालमा चाडपर्व केवल धार्मिक तथा सांस्कृतिक उत्सव होइनन्, परिवार, समाज र अर्थतन्त्रलाई जोड्ने महत्त्वपूर्ण अवसर पनि हुन् । दसैं, तिहार, छठजस्ता पर्व नजिकिँदै जाँदा बजारमा उपभोग बढ्छ, कारोबार विस्तार हुन्छ र दैनिक उपभोग्य वस्तुको माग तीव्र हुन्छ । यही समय राज्यको बजार व्यवस्थापन क्षमता, व्यवसायीको जिम्मेवारी र उपभोक्ताको अधिकार संरक्षणको वास्तविक परीक्षा हुने गर्छ ।

चाडपर्वको बजारमा उपभोक्ताले चार कुरा सुनिश्चित भएको देख्न चाहन्छन्- सहज आपूर्ति, उचित मूल्य, गुणस्तरीय वस्तु र सही नापतौल । यीमध्ये कुनै एउटा पक्ष कमजोर भयो भने त्यसको प्रत्यक्ष भार उपभोक्तामाथि पर्छ । त्यसैले, आगामी चाडपर्वलाई लक्षित गरी सरकारले बजारलाई केवल व्यापारिक गतिविधिको क्षेत्रका रूपमा नभई उपभोक्ताको मौलिक अधिकारसँग जोडिएको संवेदनशील विषयका रूपमा हेर्न आवश्यक छ । नेपालको संविधानले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यसैले, चाडपर्वका वेला गुणस्तरहीन वस्तु बिक्री हुनु, कम तौल दिनु, अनुचित मूल्य असुल्नु वा अत्यावश्यक वस्तुको कृत्रिम अभाव सिर्जना हुनु सामान्य बजार समस्या मात्र होइन, उपभोक्ताको अधिकारसँग प्रत्यक्ष जोडिएको विषय पनि हो ।

यसको समाधान चाडपर्व सुरु भएपछि गरिने केही दिनको अनुगमनबाट मात्र सम्भव हुँदैन । बजारमा समस्या आउनुअघि नै सम्भावित जोखिम पहिचान गरेर आपूर्ति, मूल्य, गुणस्तर र नापतौलको निगरानी सुरु गर्नुपर्छ । कुन वस्तुको माग बढ्दै छ, कहाँबाट आपूर्ति हुन्छ, कुन मार्ग अवरुद्ध हुँदा बजार प्रभावित हुन सक्छ र कुन वस्तुको मौज्दात पर्याप्त छ भन्ने तथ्यांक सरकारसँग अद्यावधिक हुनुपर्छ । अहिले प्राकृतिक विपत्ति, बाढी, पहिरो र सडक अवरोधले आपूर्ति प्रणालीलाई चुनौती दिइरहेको अवस्था छ । यस्तो अवस्थामा सरकारको जिम्मेवारी अझ बढ्छ । कुनै प्रमुख सडक बन्द भयो भन्दैमा अत्यावश्यक वस्तुको आपूर्ति रोकिन दिनुहुँदैन । वैकल्पिक मार्ग पहिचान गर्ने, ढुवानीलाई प्राथमिकता दिने र अत्यावश्यक वस्तु बजारसम्म पुर्‍याउने तत्कालीन योजना तयार हुनुपर्छ ।

सडक अवरोधले ढुवानी लागत बढाउन सक्छ, तर यही कारण देखाएर अनियन्त्रित मूल्यवृद्धि गर्न मिल्दैन । वास्तविक लागत कति बढ्यो र त्यसको नाममा उपभोक्ताबाट कति अतिरिक्त रकम असुल भइरहेको छ भन्ने विषय पारदर्शी हुनुपर्छ । सडक अवरोध प्राकृतिक कारण हुन सक्छ, त्यसलाई बहाना बनाएर कृत्रिम अभाव र अनुचित मूल्यवृद्धि गर्नु भने स्वीकार्य हुन सक्दैन । चाडपर्वमा चामल, दाल, तेल, चिनी, नुन, ग्यास, दुध, तरकारी, फलफूल, मासु, औषधिलगायत अत्यावश्यक वस्तुको माग बढ्छ । यी वस्तुको आपूर्ति अवरुद्ध हुँदा त्यसको असर घरपरिवारको दैनिक जीवनमै पर्छ । त्यसैले, अत्यावश्यक वस्तु पर्याप्त मौज्दात राख्ने, वितरण प्रणाली चुस्त बनाउने र समस्या देखिनासाथ वैकल्पिक आपूर्ति परिचालन गर्ने व्यवस्था हुनुपर्छ । सरकारले गोदाममा सामान छ भनेर मात्र दाबी गरेर पुग्दैन । उपभोक्ताले आफ्नो नजिकको बजारमा उचित मूल्यमा त्यो वस्तु पाएको छ कि छैन भन्ने नै वास्तविक मापदण्ड हो । बजारमा वस्तु देखिनु र उपभोक्ताको पहुँचमा हुनु फरक हो ।

मूल्यको विषयमा पनि यही स्पष्टता आवश्यक छ । चाडपर्वमा माग बढ्नु स्वाभाविक हो र त्यसले मूल्यमा केही उतारचढाव ल्याउन सक्छ । तर, माग बढेको नाममा अस्वाभाविक मूल्यवृद्धि, मिलेमतो, सामान लुकाउने वा कृत्रिम अभाव सिर्जना गर्ने गतिविधि नियन्त्रण गर्नुपर्छ । मूल्य अनुगमन गर्दा खुद्रा पसलको मूल्य मात्र हेरेर पुग्दैन । उत्पादक वा आयातकर्ताबाट सुरु भएको वस्तु थोक हुँदै खुद्रा बजारसम्म पुग्दा प्रत्येक तहमा मूल्य कति थपियो भन्ने अध्ययन आवश्यक छ । लागत र बिक्री मूल्यबिच अस्वाभाविक अन्तर देखिएमा त्यसको कारण खोजिनुपर्छ । मूल्य निर्धारण प्रक्रियामा पारदर्शिता भए उपभोक्ता र व्यवसायी दुवैप्रति विश्वास बढ्छ । चाडपर्वमा गुणस्तरको जोखिम झनै बढ्छ । मिठाई, दुध तथा दुग्धजन्य पदार्थ, तेल, घिउ, मसला, पेयपदार्थ, मासु, फलफूल र तरकारीजस्ता वस्तुको उपभोग बढ्ने भएकाले गुणस्तरमा विशेष निगरानी आवश्यक हुन्छ । आकर्षक प्याकेट र विज्ञापनभन्दा उत्पादनको वास्तविक गुणस्तर महत्त्वपूर्ण हो ।

उत्पादन मिति, म्याद समाप्त हुने मिति, मूल्य, परिमाण, उत्पादकको विवरण र आवश्यक लेबल स्पष्ट नभएका वस्तु बजारमा बिक्री हुन दिनुहुँदैन । शंकास्पद खाद्यवस्तुको नमुना संकलन गरी समयमै परीक्षण गर्ने र जोखिम देखिए तत्काल बजारबाट हटाउने व्यवस्था प्रभावकारी हुनुपर्छ । जनस्वास्थ्यसँग जोडिएका वस्तुको गुणस्तरमा सम्झौता गर्न हुँदैन । त्यसैगरी, नापतौलमा हुने सानो अनियमितता पनि उपभोक्ताका लागि प्रत्यक्ष आर्थिक ठगी हो । एक किलो भनेर कम तौल दिनु, तरल पदार्थमा कम परिमाण राख्नु वा बिग्रिएको तराजु प्रयोग गर्नु सामान्य गल्ती होइन । उपभोक्ताले मूल्यअनुसार पूरा परिमाण पाउनुपर्छ ।

चाडपर्वका वेला खाद्यान्न, मासु, मिठाई, फलफूल, तरकारी, तेललगायत वस्तु बिक्री हुने स्थानमा प्रयोग हुने नापतौल उपकरणको नियमित परीक्षण आवश्यक छ । बजार अनुगमन गर्दा मूल्यसँगै तौल र परिमाणलाई पनि बराबर प्राथमिकता दिनुपर्छ । बिल-बिजक पनि बजार पारदर्शिताको महत्त्वपूर्ण आधार हो । उपभोक्ताले सामान खरिद गर्दा बिल लिनुपर्छ र व्यवसायीले अनिवार्य रूपमा दिनुपर्छ । बिलले वस्तु, परिमाण र मूल्यको प्रमाण मात्र दिँदैन, विवाद उत्पन्न हुँदा उपभोक्ताको अधिकार दाबी गर्ने आधार पनि बनाउँछ ।




चाडपर्वमा बजारमा हुने अर्को चुनौती भण्डारण र वितरण प्रणालीसँग सम्बन्धित हुन्छ । कुनै वस्तु पर्याप्त मात्रामा आयात वा उत्पादन भए पनि वितरणको एउटा तहमा रोकिएमा बजारमा अभाव देखिन सक्छ । त्यसैले, आपूर्ति शृंखलाको प्रत्येक चरणमा निगरानी आवश्यक छ । गोदामदेखि थोक बजार र थोकदेखि खुद्रा बजारसम्म वस्तुको प्रवाह अवरुद्ध नहुने व्यवस्था गर्नुपर्छ ।

> विपत्तिलाई बहाना बनाएर कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य बढाउने वा उपभोक्ताको अधिकारमाथि खेलबाड गर्ने प्रवृत्ति रोक्नु सरकारको दायित्व हो

विशेषगरी, ग्यास, खाद्यान्न, औषधि र अन्य अत्यावश्यक वस्तुको वितरणमा प्राथमिकता निर्धारण गर्नुपर्छ । बजारमा अभावको हल्ला फैलिँदा उपभोक्ताले आवश्यकताभन्दा बढी खरिद गर्ने प्रवृत्ति बढ्न सक्छ, जसले वास्तविक अभावभन्दा ठुलो संकट सिर्जना गर्न सक्छ । त्यसैले, सरकारले नियमित रूपमा तथ्यमा आधारित सूचना सार्वजनिक गर्नुपर्छ । बजार व्यवस्थापन कुनै एक निकायको मात्र जिम्मेवारी होइन । मूल्य, गुणस्तर, नापतौल, खाद्य सुरक्षा, आपूर्ति र स्थानीय बजार व्यवस्थापनसँग सम्बन्धित सबै पक्षबिच समन्वय आवश्यक छ । एउटै बजारमा अलग-अलग विषयलाई छुट्टाछुट्टै हेर्नुभन्दा समग्र बजार अवस्थाको मूल्यांकन गर्ने प्रणाली प्रभावकारी हुन्छ ।

अनुगमनको उद्देश्य व्यवसायीलाई त्रसित बनाउनु होइन, स्वच्छ व्यापारको वातावरण बनाउनु हो । इमानदार व्यवसायीलाई प्रोत्साहन र अनुचित व्यापार गर्नेहरूलाई कानुनअनुसार कारबाही हुनुपर्छ । चाडपर्वका नाममा अतिरिक्त नाफा कमाउन खोज्ने प्रवृत्तिले इमानदार व्यवसायीलाई समेत प्रतिस्पर्धामा कमजोर बनाउँछ । त्यसैले, बजार अनुगमन केवल छापा मार्ने र जरिवाना गर्ने प्रक्रियामा सीमित हुनुहुँदैन । अनुगमनबाट प्राप्त तथ्यांकको विश्लेषण गरी कुन वस्तुमा बढी समस्या देखियो, कुन क्षेत्रमा बारम्बार गुनासो आयो र कुन व्यवसाय वा बजार क्षेत्रमा जोखिम बढी छ भन्ने पहिचान गर्नुपर्छ । यसले आगामी अनुगमनलाई अझ प्रभावकारी र परिणाममुखी बनाउन सहयोग गर्छ ।

सरकारले बजारको अवस्थाबारे नियमित र विश्वसनीय सूचना पनि सार्वजनिक गर्नुपर्छ । अत्यावश्यक वस्तुको मौज्दात, आपूर्ति र बजार मूल्यबारे तथ्यमा आधारित जानकारी उपलब्ध भए उपभोक्तामा अनावश्यक डर र अफवाह कम हुन्छ । डिजिटल प्रविधिको प्रयोग गरेर विभिन्न बजारको मूल्य तुलना गर्ने र अस्वाभाविक उतारचढाव देखिएका क्षेत्रमा तत्काल अनुगमन गर्ने प्रणाली विकास गर्न सकिन्छ । उपभोक्ताको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । सामान किन्दा बिल लिनु, मूल्य र तौल जाँच गर्नु, उत्पादन तथा म्याद समाप्त हुने मिति हेर्नु, लेबल पढ्नु र शंकास्पद वस्तु नकिन्नु सचेत उपभोक्ताको व्यवहार हो । गलत मूल्य, कम तौल वा गुणस्तरहीन वस्तु भेटिएमा सम्बन्धित निकायमा उजुरी गर्नुपर्छ । तर, सबै उपभोक्ताको क्रयशक्ति समान हुँदैन । न्यून आय भएका परिवार, ज्यालादारी श्रमिक, विद्यार्थी, वृद्धवृद्धा तथा आर्थिक रूपमा कमजोर वर्गमा मूल्यवृद्धिको प्रभाव बढी पर्छ । त्यसैले, चाडपर्वको बजार व्यवस्थापन गर्दा सरकारले यी वर्गको पहुँचलाई पनि केन्द्रमा राख्नुपर्छ । आवश्यक वस्तु बजारमा उपलब्ध हुनु मात्र होइन, उनीहरूले खरिद गर्न सक्ने मूल्यमा उपलब्ध हुनु पनि महत्त्वपूर्ण हो ।

चाडपर्वमा उपभोक्ताको खर्च बढ्ने भएकाले वित्तीय अनुशासन र पारदर्शिता पनि महत्त्वपूर्ण हुन्छ । उपभोक्ताले आवश्यकताका आधारमा खरिद गर्ने, मूल्य तुलना गर्ने र आकर्षक प्रचारका आधारमा मात्र निर्णय नगर्ने बानी विकास गर्नुपर्छ । व्यवसायीले पनि छुट, अफर र विशेष बिक्रीका नाममा वास्तविक मूल्य लुकाउने वा भ्रम सिर्जना गर्ने अभ्यास गर्नुहुँदैन ।

अब सरकारले आगामी चाडपर्वलाई लक्षित गरेर स्पष्ट कार्ययोजना लागू गर्नुपर्छ । सम्भावित सडक अवरोधको पूर्वतयारी, वैकल्पिक आपूर्ति मार्ग, अत्यावश्यक वस्तुको पर्याप्त मौज्दात, मूल्य निगरानी, गुणस्तर परीक्षण, नापतौल जाँच, बिल-बिजकको अनिवार्यता, उपभोक्ता गुनासोको तत्काल सुनुवाइ र अनुचित व्यापारमाथि प्रभावकारी कारबाही एउटै समन्वित योजनाका हिस्सा हुनुपर्छ ।

यसका साथै चाडपर्वका वेला बजारमा खटिने अनुगमन टोलीलाई पर्याप्त जनशक्ति, प्राविधिक क्षमता र आवश्यक स्रोतसाधन उपलब्ध गराउनुपर्छ । अनुगमन टोली बजारमा पुगेपछि मात्र समस्या पत्ता लगाउने होइन, जोखिमका आधारमा पहिले नै संवेदनशील क्षेत्र पहिचान गरी निगरानी गर्नुपर्छ । उपभोक्ता गुनासो सुन्ने संयन्त्र छिटो, सहज र पहुँचयोग्य हुनु आवश्यक छ । चाडपर्वको बजार राम्रोसँग चलेको प्रमाण पसल खुल्नु र कारोबार बढ्नु मात्र होइन । उपभोक्ताले सही मूल्यमा, सही गुणस्तरको र सही नापतौल भएको वस्तु सहज रूपमा पाएको अवस्था नै बजार व्यवस्थापनको वास्तविक सफलता हो । प्राकृतिक विपत्ति आउन सक्छ, सडक अवरुद्ध हुन सक्छ, ढुवानी प्रभावित हुन सक्छ । तर, त्यस्ता चुनौतीलाई व्यवस्थित गर्ने क्षमता राज्यसँग हुनुपर्छ । विपत्तिलाई बहाना बनाएर कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य बढाउने वा उपभोक्ताको अधिकारमाथि खेलबाड गर्ने प्रवृत्ति रोक्नु सरकारको दायित्व हो ।

अन्ततः चाडपर्वको बजारमा सामान पाइन्छ कि पाइँदैन भन्ने मात्र प्रश्न होइन, कति मूल्यमा पाइन्छ, कस्तो गुणस्तरको पाइन्छ, सही तौलमा पाइन्छ कि पाइँदैन र आवश्यक पर्दा उपभोक्ताले न्याय पाउँछ कि पाउँदैन भन्ने पनि हो ? यी प्रश्नको सकारात्मक उत्तर दिन सक्ने बजार नै वास्तवमा उपभोक्तामैत्री बजार हो । संविधानले सुनिश्चित गरेको उपभोक्ता अधिकारलाई व्यवहारमा अनुभूति गराउने जिम्मेवारी यही चाडपर्वबाट अझ दृढतासाथ पूरा गर्न आवश्यक छ ।

*(तिमल्सिना उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष हुन्)*

---

## ३ प्रश्न

एमाले केन्द्रीय सदस्य **ठाकुर गैरे**लाई



**बिहीबार सम्पन्न पार्टी केन्द्रीय कमिटी बैठकको सन्देश के हो ?**

पछिल्लो केन्द्रीय कमिटी बैठकले नेतृत्व तहमा हामी सबै एकताबद्ध छौँ भन्ने प्रस्ट सन्देश दिएको छ । साथै, बैठकले आगामी दिनमा थप सशक्त र एकताबद्ध भएर अगाडि जाने प्रतिबद्धता पनि व्यक्त गरेको छ । पार्टीलाई एकढिक्का राखेर थप गतिशील भई जनतामाझ जाने विषयमा बैठकले जोड दिएको छ ।

**पार्टी पुनर्गठनसँगै उठेको नेतृत्वमा हस्तान्तरण र पुस्तान्तरणको मुद्दाको निरूपण किन हुन सकेन ?**

पार्टीमा पुनर्गठन र नेतृत्व हस्तान्तरणको मुद्दा उठेको त हो । तर, अहिलेका लागि त्यो मुद्दा निर्णयको तहमा पुग्न सकेन । वर्तमान नेतृत्व र एमालेविरुद्ध घेराबन्दी गरी विपरीत जनमत बनाउने प्रयास भइरहेको अहिलेको समयमा थप एकताबद्ध भएर जानु नै सही र बुद्धिमत्तापूर्ण निर्णय हो भन्नेमा बैठकले आफ्नो अभिमत प्रकट गर्‍यो । पार्टी अप्ठ्यारोमा परेको यस्तो समयको माग बुझेर तत्कालका लागि पार्टी पुनर्गठन र नेतृत्व हस्तान्तरणको मुद्दालाई थाती राख्ने काम गरियो ।

**यही बैठकको निर्णयले एमाले पुनर्जागृत हुन सक्ला त ?**

नेपालमा राष्ट्रियताको संवर्धन, लोकतन्त्र तथा संविधानको रक्षा तथा समयसापेक्ष रूपमा संशोधन गरी कार्यान्वयन तहबाट संविधानलाई थप समृद्ध बनाउने दिशामा एमालेका लक्ष्य, उद्देश्य र विचार सही छन् । पछिल्लो एउटा निर्वाचन परिणामले मात्र पार्टीको भविष्य निर्धारण गर्दैन । त्यसैले, एकताबद्ध भई देशव्यापी पुनर्जागरण अभियान लिएर तल जनस्तरसम्म पुग्ने निर्णय भएको छ । आगामी स्थानीय तह निर्वाचनलाई लक्ष्य बनाएर एकताबद्ध भएर जनतामाझ जाँदा निर्वाचनबाट शक्ति आर्जन गरी पहिलेकै अवस्थामा फर्किन सकिन्छ भन्नेमा सिंगो एमाले दृढ छ ।

---

प्रेरक प्रसंग

## स्थलगत अध्ययन र त्यसको परिणाम

विश्वविद्यालयका एक प्राध्यापकले आफ्ना विद्यार्थीलाई मुम्बईको झुपडपट्टीमा बस्ने १० देखि १४ वर्षका बालकको स्थलगत अध्ययन गरी उनीहरू भविष्यमा के बन्लान् भन्ने तथ्यांक निकाल्न खटाए । विद्यार्थीले झुपडपट्टीका दुई सय बालकको घरको पृष्ठभूमि, बाबुआमाको परिस्थिति, त्यहाँका मानिसको जीवनशैली र शैक्षिक स्तर, रक्सी तथा लागुपदार्थको सेवनलगायत अनेक बुँदामा आधारित भई गहिरो अध्ययन गरे । हरेक बालकसित कुराकानी गरे र सबैका विचार टिपोट गरे ।

झन्डै एक वर्षको मिहिनेतपछि उनीहरूको अध्ययन पूरा भयो र प्रतिवेदन तयार भयो । प्रतिवेदनको निष्कर्ष यस्तो थियो- ती बालकमध्ये ९५ प्रतिशत अपराधको बाटोमा लाग्छन् । तीमध्ये ९० प्रतिशत कुनै न कुनै अपराधमा जेल जान्छन् र केवल पाँच प्रतिशत बालक मात्र राम्रो जीवन जिउन सफल हुनेछन् ।



अध्ययन पूरा भयो, प्रतिवेदन पनि तयार भयो । तर, बिस्तारै यसलाई सबैले बिर्सिंदै गए । २५ वर्षपछि अर्का एक प्राध्यापकले सो प्रतिवेदन देखे । उनले प्रतिवेदनको अनुमान कति सही ठहरियो, त्यसको जाँच गर्न विद्यार्थीको पाँच टिम बनाएर पुनः सोही झुपडपट्टीमा पठाइदिए । दुई सयमध्ये केहीको मृत्यु भइसकेको थियो । कतिपय अन्यत्रै गइसकेका थिए । विद्यार्थीले तीमध्ये एक सय ८० सित भेटघाट गरेर सबैसित विभिन्न विषयको जानकारी लिए । परिणाम पहिलो अध्ययनको ठिक विपरीत निस्कियो ।

तीमध्ये चार-पाँचजना मात्र सामान्य झैझगडामा छोटो समयका लागि जेल गएका थिए । बाँकी सबैले इज्जतसाथ सामान्य जीवन बाँचिरहेका थिए । कसैको त आर्थिक अवस्था निकै राम्रो भइसकेको थियो । पुनः तिनै विद्यार्थीले सबै (एक सय ८०) लाई नै भेटेर यसको रहस्य बुझ्ने कोसिस गरे । सबैले आफ्नी एक शिक्षिकाका कारण यो सब सम्भव भएको बताए ।

विद्यार्थीहरू ती शिक्षिकालाई भेट्न गए । उनीहरूले तिनलाई भेट्न आउनुको कारण प्रस्ट पार्दै प्रश्न गरे- हजुरले त्यस्तो के चमत्कार गर्नुभयो र ती विद्यार्थीको जीवन यस्तो हुन सम्भव भयो ? शिक्षिकाले हाँस्दै भनिन्- मैले कुनै चमत्कार गरेकी होइन, केवल तिनलाई आफ्ना सन्तानलाई जस्तै निःस्वार्थ प्रेम गरेकी मात्र हुँ ।

---

# कूटनीतिभन्दा नाटकीयताले बढी चर्चामा महासभा

## संयुक्त राष्ट्रसंघ महासभा सबैले बोल्ने, तर कसैले नसुन्ने ठाउँ त बन्दै छैन ?



देश/विदेश

● देवदत्त चक्रवर्ती

(चक्रवर्ती दक्षिण एसियाली राजनीति तथा कूटनीतिबारे कलम चलाउँछिन्)

बर्सेनि हुने संयुक्त राष्ट्रसंघको महासभा अब कूटनीतिक मञ्च कम र राजनीतिक टिभी कमेडी सो बढी देखिन थालेको छ । सदस्य राष्ट्रहरूले यसका नियम उल्लंघन गर्छन् । राजनीतिक नेताहरू आफैँ राष्ट्रसंघ निष्क्रिय भएको छ कि छैन भनेर बहस गर्छन् । र, केही शक्तिशाली देशका नेताले आफ्नो सरकारले लिएका निर्णय र कदमको बचाउ गर्न महासभाको मञ्च प्रयोग गर्छन् । कूटनीतिमा आएको गिरावटबिच महासभामा नाटकीय घटनामा भने कमी देखिएको छैन ।

बिहीबार इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहु भाषण दिन मञ्चमा उत्रिँदा एक सयभन्दा बढी प्रतिनिधि विरोधमा हलबाहिर निस्किए । नेतन्याहुविरुद्ध सभा छाडिएको यो लगातार दोस्रो वर्ष हो । केही देशका प्रतिनिधि भने विरोधमा सिटबाट उठे पनि नेतन्याहुको सम्बोधन सुनिरहेका देखिन्थे । उता नेतन्याहुले आफ्नो भाषण आफ्नो सरकारको कामको बचाउ र विरोधीलाई निसाना बनाउन प्रयोग गरे । उनको भाषणका क्रममा देखिएको घटनाक्रम सायद महासभामा देखिएको सबैभन्दा दृश्यमान क्षणमध्ये एक रह्यो ।

विश्वभरका मुलुकका प्रतिनिधि भेला हुने अवसरमा आजकल भाषणको बढी चर्चा र देशबिच हुने घट्दो क्रमको सहमति छायामा पर्ने गरेको छ । यस वर्ष महासभाको ८१औँ सत्र खासमा 'विश्वास पुनर्स्थापित गर्ने, परिवर्तन व्यवस्थापन गर्ने र सबैका लागि काम गर्ने संयुक्त राष्ट्रसंघ' भन्ने विषयवस्तुबाट सुरु भएको थियो । तर, सभा अघि बढ्दै जाँदा योभन्दा फरक दृश्य देखिन थाल्यो । यससँगै केही आलोचकले भनेजस्तै राष्ट्रसंघको औचित्य सकिँदै गएको भन्ने सही हो कि भन्ने पनि बहस सुरु भएको छ ।

पछिल्लो समय विश्वका धेरै क्षेत्रमा युद्ध चर्किरहेको छ । गाजा, युक्रेन र इरानमा भएका युद्धले अन्तर्राष्ट्रिय प्रणालीभित्रका विभाजनलाई उजागर गरेको छ । राष्ट्रसंघको सुरक्षा परिषद् आफ्ना सबैभन्दा शक्तिशाली सदस्यको पारस्परिक स्वार्थ र भिटोका कारण निष्प्रभावीजस्तो देखिन्छ । उसो त महासभाले समय-समयमा विभिन्न प्रस्ताव पारित त गर्छ, तर सुरक्षा परिषद्का प्रस्तावजस्ता यी बाध्यकारी हुँदैनन् ।

उसो त महासभाको इतिहासमा कैयौँ अविस्मरणीय प्रदर्शन देखिएका छन् । जसमा सन् २००६ मा जर्ज बुसले इराक युद्ध र इरानको आणविक कार्यक्रमबारे बोलेको अर्को दिन सम्बोधन गर्ने पालोमा तत्कालीन भेनेजुएलाका राष्ट्रपति ह्युगो चाभेजले मञ्चमा अझ पनि अघिल्लो दिन त्यहाँ बोलेर गएको 'सैतान'ले (उनको संकेत बुसप्रति थियो) छाडेर गएको गन्ध आइरहेको बताएका थिए । त्यसको तीन वर्षपछि लिबियाली नेता मुअम्मर गद्दाफीले महासभामा आफ्नो पहिलो र अन्तिम भाषण दिए । प्रतिनिधिले १५ मिनेटको सीमामा आफ्नो कुरा टुंग्याउनुपर्ने नियम तोड्दै गद्दाफीले लगभग डेढ घण्टा बोलेका थिए । खैरो लुगा र छातीमा अफ्रिकाको ठुलो कालो नक्सा लगाएका गद्दाफीले अन्तर्राष्ट्रिय प्रणालीमा रहेको असमानताको विरोध जनाएका थिए ।

यसपटकको स्मरणीय सम्बोधन गरेर समाचारमा छाउने पहिलो व्यक्ति ट्रम्प नै रहे । सम्बोधनमा उनले वासिंटनसँग सम्झौता नगरे इरानलाई 'पूर्ण रूपमा नष्ट' गर्ने धम्की दिए । सम्बोधनका क्रममा ट्रम्पले भेनेजुएलाको सन्दर्भमा 'विजेतालाई लुट्ने अधिकार हुन्छ' भन्ने आशयको भाषा प्रयोग गरे । वर्षको सुरु (जनवरी)मा भेनेजुएली नेता निकोलस मदुरोलाई अपहरण गरेको अमेरिकाले अहिले त्यहाँ आफूले मन लागेको सम्झौता गराइरहेको छ ।



ट्रम्पले सम्बोधनमा प्रयोग गरेको भाषा खासमा राष्ट्रसंघको मूल उद्देश्यविपरीत थियो । दोस्रो विश्वयुद्धपछि सन् १९४५ मा स्थापित राष्ट्रसंघको उद्देश्य विश्वव्यापी प्रणाली सिर्जना गर्नु र साना-ठुला राष्ट्रबिच समानताका आधारमा सम्बन्ध विकासमा सघाउने भन्ने रहेको छ । तर, महासभाभित्रै केही देशले यस्तो भाषा प्रयोग गर्न थालेका छन्, जसले अब विश्वमा नियमभन्दा शक्तिशाली राष्ट्रको हित बढी महत्त्वको हुन्छ भन्ने सन्देश दिइरहेको छ ।

अमेरिकाले राष्ट्रसंघ सिर्जना गर्न प्रमुख भूमिका खेलेको थियो । तर, ट्रम्प युगमा वासिंटन र संगठनबिचको सम्बन्ध चिसिएको छ । यसले संघको प्रभावकारितामै असर गर्छ । शक्तिशाली देशले प्रायः राष्ट्रसंघलाई किनारा लगाउँदा यो कहिलेकाहीँ निष्क्रियजस्तै देखिन्छ । जहाँसम्म दक्षिण एसियाको प्रश्न छ, यसपटक नेपालका विशिष्ट प्रधानमन्त्री बालेन्द्र शाहको भाषणको चर्चा छ । उनले भोटेकोशी-त्रिशूली प्रकोपबाट भएको विनाशलाई उद्धृत गर्दै हिमालय क्षेत्रको कमजोर अवस्थासँग जोडे । 'हामीले युद्धका लागि उत्कृष्ट रसद र खानाका लागि टुटेको रसद भएको संसार सिर्जना गरेका छौँ,' र्‍यापरबाट प्रधानमन्त्री बनेका शाहले भने । त्यस्तै बंगलादेशका प्रधानमन्त्री तारिक रहमानले बंगालीमा सम्बोधन गरे ।

उसो त संगठन अझै पनि युद्ध, विस्थापन, जलवायु परिवर्तन, गरिबी र मानव अधिकारबारे छलफल गर्ने विश्वको सबैभन्दा दृश्यमान संस्था हो । तर, संकट जति ठुलो हुँदै गएको छ, त्यति नै यसको प्रणालीगत सीमितता देखिँदै छ । यसले कूटनीतिक गतिरोधको चक्कर सिर्जना हुन्छ । सबैजना बोलिरहेका छन् । सबैजना एक-अर्कामाथि नजर राखिरहेका छन् । तैपनि, संस्था भने महत्त्वपूर्ण सरोकारवालालाई सहमतिमा ल्याउन अक्षम देखिन्छ । यस्तोमा राष्ट्रसंघ गफ गर्ने र काम नगर्ने संस्थामा बदलिएजस्तो देखिन्छ ।

*द प्रिन्टबाट*

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## नेताहरूको 'युटर्न'को अर्थ

एमालेमा अध्यक्ष केपी ओलीको विकल्प खोज्नुपर्ने लाइनमा रहेका नेताहरू उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल नै युटर्न भएर अध्यक्ष ओलीको रक्षाकवच बन्न पुगेपछि अब पार्टीमा पुस्तान्तरण र रूपान्तरणको ढोका तत्कालका लागि बन्द भएको छ । अब गोकर्ण विष्ट, योगेश भट्टराईलगायत नेताले ओलीको विकल्प खोज्नु या पार्टीमा पुस्तान्तरणको माग अघि सार्नु अर्थहीन हुने भएको छ । किनकि, अब पौडेलले र पोखरेलले पछिल्लो महाधिवेशनमा जस्तै अहिले पनि ओलीलाई काँध थापेपछि उनी थप शक्तिशाली बनेका छन् । अब तत्कालका लागि एमालेमा न पुस्तान्तरण नै हुनेछ, न त पार्टीमा रूपान्तरणकै कुनै ठाउँ रहनेछ ।

● **भूमिका पण्डित**, बल्खु, काठमाडौं

## आपूर्ति व्यवस्थामा ध्यान देऊ

यतिखेर लगातारको झरीका कारण देशका प्रमुख राजमार्ग लगभग ठप्प छन् । राजमार्गमा अवरोध हुँदा मानिसको आवतजावतमा त प्रभाव पर्नुका साथै अत्यावश्यक वस्तुको आयातमा समेत गम्भीर समस्या उत्पन्न भएको छ । यस अवरोधले गर्दा देशभरको आपूर्ति चेन नै प्रभावित भएको छ । राजाधानी काठमाडौं भित्रिने सबैजसो राजमार्ग अवरुद्ध भएकाले खाद्यान्न, तरकारी, दुध, फलफुल, ग्यासलगायतको गम्भीर अभाव हुन सक्छ । यसतर्फ विशेष ध्यान दिइयोस् ।

● **मनिता थापा**, कमलादी, काठमाडौं

## प्रभावकारी अनुगमन चाहियो

ठुला चाडबाड नजिकिँदै गर्दा एकातिर भोटेकोशी बाढी र अर्कातिर लगातारको झरीले आपूर्ति व्यवस्थामा ठुलो संकट आइरहेको छ । यस्तो मौकामा बजारमा मौज्दात रहेका सामग्रीमा पनि एक्कासि मूल्यवृद्धि भइरहेको छ । साथै, बजारमा ठुला व्यापारीसित मौज्दात रहेका सामग्रीको समेत कृत्रिम अभाव सिर्जना गरिएको छ । त्यसैले, तीनै तहका सरकारका सरोकारवाला निकायले बजारमा तत्काल हस्तक्षेप गरी एकातिर मूल्यवृद्धि रोक्नुपर्छ भने अर्कातिर कृत्रिम अभाव पनि हटाउनुपर्छ ।

● **सजल मुल्मी**, पुल्चोक, ललितपुर

## राष्ट्रसंघमा नेपालको नयाँ स्वर

संयुक्त राष्ट्रसंघको विशाल मञ्चमा नेपालको आवाज फेरि सुनियो । तर, यसपटक त्यो आवाज केवल हिमाल, बुद्ध र सगरमाथाको परिचयमा सीमित थिएन, त्यसमा बदलिँदो नेपालको आत्मविश्वास र बदलिँदो विश्व व्यवस्थाप्रतिको प्रश्न पनि मिसिएको थियो । राष्ट्रसंघको ८१औँ महासभामा सम्माननीय प्रधानमन्त्री बालेन्द्र शाहको सम्बोधनले नेपालको परम्परागत कूटनीतिक प्रस्तुतिभन्दा केही फरक बाटो समात्ने प्रयास गर्‍यो । जलवायु संकटलाई नेपालको भौगोलिक नियतिका रूपमा मात्र होइन, विश्वव्यापी न्यायको प्रश्नका रूपमा प्रस्तुत गर्दै शाहले हिमालयको संवेदनशीलतालाई अन्तर्राष्ट्रिय बहसको केन्द्रमा ल्याए । नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालयन क्लाइमेट रिसाइलेन्स मेकानिज्म' निर्माण गर्ने प्रस्ताव त्यसैको महत्त्वपूर्ण हिस्सा थियो । हिमताल निगरानी, पूर्वसूचना प्रणाली, वैज्ञानिक तथ्यांक आदानप्रदान र सीमापार विपत् प्रतिकार्यमा सहकार्यको अवधारणा महत्त्वाकांक्षी छ । हिमालले सीमा नचिनेझैँ जलवायु संकटले पनि सीमा चिन्दैन ।

सम्बोधनले जलवायु न्यायसँगै विश्व अर्थव्यवस्थाको असमानता, विकासशील राष्ट्रका चुनौती र बहुपक्षीय संस्थाहरूको सुधारको प्रश्न पनि उठायो । युद्ध र हतियारमा सहजै जुट्ने स्रोत एवं किसान र नागरिकका आधारभूत आवश्यकताका लागि देखिने अभावबिचको विरोधाभासलाई उनले विश्वसामु राखे । तर, प्रभावशाली भाषण आफैँमा कूटनीतिक उपलब्धि होइन । प्रस्तावलाई भारत र चीनसँगको निरन्तर संवादमा लैजानु, अन्तर्राष्ट्रिय समर्थन जुटाउनु र त्यसलाई संस्थागत परिणाममा बदल्नु अबको असली परीक्षा हो । न्युयोर्कमा नेपालको स्वर केही फरक सुनियो, तर अब त्यसको प्रतिध्वनि कति टाढासम्म पुग्छ भन्ने कुरा भाषणले होइन, सिंहदरबारको आगामी कामले तय गर्नेछ ।

● **प्रत्यूषकुमार झा**, वीरगन्ज, पर्सा
pjha54652@gmail.com

# अतिवादको मूल्य चुकाउँदै युरोपका मध्यमार्गी

## आफूलाई व्यावहारिक र मध्यमार्गी ठान्ने दलहरूले युरोपेली इतिहासकै सबैभन्दा जडसूत्रवादी आर्थिक कार्यक्रम लागू गरे

फ्रेडरिक मेर्ज डेढ वर्षभन्दा कम समयदेखि जर्मन चान्सलर छन् । उनको स्वीकृति मूल्यांकन कीर्तिमानी रूपमा न्यून छ । उनको मध्य-दक्षिणपन्थी क्रिस्चियन डेमोक्रेटिक युनियन अफ जर्मनी अर्थात् सिडियू (जसले हालै एउटा राज्यमा चुनाव हारेको थियो र अर्कोमा नराम्रोसँग धक्का सामना गर्‍यो) देशभर नै तीव्र गतिमा ओरालो लागिरहेको छ ।

जर्मन सञ्चारमाध्यम अन्य कुनै विषयमा चर्चा वा लेखन गरिरहेका छैनन् । उनीहरू मेर्जले कमजोर चुनावी अभियान चलाएको, सोसल डेमोक्र्याट्ससँगको अलोकप्रिय गठबन्धनमा आफूलाई सीमित पारेको र अति-दक्षिणपन्थी 'अल्टर्नेटिभ फर जर्मनी' (एएफडी) ले जस्तो युवामाझ उत्साह जगाउन नसकेको भन्दै आलोचना गरिरहेका छन् । यी सबै कुरा सत्य भए पनि तिनको महत्त्व भने गौण छ । जर्मनीमा वास्तवमा केवल अहिलेसम्म हाबी रहेको एउटा दल मात्रै समाप्त हुँदै छैन, बरु मध्यममार्गी राजनीतिज्ञको 'सन्तुलित र प्राविधिक दक्षता भएका व्यक्ति'को छवि पनि भत्किँदै छ । सन्तुलन र क्षमताको यो नक्कली आवरण कायम रहेको तीन दशकपछि अब यो स्पष्ट हुँदै छ कि उनीहरू न त मध्यमार्गी थिए, न त सक्षम नै ।



• यानिस भारोउफाकिस
(ग्रिसका पूर्वअर्थमन्त्री भारोउफाकिस युनिभर्सिटी अफ एथेन्समा अर्थशास्त्रका प्राध्यापक हुन्)

दुर्भाग्यवश, पहिले बिस्तारै र त्यसपछि हठात् उनीहरूको मुखुण्डो उत्रिँदै छ । अब बहुसंख्यक जनताले उनीहरूको वास्तविक रूप देख्न थालेका छन् । उनीहरू यस्ता कट्टरपन्थी हुन्, जसले निर्दयी भएर त्यस्ता निष्फल र जनविरोधी नीति अघि बढाए, जसले जर्मन समाजको आत्मनिर्भर हुने क्षमतालाई खोक्रो बनाइदिए र देशलाई युरोपेली भूमिमा अनावश्यक युद्धको संघारसम्म पुर्‍याए । एएफडीको उदय रातारात लाखौं जर्मनहरूमा आएको कुनै अचानकको वैचारिक परिवर्तन वा अधिनायकवादी विचारतर्फको झुकावका कारण भएको होइन । यसको शक्ति बढ्नुको मुख्य कारण वर्षौंदेखिको 'मितव्ययिताको नीति' थियो, जसले जर्मन जनतालाई आफ्नो सामाजिक हैसियत गुम्ने र वास्तविक गरिबीको उच्च जोखिमको सामना गर्नुपर्ने अवस्थामा पुर्‍यायो । यो आश्चर्यको कुरा हो कि अति-दक्षिणपन्थीहरू एउटा काल्पनिक 'स्वर्ण युग'मा फर्किने चाहनालाई चुनावी सुनामीमा परिणत गर्न सफल भए । त्यो यस्तो विगतको चाहना थियो, जसमा ती 'शंकास्पद' मानिने मुसलमान, यहुदी वा ट्रान्सजेन्डरको कुनै स्थान थिएन । बर्लिनदेखि पेरिस र लन्डनसम्मको कथा उस्तै छ । फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोँको मध्यमार्गी नीतिले फ्रान्सलाई एक्लै अति-दक्षिणपन्थी राष्ट्रपतिको शासन आउने संघारमा पुर्‍याएको छ । उनले फ्रान्सको पुनर्जागरणको वाचा गरे, जुन वास्तवमा असम्भव थियो किनभने जर्मनीसँगको मौद्रिक संघमा आवश्यक लोकतान्त्रिक र राजनीतिक एकताको अभाव छ । उनले अति धनीहरूको सानो समूहलाई कर छुटको सुविधा दिए, जबकि आमजनतालाई काममा जान आवश्यक पर्ने पेट्रोलको खर्च जुटाउन पनि संघर्ष गर्नुपर्ने अवस्था थियो । उनले अवकाशको उमेर बढाएर ६४ वर्ष पुर्‍याए, जबकि गरिब मजदुरको औसत आयु ७२ वर्षभन्दा बढी छैन । उनले आफूले मन नपराएको वा नजिक नभएको कुनै पनि बैंकर भेटेका छैनन् । यस क्रममा उनले कुनै पनि प्रकारको विचलन, सम्झौता वा विकल्पबारेको लोकतान्त्रिक बहसलाई कहिल्यै स्वीकार गरेनन् ।




मध्यमार्गी दलहरूको असफलतासँगै अति-दक्षिणपन्थीहरू एउटा काल्पनिक 'स्वर्ण युग'मा फर्किने चाहनालाई चुनावी सुनामीमा परिणत गर्न सफल भएका छन्

संयुक्त अधिराज्यमा पनि मध्यमार्गी 'टोरी-लेबर'को द्वैध-वर्चस्वले उस्तै मितव्ययिताका नीति अपनाएको छ । सन् १९८० को दशकमा कन्जर्भेटिभ प्रधानमन्त्री मार्गरेट थ्याचरले बेलायती उद्योगधन्दामाथि गरेको अन्धाधुन्ध प्रहार र घर तथा आधारभूत सेवालाई वित्तीय नाफाको साधन बनाउने कार्यले बेलायतलाई भयावह असमानताको दलदलमा धकेल्यो । यसले आयातमा आधारित सेवा-अर्थतन्त्रलाई त बढायो, साथै घरजग्गाका धूर्त बिचौलियालाई जन्म दियो ।

तर, बेलायतको कुलीन 'रेन्टियर' (अनुत्पादक भाडा वा ब्याजबाट कमाउने) वर्गको यो विजयलाई सुनिश्चित गर्ने काम टोनी ब्लेयरको लेबर सरकारले नै गर्‍यो । उसले सार्वजनिक सम्पत्ति तथा सेवालाई खोक्रो पार्ने क्रमलाई निरन्तरता दिन नवीन उपाय अपनायो, साथै 'सिटी अफ लन्डन'का बैंकरहरूमाथि रहेका नियमनका बन्धन पूर्ण रूपमा हटायो । स्वाभाविक रूपमा जर्मनी र फ्रान्समा जस्तै बेलायतमा पनि डर र घृणाको राजनीति हाबी हुँदै गइरहेको छ ।

सर्वत्र एउटै प्रक्रिया देखिन्छ, आफूलाई समझदार, व्यावहारिक र मध्यमार्गी ठान्ने दलहरूले युरोपेली इतिहासकै सबैभन्दा बढी जडसूत्रवादी आर्थिक कार्यक्रम लागू गरे । उनीहरूले यस्तो कठोरता, असहमतिप्रतिको असहिष्णुता र लोकतान्त्रिक प्रतिस्पर्धाप्रतिको तिरस्कारका साथ ती कार्यक्रम अघि बढाए कि २०औँ शताब्दीका वास्तविक अतिवादी शक्तिहरूले तिनको विषयवस्तुलाई अस्वीकार गरे पनि तिनको कार्यशैलीलाई भने चिनाए ।

यहाँ 'अतिवाद' भन्नाले मेरो तात्पर्य के हो भन्नेबारे म स्पष्ट हुन चाहन्छु, किनकि यो केवल भाषणबाजी वा अलंकार मात्र होइन । कुनै विचारधारा 'अतिवादी' हुनुको मुख्य कारण वामपन्थी-दक्षिणपन्थी राजनीतिक दायरामा बहुसंख्यक जनतामाथि त्यसका नीतिको चरम प्रभाव होइन । बरु त्यसले असहमतिलाई कसरी व्यवहार गर्छ भन्ने कुराले नै त्यसलाई अतिवादी बनाउँछ । त्यो कसीबाट हेर्दा दोस्रो विश्वयुद्धको अन्त्ययता युरोपको 'मध्यमार्गी' खेमा नै सबैभन्दा चरमपन्थी राजनीतिक शक्ति साबित भएको छ । यसले आर्थिक नीतिलाई निर्वाचनको पहुँचभन्दा बाहिर राख्ने गरी स्पष्ट रूपमा एउटा मुद्रा सङ्घ निर्माण गरेको छ । यसले विद्युत् क्षेत्रका कार्टेलहरूलाई सर्वसाधारण र व्यवसायीलाई लुट्ने छुट दिएको छ । साथै, यसले विकल्प प्रस्ताव गर्ने जोकोहीलाई पनि लोकरिझ्याइँवादी वा 'युरोपविरोधी'को बिल्ला भिराउने गरेको छ ।

सन् २०१५ मा ग्रिसको अर्थमन्त्रीका रूपमा, मैले युरोपेली मध्यमार्गीको त्यही 'लापरबाह चरमपन्थ'लाई प्रत्यक्ष अनुभव गर्ने मौका पाएको थिएँ । ग्रिसको वार्षिक कुल गार्हस्थ उत्पादनभन्दा बढी लागत लागेको तर असफल साबित भएको आर्थिक स्थिरीकरण कार्यक्रमको पाँच वर्षपछि, सन् २०१५ को जनवरीमा ग्रिसका जनताले 'सिरिजा' पार्टीलाई मतदान गरे । म आफैँ पनि त्यस पार्टीको सदस्य थिएँ । हाम्रो उद्देश्य वित्तीय सर्तमाथि पुनः वार्ता गर्नु थियो । ती सर्त यति हास्यास्पद थिए कि बैंकरहरूले समेत तिनलाई स्वीकार गरेका थिए ।

त्यो मध्यमार्गी खेमाको चरमपन्थको प्रकृति र कारण बुझ्नका लागि जर्मनीका दिवंगत अर्थमन्त्री उल्फगाङ साउब्ले भन्दा राम्रो उदाहरण अरू हुन सक्दैन । सन् २०१५ मा मैले उनीसँगै वार्ता गरेको थिएँ । उनको सम्पूर्ण करियर एउटा डरको वरिपरि केन्द्रित थियो, पेरिसले 'बुन्डेसब्यांक' (जर्मन केन्द्रीय बैंक) माथि नियन्त्रण जमाउनेछ र जर्मन मुद्रा 'ड्युचमार्क' (को प्रयोग गरेर युरोपभरि फ्रान्सेली शैलीका घाटा-वित्तपोषित नीतिहरू लागू गर्नेछ । सन् १९८९ मा जर्मनीको पुनः एकीकरणका लागि फ्रान्सको सहमति प्राप्त गर्ने क्रममा फ्रान्सेली राष्ट्रपति फ्राँस्वाँ मितराँले जर्मन चान्सलर हेल्मुट कोललाई युरोपेली मौद्रिक संघ र एकल मुद्रा (युरो) का लागि सहमत गराए । त्यसपछि, फ्रान्सेलीहरूले जर्मनीको मुद्रामाथि कब्जा जमाउन नपाऊन् भनेर सुनिश्चित गर्न साउब्ले र बुन्डेसब्यांकले असाधारण सक्रियता देखाए ।

यसमा उनीहरूले वित्तीय संघ, लोकतान्त्रिक राजनीतिक संघ, बैंकिङ संघ र कुनै झट्का अवशोषक नभएको मौद्रिक संघको डिजाइन गरेर सफल भए । खरानी रङको सुट लगाएर शान्त र मिठो स्वरमा बोल्दै 'यसको कुनै विकल्प छैन' भनी बारम्बार दोहोर्‍याउने कट्टरपन्थीपन तबसम्म कट्टरपन्थीपनजस्तो देखिँदैन, जबसम्म त्यो विशालस्तरमा असफल हुन थाल्दैन । हालै के परिवर्तन भयो (जसको अपरिहार्य परिणाम निर्वाचनमा देखिने नै छ) भने मध्यममार्गीको अतिवादका कारण निम्तिएको औद्योगीकरणको अन्त्य र आर्थिक गतिहीनतालाई अब बेवास्ता गर्नै नसकिने अवस्था आएको छ ।

सन् २००८ को शरद ऋतुमा जब विश्वव्यापी वित्तीय संकट सुरु भयो, तब हाम्रो 'क्याल्भिनिस्ट' मौद्रिक संघले कुनै पनि प्रकारको सुरक्षा-कवचविना नै एक भीषण धक्काको सामना गर्नुपर्‍यो । फ्रान्सेली तथा जर्मन बैंकहरू र युरोजोनका लगभग हरेक सरकारको क्रमिक टाट पल्टिने अवस्था अपरिहार्य बन्न पुग्यो । अनि युरोपका तमाम मध्यमार्गीलाई साथमा लिएर साउब्लेले कस्तो प्रतिक्रिया जनाए त ? उनले आफ्नो अडानलाई अझ कडा मात्र पारेनन्, बरु चरम अधिनायकवादी शैली पनि प्रदर्शन गरे । त्यो यस्तो शैली थियो, जसलाई सन् १९४५ मै युरोपबाट सदाका लागि अन्त्य गरिएको धेरैजसो युरोपेलीले ठानेका थिए ।

*अलजजिराबाट*

## इतिहासमा आज

सेप्टेम्बर २७



**सन् १२९० : चीनको चिहली खाडीमा गएको भूकम्पमा झन्डै एक लाख मानिसको मृत्यु ।**

- **सन् १५९० :** पोप अर्बन सप्तमको पोप चुनिएको १३औँ दिनमा आजकै दिन निधन । उनी हालसम्मको इतिहासका सबैभन्दा छोटो समयका पोप हुन् ।
- **सन् १८२१ :** अगस्टिन डे इटुरबिइदको नेतृत्वमा रहेको मेक्सिकन क्रान्तिकारी फौज मेक्सिको सिटी प्रवेश गरेसँगै इटुरबिइदले मेक्सिको स्वतन्त्र भएको घोषणा गरे । योसँगै मेक्सिकोमा स्पेनिस औपनिवेशिक शासनविरुद्ध जारी संग्राम अन्त्य भयो ।
- **सन् १८२२ :** फ्रेन्च प्राज्ञ जँ-फ्रान्स्वा च्यामपोलियनले रोसेटा सिलोटमार्फत प्राचीन इजिप्टेली भाषा सटिक रूपमा आधुनिक भाषामा उल्था गरे । योसँगै अधिकांश प्राचीन इजिप्टेली लेखोट पढ्न सकिने भयो ।
- **सन् १८२५ :** जर्ज स्टेफेनसनले निर्माण गरेको विश्वको पहिलो वाष्प इन्जिनयुक्त रेल 'लोकोमोसन नम्बर १'ले सार्वजनिक रेलमार्गमा यात्रु बोकेर यात्रा सम्पन्न गर्‍यो ।
- **सन् १९६४ :** अमेरिकी राष्ट्रपति जोन एफ केनेडीको हत्याको अनुसन्धानका लागि गठित 'वारेन कमिसन'ले केनेडीको हत्यारा ली हार्भे ओसवाल्डले कसैको उक्साहटमा नभई एक्लै हत्या गरेको जनायो ।
- **सन् १९८८ :** म्यानमारको सैन्य तानासाहविरुद्ध लडेर प्रजातन्त्र स्थापनाका लागि भन्दै आङ सान सुकीलगायत अन्य नेताको सक्रियतामा 'नेसनल लिग फर डेमोक्रेसी' स्थापना गरियो ।
- **सन् १९९६ :** तालिबानले अफगानिस्तानको राजधानी काबुल कब्जा गरेलगत्तै पूर्वकम्युनिस्ट राष्ट्रपति मोहम्मद नजिबुल्लाहलाई सार्वजनिक स्थलमा क्रूरतापूर्वक हत्या गरे ।
- **सन् २०१८ :** भारतको सर्वोच्च अदालतले विवाहेतर सम्बन्धलाई कानुनी अपराध ठहर गर्ने १५८ वर्ष पुरानो कानुन महिलाविरुद्ध विभेदकारी भएको भन्दै उल्ट्यायो ।
- **सन् २०२२ :** जापान सरकारले दुई महिनाअघि मारिएका देशका पूर्वप्रधानमन्त्री सिन्जो आवेलाई राजकीय अन्त्येष्टिको सम्मान दियो ।

# हर्मुज खुला गर्ने इरानको प्रस्तावलाई ट्रम्पले गरे अस्वीकार

**न्युयोर्क/** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध अन्त्य गर्ने, हर्मुज जलसन्धि पुनः सञ्चालनमा ल्याउने र आणविक वार्ता पुनः सुरु गर्ने विषयमा इरानले अघि सारेको सातदिने कार्ययोजनाको प्रस्तावलाई ठाडै अस्वीकार गरेका छन् । इरानका विदेशमन्त्री अब्बास अराघचीले हर्मुज जलसन्धि एक साताभित्रै पुनः सञ्चालनमा ल्याउन अघि सारेको कार्ययोजनाको प्रस्तावलाई ट्रम्पले अस्वीकार गरेका हुन् । न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा पत्रकारहरूसँग कुरा गर्दै अराघचीले 'आवश्यक सर्तहरू पूरा भएमा' युद्धविराम सम्भव हुने बताएका थिए । उनले ती सर्तहरू जुन महिनामा हस्ताक्षर गरिएको समझदारीपत्रमा समावेश गरिएको जानकारी पनि दिए । 'अब निर्णय गर्ने जिम्मा अमेरिकाको हो,' उनले भनेका थिए । साथै, उनले उक्त योजना कतारमार्फत अमेरिकालाई पठाइएको पनि बताए ।

यसअघि, अर्ध सरकारी समाचार संस्था 'मेहर'का अनुसार इरानी सेनाले चेतावनी दिँदै भनेको थियो कि यदि वासिङ्टनले इरानमाथि आक्रमण गर्ने 'गल्ती' गरेमा मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अखडा र त्यहाँका अमेरिकी हितहरूलाई निसाना बनाइनेछ । यसैबिच, अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी पिगोटले अल जजिरासँग कुरा गर्दै इरानसँगको कूटनीतिक वार्ताको ढोका सुरुदेखि नै खुला रहेको बताएका छन् । उनले भने, 'यस्तो हुन नदिने पक्ष अमेरिका होइन ।'

अमेरिका र इजरायलले २८ फेब्रुअरीमा इरानमाथि हवाई आक्रमण गरेका थिए । यसको जवाफमा इरानले इजरायल, खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य अखडा र अमेरिकाका अरब खाडी सहयोगी राष्ट्रमाथि आक्रमण गर्नुका साथै हर्मुज बन्द गरेको थियो । युद्धअघि विश्वको करिब २० प्रतिशत तेल र तरल प्राकृतिक ग्यास यही जलसन्धि भएर आवतजावत गर्थ्यो । हर्मुज बन्दले गर्दा ऊर्जाको मूल्यमा अत्यधिक उतारचढाव आएको छ ।

# एआई प्रणालीमाथि यसकारण आवश्यक छ अन्तर्राष्ट्रिय नियमन

## अस्ट्रेलियाको सरकारी प्रणालीमा एआई एजेन्टको सम्भवतः पहिलोपटक अनधिकृत पहुँच भएको छ

अस्ट्रेलियाको मेडिकेयर प्रणालीले दुई करोड ७० लाखभन्दा बढी मानिसको स्वास्थ्य र चिकित्साको तथ्यांकको व्यवस्थापन गर्छ । तर, जुन महिनामा ओपनएआई (अमेरिकी एआई अनुसन्धान तथा प्रविधि कम्पनी, जसले च्याटजिपिटीजस्ता विश्व प्रसिद्ध जेनेरेटिभ एआई उपकरणहरू विकास गरेको छ ) एजेन्टद्वारा मेडिकेयरका तथ्यांक ह्याक गरिएको एउटा खबरले स्तब्ध बनायो । संयुक्त राष्ट्र संघमा कृत्रिम बुद्धिमत्ता (एआई) प्रणालीको कडा अन्तर्राष्ट्रिय नियमनको वकालत गर्न न्युयोर्कमा रहँदा प्रधानमन्त्री एन्थोनी अल्बानिजले तथ्यांक ह्याक भएको खुलासा गरे ।

अस्ट्रेलिया सरकारले अझै पनि के भयो भनेर ठ्याक्कै पत्ता लगाउन खोजिरहेको छ । हालै घोषणा गरिएको कार्यदलले थप अनुसन्धान गर्ने तयारी गरेको छ । प्रारम्भिक प्रतिवेदनले ओपनएआईको एजेन्टलाई सार्वजनिक चिकित्सा डेटा अनुसन्धान गर्ने जिम्मेवारी दिइएको संकेत गर्छ । ओपनएआई मेडिकेयरको प्रणालीमा प्रवेश गरेसँगै त्यसलाई अनुसन्धानको जिम्मेवारी दिइएको थियो । यसले मेडिकेयर तथ्यांक बोकेको पुरानो अस्ट्रेलियाली सरकारी वेबसाइटबाट व्यक्तिगत चिकित्सा जानकारीको सट्टा बिलिङ ढाँचाजस्ता निजी तथ्यांकीय डेटामा पहुँच बढायो ।

एजेन्टले गोप्य सुरक्षावरपर पहुँच राखेको अल्बानिजले बताए । यो ह्याकले ओपनएआई, एन्थ्रोपिक र गुगलद्वारा नियन्त्रित एआई प्रणालीको वृद्धिलाई संकेत गर्छ, जसले केही वेबसाइट ह्याक गरेको पाइएको छ ।

अनि अस्ट्रेलियाको साइबर सुरक्षा कमजोरीको हालैको इतिहासलाई हेर्दा यो कुनै प्रमुख अस्ट्रेलियाली प्रणालीलाई एआई एजेन्टद्वारा ह्याक गरिएको अन्तिमपटक हुने सम्भावना कम छ । यसले एउटा महत्त्वपूर्ण प्रश्न पनि उठाएको छ, कसैलाई जिम्मेवार ठहर्‍याइने ?

### के हुन् एजेन्ट ?

एआई एजेन्टहरू वास्तवमा उच्च विकसित र स्वायत्त (आफैँ निर्णय लिन सक्ने) च्याटबटहरू हुन् । सामान्य कुराकानी गर्नुको सट्टा, यी एजेन्टलाई सीमित निर्देशनका आधारमा जटिल कार्य सम्पन्न गर्ने क्षमता दिइएको हुन्छ । यिनीहरूले मानवीय निगरानीविना नै वेब ब्राउज गर्न, तथ्यांक डाउनलोड गर्न र कोड चलाउन सक्छन् । मानवीय निगरानीको अभाव नै ती कारण हुन्, जसका कारण हामीले यी एजेन्टद्वारा वेबसाइट ह्याक गरिएका घटना बारम्बार देखिरहेका छौँ । उदाहरणका लागि अस्ट्रेलियाको स्वास्थ्य सेवा प्रणालीसम्बन्धी तथ्यांक संकलन गर्ने जिम्मेवारी पाएको एजेन्टले कुनै निजी प्रणाली ह्याक गर्नुलाई आफ्नो निर्देशन पालना गर्ने क्रमको एउटा सामान्य प्रक्रियाका रूपमा लिन सक्छ ।

यही कारणले गर्दा कम्पनीका लागि यस्ता गतिविधि नियन्त्रण गर्नु निकै चुनौतीपूर्ण देखिन्छ छ । एजेन्टलाई अझ बढी क्षमता प्रदान गर्दा तिनको शक्ति र उपयोगिता बढ्छ, तर यसले तिनलाई वेबसाइट ह्याक गर्न प्रयोग गर्न सकिने साधन पनि उपलब्ध गराउँछ ।

### चिन्ताको विषय

यस ह्याकिङ घटनामा व्यक्तिगत स्वास्थ्यसम्बन्धी तथ्यांकमा भने पहुँच पुगेको देखिएन । तैपनि यो घटना कति गम्भीर छ भनेर बयान गर्न सकिँदैन । सरकारी प्रणालीमा एआई एजेन्टले गरेको अनधिकृत पहुँचको घटना सार्वजनिक भएको यो सायद पहिलोपटक हो । यति मात्र होइन, ह्याकिङ भएको करिब तीन महिनापछि सेप्टेम्बर १० मा ओपनएआईले सरकारलाई यसबारे जानकारी नदिँदासम्म मेडिकेयरलाई ह्याकिङ भएकोबारे कुनै जानकारी नै थिएन भन्ने देखिन्छ ।



• एन्ड्र्यु कलन
(कलन मेलबर्न विश्वविद्यालयको स्कुल अफ कम्प्युटिङ एन्ड इन्फर्मेसन सिस्टम्सका अनुसन्धान फेलो हुन्)

यद्यपि, ओपनएआईको यस जानकारीले अन्ततः सरकारलाई ह्याकको कारण बनेको सुरक्षा समस्या समाधान गर्न मद्दत पुर्‍याउनेछ, तर यसले सम्भावित गैरकानुनी वा हानिकारक कार्य सार्वजनिक गर्ने विषयमा हामी कति हदसम्म एआई कम्पनीको स्वेच्छिक तत्परतामा निर्भर छौँ भन्ने यथार्थलाई पनि उजागर गर्छ ।

यस्ता उल्लंघन खुलासा गर्न यी कम्पनीमा भर पर्नु खतराले भरिएको छ । अघिल्ला डेटा गोपनीयता र साइबर सुरक्षा घटनामा हामीले बारम्बार देखेका छौँ कि प्राविधिक कम्पनीका रिपोर्टिङले उपभोक्तालाई बिरलै सुरक्षित गर्छ । ह्याक हुने र ओपनएआईले यसबारे सचेत हुनेबिचको लामो ढिलाइले अर्को प्रश्न खडा गर्छ, एआई एजेन्टहरूले अरू के गरेका छन्, जसका बारेमा कसैलाई थाहा छैन ?

ओपनएआई एजेन्टले पहुँच गरेका चार साइटमध्ये न्यु साउथ वेल्सको सरकारी वेबसाइट पनि रहेको खुलासा भएपछि राज्यको स्वास्थ्य विभागले आफ्नै प्रणालीको समीक्षा गर्ने घोषणा गर्‍यो । एनएसडब्लुका प्रिमियर क्रिस मिन्सले भने कि ओपनएआई एजेन्टहरूले राज्यको अपराध तथ्यांक र अनुसन्धान ब्युरोबाट पनि जानकारी पहुँच गरेको हुन सक्छ । मिन्सका अनुसार जानकारी निजी वा व्यक्तिगत थिएन ।

### अनधिकृत पहुँच

धेरै मानिस एआई प्रणालीलाई तिनीहरू मानव हुन् जस्तो सोच्छन्, जसले हामी तिनीहरूसँग कुराकानी गर्दा कस्तो महसुस गर्छौं भनेर प्रतिबिम्बित गर्छ । यद्यपि, सोच्ने यो तरिकाले हामीलाई तिनीहरूका लागि जिम्मेवार कम्पनीबाट जिम्मेवारी हटाउन पनि अनुमति दिन्छ ।

अस्ट्रेलियाका उपप्रधानमन्त्री रिचर्ड मार्ल्सले मेडिकेयर ह्याकलाई 'अनधिकृत पहुँच' भनेर वर्णन गरे, जबकि ओपन एआई प्रवक्ता ड्र्यु पुसाटेरीले यसलाई 'गलत तरिकाले मिलाइएको मोडेल'का रूपमा उल्लेख गरे । यस प्रकारको मोडेल व्यवहारको फ्रेमिङले यो परिणाम निम्त्याउने मानवीय निर्णयलाई अस्पष्ट बनाउँछ । यी एजेन्ट आफैँ प्रत्यक्ष रूपमा देखिँदैनन् । तिनीहरू सफ्टवेयर प्रणाली हुन्, जुन मानिसद्वारा डिजाइन गरिएका हुन्छन् र मानिसमार्फत नै सञ्चालित हुन्छन् । यद्यपि, यसप्रकारको एआई कार्यका लागि कानुनी रूपमा को जिम्मेवार छ भनेर स्थापित गर्नु वास्तविक चुनौती हो । यस वर्षको सुरुमा एक भाषणमा न्यु साउथ वेल्सका मुख्य न्यायाधीश एन्ड्र्यु बेलले अस्ट्रेलियामा हालको कानुनी मानक स्पष्ट रहेको र एआई एजेन्टलाई तिनीहरूको कार्यका लागि आफैँमा दोष दिन नसकिने बताएका थिए । कानुनी दायित्व प्रयोगकर्तामा पनि पर्छ भन्ने छैन । उदाहरणका लागि यदि कुनै मानिसले एआई एजेन्टलाई स्वास्थ्य तथ्यांक संकलन गर्न भन्छ र एजेन्टले त्यसो गर्न सरकारी सर्भर ह्याक गर्छ भने मानिस दोषी ठहर नहुन सक्छ । एआई एजेन्टमाथि आरोप लगाउने कुरा कानुनी विषय पनि हो । हालका कानुनले एआई कार्यलाई प्रभावकारी रूपमा 'डिल' गर्छन्, मानौँ, तिनीहरू हामीसँग हुने कुरा हुन्, जस्तै- गम्भीर मौसम घटना । यसले हाम्रो कानुनी प्रणालीमा एउटा स्पष्ट कमजोरी देखाउँछ, जसले यी प्रणाली बनाउने, मर्मत गर्ने र प्रयोग गर्नेहरूमा केही त्रुटि हुँदा जवाफदेही बनाउँदैन ।




*द कन्भर्सेसनबाट*

# गौरवका आयोजनाको लज्जास्पद प्रगति

## २४ मध्ये १० आयोजनाको प्रगति २० प्रतिशतभन्दा कम, वर्षभरिमा एक प्रतिशत पनि हुन सकेन काम

राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको २४ गौरवका आयोजनाको आव ०८२/८३ सम्मको प्रगति




**पवन तिमिल्सिना**/नयाँ पत्रिका

राष्ट्रिय गौरवका आयोजनाको प्रगति हेर्दा गौरव होइन, लज्जाबोध हुने स्थिति छ। हाल राष्ट्रिय गौरवका रूपमा २४ वटा विभिन्न क्षेत्रका आयोजना सूचीकृत छन्। अधिकांश गौरवका आयोजना दुई दशकअघि सुरु भएर अहिलेसम्म सकिएका छैनन्। प्रतिवर्ष औसत २.९६ प्रतिशत मात्रै निर्माण प्रगति भइरहेको छ, जुन अत्यन्तै सुस्त हो।

आयोजना छनोट गर्दा स्पष्ट र वस्तुनिष्ठ मापदण्ड नबनाइएकाले लामो समयसम्म अलपत्र पर्ने गरेको अर्थशास्त्री प्राडा पुष्करराज बज्राचार्यले बताए। उनका अनुसार राजनीतिक रूपमा ठुला र चर्चित आयोजनालाई राष्ट्रिय गौरवको नाम दिने प्रवृत्ति देखिए पनि त्यसको प्राथमिकता, स्रोत सुनिश्चितता र समयमै सम्पन्न गर्ने प्रतिबद्धता कमजोर छ।

बज्राचार्यले सुरुमा नै स्पष्ट मापदण्ड बनाएर कुन आयोजना किन राष्ट्रिय गौरवमा पर्न योग्य हो भन्ने निर्धारण गर्नुपर्ने बताए। 'पहिला क्राइटेरिया राखौँ। त्यो क्राइटेरियाअनुसार को पर्छ, को पर्दैन, किन पर्छ, किन पर्दैन भन्ने स्पष्ट हुनुपर्छ,' उनले भने, 'धेरैजसो राजनीतिक रूपमा ठुला आयोजनालाई राष्ट्रिय गौरवको सूचीमा राखिएको देखिन्छ। बढी प्रभाव र असर पार्ने आयोजना त स्पष्ट मापदण्ड बनाउँदा स्वतः छनोट हुनुपर्छ।'

राष्ट्रिय गौरवका आयोजनालाई राजनीतिक घोषणाभन्दा माथि उठाएर स्पष्ट मापदण्ड, स्रोत सुनिश्चितता, समयसीमा, नियमित मूल्यांकन र संघीय संरचनाअनुसारको स्पष्ट जिम्मेवारीसँग जोड्नुपर्नेमा बज्राचार्यले जोड दिएका छन्। राष्ट्रिय योजना आयोगका अनुसार माथिल्लो तामाकोशी, पोखरा विमानस्थल र भैरहवा विमानस्थल भने सकिएका छन्। अन्य २४ आयोजनामध्ये गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला र पश्चिम सेती जलविद्युत् आयोजना सुरु भएका छैनन्। बुढीगण्डकी जलविद्युत् आयोजनामा भने ४२ अर्ब सकिए पनि बल्ल १६.५५ प्रतिशत सकिएको छ। यो आयोजना कुन मोडालिटीमा बन्ने भनेर बारम्बार परिवर्तन हुँदा पनि निर्माणले गति लिन सकेको छैन। अमेरिकी अनुदानमा सञ्चालित एमसिसी परियोजना पनि आव ०७४/७५ बाट सुरु भएको हो। हालसम्म १८.२४ प्रतिशत मात्रै काम सकिएको छ।

पश्चिम सेती २०२५ सालमा निर्माण गर्न स्वीकृति भए पनि अहिलेसम्म सुरु भएको छैन। राष्ट्रिय चुरे संरक्षण आयोजना ०७१/७२ बाट सुरु भएको र हालसम्म ६.७ प्रतिशत मात्रै प्रगति छ। पुष्पलाल मध्यपहडी राजमार्ग आव ०६४/६५, हुलाकी राजमार्ग ०६६/६७, कालीगण्डकी करिडोर ०६५/६६, कर्णाली करिडोर ०६९/७०, पूर्व-पश्चिम विद्युतीय रेलमार्ग ०६६/६७, फास्ट ट्र्याक ०७३/७४ बाट निर्माण सुरु भए पनि अहिलेसम्म पूरा भएका छैनन्।






### २१ गौरवका आयोजना लामो समयदेखि निर्माणाधीन, तीनवटा सुरु नै भएका छैनन्

गौरवका आयोजनाको प्रगति देखेर ग्लानि हुने उदाहरण हो, बबई सिँचाइ आयोजना। यो आयोजना आर्थिक वर्ष ०४५/४६ देखि निर्माण सुरु भए पनि बल्ल ८१.९७ प्रतिशत मात्रै सकिएको छ। यो परियोजनामा हालसम्म १८ अर्ब २१ करोड रुपैयाँ खर्च भएको छ। राष्ट्रिय योजना आयोगले आव ०८२/८३ सम्मको प्रगति विवरण सार्वजकि गर्दा महाकाली सिँचाइ आयोजना आव ०६३/६४ मा सुरु भए पनि हालसम्म ३१ प्रतिशत मात्रै सकिएको तथ्यांक छ। यो आयोजनामा १० अर्ब ७१ करोड रुपैयाँ खर्च भइसकेको छ। आव ०६१/६२ मा सुरु भएर बल्ल ५१ प्रतिशत सकिएको छ सिक्टा सिँचाइ। यो आयोजनामा २४ अर्ब ३३ करोड रुपयाँ खर्च भइसकेको छ। २०२५ मा सुरु गर्ने निर्णय भएको पश्चिम सेतीमा काम नै थालिएको छैन। उपत्यकाभित्र खानेपानी आपूर्ति गर्न ०५५/५६ देखि सुरु भएको मेलम्ची खानेपानी आयोजना भने करिब सकिन लागेको छ। गत आवसम्म ९९.७४ प्रतिशत काम सकिएको छ र यो आयोजनामा ३१ अर्ब १४ करोड रुपैयाँ खर्च भएको छ। ०६४/६५ देखि सुरु भएर हालसम्म ८४.६८ प्रतिशत प्रगति सकिएको पुष्पलाल मध्यपहाडी राजमार्गमा ७३ अर्ब ५८ करोड खर्च भइसकेको छ।

यसबाहेक रानीजमरा-कुलरिया सिँचाइ आयोजना बन्न थालेको पनि १३ वर्ष भयो। आव ०६६/६७ मा सुरु भएको आयोजना बल्ल ७४.८ प्रतिशत सकिएको छ। भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना पनि ०६८/६९ देखि बन्न थाले पनि ६७ प्रतिशत मात्रै सकिएको छ। सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना सुरु भएको सात वर्षमा ३७.८१ प्रतिशत सकिएको छ।

### स्रोत नहेर्ने, तर राजनीतिक स्वामित्व खोज्ने प्रवृत्तिले गौरवका आयोजना अत्यन्त दुरवस्थामा पुगेका हुन्

**प्राडा पुष्करराज बज्राचार्य**, अर्थशास्त्री



म योजना आयोगको सदस्य आजभन्दा १५-१६ वर्षअगाडि हुँदा पनि यी कुरा आएका थिए। त्यसवेला मैले के भनेको थिएँ भने पहिला क्राइटेरिया राखौँ। अनि त्यो क्राइटेरियाअनुसार को पर्छ, को पर्दैन र किन पर्छ-पर्दैन भन्ने तय गरौँ। किनभने, सबैले अहिलेको समय त्यो आधारमा गरेनन्। धेरैजसो राजनीतिक रूपमा नाम ठुला भएका आयोजना परेका छन्, त्यसमा कुनै शंका नै भएन। बढी इम्प्लिकेसन र बढी इम्प्याक्ट हुने आयोजना त क्राइटेरियामा स्वतः आउँथे। अधिकांश आयोजना राजनीतिक रूपमा नामकरण गरिएका छन्। तिनीहरूलाई छोड्दै नछोड्ने अथवा बढी रिसोर्स खोज्ने, अनि गर्न सक्छ-सक्दैन भन्ने मतलब नहुने टेन्डेन्सी (प्रवृत्ति) भएको छ। रिसोर्स खोज्ने र त्यसलाई माथि राखिराख्ने प्रवृत्ति भयो। जुन पार्टीको सरकार बन्छ, तिनीहरूले ल्याएका आयोजनामा राजनीतिक 'ओनरसिप' मात्र हुने भयो। त्यो अगाडि बढ्नैपर्छ भन्ने राजनीतिक प्रतिबद्धता त भयो, तर परिवर्तन भइरहेको परिस्थितिमा कुन बढी आवश्यक हो र त्यसलाई के गर्ने भन्ने विचार गरिएन।

# मेयरको तोकआदेशमै दमक नगरपालिकाको राजस्व चुहावट

## अवैध खानी उत्खनन गर्ने हेभी इक्विपमेन्टलाई २५ हजारदेखि एक लाख जरिवाना तिराउनुपर्ने कानुनविपरीत पाँच हजार जरिवाना तिराएर उन्मुक्ति दिने मेयर राम थापाको निर्णय

झापामा **चिरञ्जीवी घिमिरे**

दमक नगरपालिका प्रमुख रामकुमार थापाको तोकआदेशका भरमा राजस्व चुहावट भएको पाइएको छ। नगर प्रमुख थापाले दमक नगरपालिकाभित्र नदीजन्य सामग्रीको अवैध उत्खननबाट संकलन हुने राजस्वमा तजबिजी अधिकार प्रयोग गरी तोकिएभन्दा कम जरिवाना उठाउने निर्णय गराएका हुन्।

प्रदेश सरकारले बनाएको आर्थिक ऐनअनुसार स्थानीय तहले जरिवाना र राजस्व संकलन गर्नुपर्ने कानुनी व्यवस्था छ। कोशी प्रदेश सरकारले अवैध उत्खननमा संलग्न मेसिन, एक्स्काभेटर, ब्याक हो लोडरलाई दुई लाख, टिपर वा ट्रकलाई एक लाख, मिनीट्रकलाई ५० हजार र ट्याक्टरलाई २५ हजार रुपैयाँ जरिवानाको व्यवस्था गरेको छ।

दमक नगरपालिकाले आर्थिक वर्ष ०८१/८२ देखि चालू आर्थिक वर्ष ०८३/८४ को भदौ मसान्तसम्म ३२ वटा सवारीसाधनलाई अवैध नदीजन्य सामग्री ओसारपसार शीर्षकमा राजस्व काटेको छ। यी सवारीमध्ये अधिकांशलाई कानुनविपरीत कम दर तोकेर राजस्वको रसिद काटेको पाइएको छ।

कोशी प्रदेशले ०८१ देखि ०८३ सम्म बनाएको आर्थिक ऐनमा नदीजन्य सामग्रीको अवैध उत्खनन गर्नेलाई प्रतिट्याक्टर २५ हजार र टिपरको हकमा एक लाख जरिवानाको व्यवस्था गरिएको छ। नदी उत्खनन र संकलन गरेर ल्याइएको नदीजन्य सामग्री जफत गर्ने ऐनमा उल्लेख छ।

दमक नगरपालिकाले आर्थिक वर्ष ०८१/०८२ देखि चालू आर्थिक वर्षको भदौ मसान्तसम्म जरिवाना गराइएका ३२ सवारीसाधनमध्ये तीन टिपर र २९ ट्याक्टर छन्। जसमध्ये २५ ट्याक्टर र तीन टिपरलाई कानुनविपरीत कम जरिवाना गराइएको छ। कानुनअनुसार एक लाख जरिवाना तिराउनुपर्ने एउटा टिपरलाई ५० हजार जरिवाना मात्रै गराइएको छ। चारवटा ट्याक्टरलाई कानुनअनुसार २५ हजार जरिवाना गराइएको छ। एउटा ट्याक्टरलाई एक हजार पाँच सय र एउटा ट्याक्टरलाई दश हजार जरिवाना गराइएको दमक नगरपालिकाले उपलब्ध गराएको विवरणमा उल्लेख छ। बाँकी २३ ट्याक्टर र दुई टिपरलाई नगरपालिकाले पाँच हजार जरिवाना गराएर छाडेको विवरणमा उल्लेख छ।

एउटै प्रकृतिको कसुरमा पहुँच हुनेलाई कम र पहुँच नभएकालाई बढी जरिवाना गराएको पाइएको हो।



दकम नगरपालिकाका प्रमुख राम थापा

### रोक लगाइएको समयमा पनि उत्खनन

सरकारले असार १ देखि भदौ मसान्तसम्म नदीजन्य सामग्री उत्खननमा रोक लगाएको छ। तर, यो वर्षको यही निषेधित समयमा मात्रै इलाका प्रहरी कार्यालय दमकले अवैध उत्खनन गरेका १० वटा सवारीसाधनलाई नियन्त्रणमा लिएर जरिवाना गराउन दमक नगरपालिका पठाएको छ। इलाका प्रहरी कार्यालय दमकले नगरपालिकालाई लेखेको पत्रअनुसार सबै सवारीसाधन अवैध उत्खननमा संलग्न छन्। इलाका प्रहरी कार्यालय दमक स्रोतका अनुसार नगरपालिकामा प्रहरीले पठाएका सबै सवारीसाधन अवैध उत्खननमा संलग्न हुन्।

कानुनले तोकेको भन्दा कम राजस्व संकलन गर्नु आर्थिक अनियमितता भएको नेपाल सरकारका पूर्वसचिव गोपीनाथ मैनाली बताउँछन्। 'कानुनमा भएको प्रावधान उल्लंघन गर्नु अनियमितता हो। कानुनविपरीत राजस्व कम गर्न पाइँदैन,' उनी भन्छन्, 'प्रहरीले अवैध उत्खनन हो भनेर कारबाहीका लागि पठाएपछि स्थानीय तहले राजस्व संकलनको दृष्टिकोण र वातावरण संरक्षणको दृष्टिकोणबाट हेर्नुपर्छ।'

दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले भने कोशी प्रदेश आर्थिक ऐनमा पाँच हजार मात्रै जरिवाना रहेको दाबी गर्दै ढाकछोप गर्ने प्रयास गरे। 'हामीले कोशी प्रदेश सरकारले बनाएको ऐनमा त्यही व्यवस्था बुझ्यौँ। त्यही व्यवस्था भएजस्तो हामीलाई लाग्छ। न्यूनतम भएको हुँदा हामीले पाँच हजार जरिवाना गरेको हो,' उनी भन्छन्, 'हामीले गलत नियत गरेर कसैलाई प्रोत्साहन दिएको हैन। कमी-कमजोरी देखिएमा मान्छे यहीँ छन्, फेरि असुलउपर गरे भइहाल्छ।'

# प्रतिकूल मौसमले मुस्ताङमा पर्यटक प्रभावित

**शान्ता कमली**/नयाँ पत्रिका

लगातारको वर्षा, हिमपात तथा बाढीपहिरोको जोखिम बढेसँगै हिमाली जिल्ला मुस्ताङको पर्यटन क्षेत्र प्रभावित भएको छ। मुस्ताङमा पछिल्लो समय वर्षा र हिमपातको पूर्वानुमानसँगै सडक तथा हवाई यातायात प्रभावित हुने जोखिम बढेको छ। बेनी-जोमसोम-कोरला सडकखण्डमा समेत रातिको समयमा सवारीसाधन सञ्चालन नगर्न स्थानीय प्रशासनले आग्रह गरेपछि पर्यटकको आवागमनमा कमी आएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी सन्तोष बस्यालका अनुसार केही दिनअघिसम्म दैनिक चार हजारभन्दा बढी पर्यटक बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङ प्रवेश गर्ने गरेकामा बिहीबारदेखि उक्त संख्याको करिब २० प्रतिशत मात्रै पर्यटक भित्रिरहेका छन्। प्रतिकूल मौसम र यात्रामा आउन सक्ने जोखिमबारे जारी सूचनाका कारण पर्यटक आगमन घटेको हुन सक्ने उनले बताए। पर्यटकको संख्या घटेसँगै मुस्ताङका होटेल तथा पर्यटन व्यवसायमा समेत प्रत्यक्ष असर परेको छ। होटेल सुनसान देखिन थालेका छन् भने धार्मिक पर्यटकीयस्थल मुक्तिनाथमा समेत दर्शनार्थीको संख्या घटेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिए।

यसअघि रसुवाको भोटेकोशीमा आएको बाढीपछि पनि मुस्ताङको पर्यटन प्रभावित भएको थियो। प्रहरीका अनुसार रसुवा बाढीपछि गत साउनको तुलनामा भदौमा मुस्ताङ आउने पर्यटकको संख्या ४९ दशमलव ७८ प्रतिशतले घटेको थियो। यसैबिच, मौसम प्रतिकूलताका कारण पोखरा-जोमसोम हवाई सेवासमेत प्रभावित भएको छ।

# वैदेशिक रोजगार विभागले माग्यो कानुनी सहायता अधिकृत




**काठमाडौं**/ वैदेशिक रोजगार विभागले करार सेवामा रहने गरी दुईजना कानुनी सहायता अधिकृत मागेको छ। कानुनमा स्नातक गरी बार काउन्सिलबाट अधिवक्ताको प्रमाणपत्र लिएको र दुई वर्षको कार्यअनुभव भएको व्यक्तिलाई आवेदन दिन विभागले सूचना जारी गरेको छ। विभागले वैदेशिक रोजगारका क्षेत्रका उजुरी लिने र कारबाही प्रक्रिया अघि बढाउने विषयमा काम गर्न कानुनी सहायता अधिकृत माग गरेको जनाएको छ। 'वैदेशिक रोजगारसँग सम्बन्धित गुनासोको व्यवस्थापन तथा न्याय सम्पादनको कार्यलाई छिटो-छरितो रूपमा सम्बोधन गर्न र वैदेशिक रोजगारका नाममा ठगीमा परेका पीडितलाई कानुनी परामर्श तथा सहायता प्रदान गर्न दुईजना अधिकृतमा मागिएको' विभागले सूचनामा उल्लेख गरेको छ।

# बुटवल-गोरुसिंगे सडक तीन वर्षमै सक्न चुनौती

## ६० प्रतिशत पुग्नुपर्ने निर्माण प्रगति २८ प्रतिशतमा सीमित

बुटवलमा **विष्णु घिमिरे**

६० प्रतिशत प्रगति हुनुपर्ने समयमा पनि बुटवल-गोरुसिंगे सडक विस्तार आयोजना निर्माणको काम २८ प्रतिशत मात्रै भएको छ। ठेक्का सम्झौताअनुसार ३ कात्तिक ०८४ मा निर्माण सम्पन्न हुन करिब एक वर्ष मात्रै बाँकी छ। तर, यो अवधिमा आयोजनाको वित्तीय प्रगति २३ दशमलव ८७ प्रतिशतमा सीमित छ। अहिलेकै गतिमा काम हुँदा म्यादभित्रै काम सक्न चुनौतीपूर्ण छ।

निर्माणका क्रममा आवश्यक नदीजन्य सामग्रीको अभाव, विद्युत्का पोल स्थानान्तरणमा भएको ढिलाइलगायतका कारणले आयोजनाको काम प्रभावित भएको बुटवल-गोरुसिँगे सडक विस्तार आयोजनाका सूचना अधिकारी इन्जिनियर अशोक पौडेलले जानकारी दिए।

उनका अनुसार अहिले विशेषगरी कपिलवस्तु खण्डमा विद्युत्का पोल स्थानान्तरणको काम सुस्त छ। 'विभिन्न कारणले समग्र निर्माण प्रगति कमजोर देखिएको छ,' पौडेलले भने, 'निर्धारित समयमै काम सम्पन्न गर्न अब निर्माणको गति बढाउन आवश्यक छ।' उनका अनुसार अहिले रुपन्देही खण्डमा दुई सय ४५ र कपिलवस्तु खण्डमा दुई सय १० जना कामदार दैनिक रूपमा निर्माणस्थलमा खटिएका छन्।

### १३ अर्ब ५५ करोडको ठेक्का, ५० किलोमिटर सडक विस्तार हुँदै



बुटवलदेखि गोरुसिँगेसम्मको करिब ५० किलोमिटर सडक विस्तार भइरहेको छ। निर्माणाधीन ५० किलोमिटर सडकलाई रुपन्देही र कपिलवस्तु गरी दुई खण्डमा विभाजन गरी एकसाथ निर्माण भइरहेको छ। सडक विस्तारका लागि चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप कर्पोरेसन र चितवनको आशिष निर्माण सेवा जेभीसँग ठेक्का सम्झौता भएको हो। सडक विस्तारका लागि १३ अर्ब ५५ करोड ६५ लाख ९६ हजार चार सय ४१ रुपैयाँबराबरको ठेक्का सम्झौता भएको आयोजनाले जनाएको छ। ०८१ कात्तिकमा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो। त्यसपछि १० माघ ०८१ मा आयोजनाको शिलान्यास गरिएको थियो।

# कोशीको पर्यटन बजेटमा बेथिति

## पर्यटन प्रवर्द्धनका नाममा खेलकुदमा करोडौँ बजेट, भ्रमण वर्षलाई छैन

पर्यटन महाशाखाका प्रमुख **कृष्णप्रसाद न्यौपाने** भन्छन्-



प्रदेशभरि खेलकुद प्रतियोगिता आयोजना गर्नु पर्यटन महाशाखाको उद्देश्य नै होइन। पर्यटनका लागि भन्दै खेलकुदमा विनियोजन भएको बजेट रकमान्तर गराएर भ्रमण वर्षमा कार्यक्रम बनाउने वा खेलकुद बोर्डलाई जिम्मा लगाउने भन्नेबारे छलफल भइरहेको छ।

पर्यटन वर्ष निर्देशक समितिका सहसंयोजक **भवेश श्रेष्ठ** भन्छन्-



खेलकुद कार्यक्रममार्फत पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले राखिएका कार्यक्रम समय सान्दर्भिक छैनन्। पर्यटन प्रवर्द्धनको बहानामा जथाभावी खेलकुद गतिविधि गराउँदा साँच्चिकै पर्यटनका कार्यक्रम ओझेलमा पर्छन्। विनियोजित रकमबारे सरकारले चाँडै निर्णय गर्नुपर्छ।




विराटनगरमा **गणेश लम्साल**

आगामी ०८५ सम्मलाई प्रदेश पर्यटन वर्ष घोषणा गरेको कोशी सरकारले बजेट भने खेलकुदका लागि छुट्याएको पाइएको छ। भ्रमण वर्षलाई बजेटै विनियोजन नगरी पर्यटन प्रवर्द्धनका नाममा खेलकुद प्रतियोगिताका लागि प्रदेश सरकारले करोडौँ बजेट छुट्याएको हो। यससँगै बजेट खर्चको औचित्यबारे प्रश्न उठेको छ।

प्रदेशको पर्यटन मन्त्रालयले चालू आवका लागि पर्यटन प्रवर्द्धन गर्न विनियोजन गरेको कुल १२ करोड बजेटमा चार करोडभन्दा बढी रकम खेलकुद प्रतियोगिताका लागि भनेर छुट्याएको पाइएको हो। जबकि, खेलकुद प्रतियोगिता र गतिविधि सञ्चालन गर्न प्रदेशमा छुट्टै खेलकुद विकास बोर्ड सक्रिय छ। सामाजिक विकास मन्त्रालयमातहत रहेको बोर्डले नै कोशीमा सबैखाले खेलकुद प्रतियोगिता आयोजना गर्न अलग्गै करोडौँ बजेट पाउँछ।

पर्यटन प्रवर्द्धनका कार्यक्रममा खेलकुदका लागि मात्रै बजेट विनियोजन भएको पाइएपछि पर्यटन महाशाखाका कर्मचारी नै छक्क परेका छन्। महाशाखासँग छलफल नै नभएका कार्यक्रम पर्यटन प्रवर्द्धनमा समेटिएको उनीहरूको भनाइ छ।

पर्यटन महाशाखाका एक कर्मचारीका अनुसार कार्यान्वयन नै नगर्न नसकिने र मन्त्रालयको उद्देश्यभन्दा बिलकुलै फरक खेलकुद कार्यक्रम कसरी सञ्चालन गर्ने भन्नेबारे पनि चिन्ता थपिएको छ। पर्यटनका नाममा खेलकुदका लागि छुट्याइएको बजेट खेलकुद बोर्डलाई जिम्मा लगाउने वा रकमान्तर गराएर भ्रमण वर्षका लागि कार्यक्रम बनाउने भन्ने अन्योलसमेत सिर्जना भएको छ। 'पर्यटन प्रवर्द्धनसँग सम्बन्ध नै नभएका कार्यक्रम कसले, किन, कुन उद्देश्यले राख्न लगाएको हो, हामी कसैलाई पनि थाहा छैन,' पर्यटन महाशाखाका एक कर्मचारीले भने।

तत्कालीन एमाले-कांग्रेस गठबन्धन सरकारमा कांग्रेसका भीम पराजुली पर्यटन, वन तथा वातावरणमन्त्री थिए। उनले नै पर्यटनसँग खेलकुदलाई जोड्ने भन्दै चालू आवमा चार करोड रुपैयाँ खेलकुदका लागि विनियोजन गराएका थिए।

महाशाखाका अनुसार शैलजा आचार्य खेलकुद प्रतियोगिता, अन्तर्राष्ट्रिय महिला खेलकुद प्रतियोगिता गराउनेदेखि प्रदेशभरि सञ्चालन हुने विभिन्न गोल्डकपलाई पनि बजेट विनियोजन गरिएको छ। एउटै प्रदेशमा खेलकुदका लागि छुट्टै बजेट र संरचना हुँदाहुँदै पर्यटन मन्त्रालयबाट समेत खेलकुदका नाममा रकम विनियोजन गराएर खर्च गरेमा अख्तियारीमा समेत प्रश्न उठ्ने कर्मचारीको भनाइ छ।

त्यस्तै, खेलकुदबाहेक ज्येष्ठ नागरिक भ्रमण, मातृपितृदेव तीर्थस्थल निर्माणदेखि व्यक्तिगत संघ-संस्थाका लागि समेत बजेट छुट्याइएको पाइएको छ। यो सब कार्यविधिविपरीत भएकाले आफूहरूलाई खर्च गर्न समस्या हुने पर्यटन महाशाखाका कर्मचारी बताउँछन्।

कोशी सरकारले ०८३ साउनदेखि ०८५ असारसम्मलाई कोशी प्रदेश भ्रमण वर्ष घोषणा गरेको छ। तर, बजेट भने चालू आवका लागि जम्मा १२ कारोड रुपैयाँ विनियोजन गरिएको छ। यता, पर्यटन प्रवर्द्धनको जिम्मेवारी पाएको पर्यटन मन्त्रालयले भने भ्रमण वर्षका लागि कुनै पनि बजेट र कार्यक्रम पाएको छैन।

त्यस्तै, पर्यटन प्रवर्द्धनका लागि विनियोजन गरिएको बजेट पनि खेलकुद गतिविधि र पूर्वाधार निर्माणमै ठिक्क हुने देखिन्छ। विनियोजित १२ करोड बजेटमध्ये चार करोड त खेलकुद गतिविधिमा छ। बाँकी बजेटमध्ये दुई करोड निर्माण भइरहेका पर्यटन पदमार्गका लागि छुट्याइएको छ। यसबाट पनि बचेको बजेट विभिन्न संघ-संस्था र उद्देश्यविपरीतका गतिविधिका लागि भएकाले खर्च गर्न चुनौती देखिएको छ।

खेलकुद गतिविधिलाई पर्यटन प्रवर्द्धनसँग जोड्नु गलत नभए पनि समय सान्दर्भिक नहुँदा बजेट कार्यान्वयनमा समस्या भएको पर्यटन महाशाखाको भनाइ छ। 'प्रदेशभरि खेलकुद प्रतियोगिता आयोजना गर्नु पर्यटन महाशाखाको उद्देश्य नै होइन,' महाशाखाका प्रमुख कृष्णप्रसाद न्यौपानेले भने। पर्यटनका लागि भन्दै खेलकुदमा विनियोजन भएको चार करोड पाँच लाख बजेट रकमान्तर गराएर भ्रमण वर्षमा कार्यक्रम बनाउने वा खेलकुद बोर्डलाई जिम्मा लगाउने भन्नेबारे छलफल भइरहेको बताए।

'महाशाखा खेलकुद गतिविधि सञ्चालन गराउन असमर्थ छ र यो उद्देश्य पनि हैन,' उनले भने, 'हामी खेलकुदको बजेट बोर्डलाई जिम्मा लगाउने कि भ्रमण वर्षका लागि कार्यक्रम बनाउने भन्नेमा अन्योल छौँ। अब सरकारले जे निर्णय गर्छ, सोहीअनुसार अगाडि बढ्छौँ।'

प्रदेश सरकारमातहतको पर्यटन वर्ष निर्देशक समितिका सहसंयोजक भवेश श्रेष्ठले खेलसँग सम्बन्धित कार्यक्रममार्फत प्रदेशका विभिन्न गन्तव्यको प्रचार गर्ने उद्देश्यले यस्ता कार्यक्रम राखिए पनि ती समय सान्दर्भिक नभएको बताए। उक्त रकम कि रमान्तर गराउनुपर्ने वा खेलकुद बोर्डलाई जिम्मा लगाउन मन्त्रालयलाई आफूहरूले सुझाव दिएको बताए। 'पर्यटन प्रवर्द्धनको बहानामा जथाभावी खेलकुद गतिविधि गराउँदा साँच्चिकै पर्यटनका क्रार्यक्रम ओझेलमा पर्छन्,' सहसंयोजक श्रेष्ठले भने, 'यसैले सरकारले विनियोजित रकमबारे चाँडै निर्णय गर्नुपर्छ।'

# माछापुच्छ्रे बैंकको अगुवाइमा छुजुङ आयोजनामा नौ अर्ब ऋण लगानी




**काठमाडौं**/ छुजुङ खोला जलविद्युत् आयोजना बनाउन लगानी जुटेको छ। संखुवासभाको भोटखोला गाउँपालिका- २ मा निर्माणाधीन ६३ मेगावाट क्षमताको उक्त आयोजना बनाउन माछापुच्छ्रे बैंकको अगुवाइमा ऋण लगानी हुने भएको हो। सांग्रिला ऊर्जा लिमिटेडले निर्माण थालेको उक्त आयोजनामा आधा दर्जन बैंक तथा वित्तीय संस्थाबिच सहवित्तीयकरण ऋण सम्झौता भएको छ।

सम्झौताअनुसार आयोजनाका लागि बैंक तथा वित्तीय संस्थाले कुल नौ अर्ब रुपैयाँ ऋण लगानी गर्ने भएका छन्। बाँकी तीन अर्ब रुपैयाँ घलेम्दी हाइड्रो लिमिटेडलगायत अन्य संस्थापकको स्वपुँजी (इक्विटी) लगानी हुने भएको छ। सहवित्तीयकरणमा माछापुच्छ्रे बैंक अगुवा बैंकका रूपमा रहेको छ भने प्रभु बैंक र लुम्बिनी विकास बैंक सहअगुवा बैंकका रूपमा सहभागी छन्। त्यस्तै, मुक्तिनाथ विकास बैंक, एनआइसी एसिया बैंक र सांग्रिला डेभलपमेन्ट बैंक सदस्य बैंकका रूपमा सहभागी छन्।

आयोजनाको कुल अनुमानित लागत १२ अर्ब रुपैयाँ रहेको छ। यसमध्ये नौ अर्ब रुपैयाँ बैंक तथा वित्तीय संस्थाको ऋण र बाँकी तीन अर्ब रुपैयाँ संस्थापकको इक्विटीबाट लगानी जुटाइएको छ। आयोजनामा प्रमुख सेयरधनीका रूपमा घलेम्दी हाइड्रो लिमिटेडको करिब एक अर्ब १० करोड रुपैयाँ लगानी रहेको छ।माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सन्तोष कोइरालाले आयोजना तोकिएको समयमै सम्पन्न गरी राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न बैंक तथा सहवित्तीयकरणमा सहभागी बैंकहरू प्रतिबद्ध रहेको बताए।

# विद्युतीय ट्र्याक्टर र डम्प ट्रक भित्र्याउँदै जगदम्बा मोटर्स




**काठमाडौं**/ शंकर ग्रुपअन्तर्गतको जगदम्बा मोटर्सले विद्युतीय ट्र्याक्टर र डम्प ट्रक नेपाल भित्र्याउने भएको छ। कम्पनीले चीनको अग्रणी व्यावसायिक सवारीसाधन निर्माता स्याक्म्यानका एक्स-५००० ई विद्युतीय ट्र्याक्टर र एक्स-५०००ई विद्युतीय डम्प ट्रक नेपालमा भित्र्याउने लागेको हो। यी दुई मोडेलमार्फत कम्पनीले नेपालको भारी तथा व्यावसायिक सवारीसाधन क्षेत्रमा विद्युतीय प्रविधिको प्रयोग विस्तार गर्ने लक्ष्य राखेको छ। नेपालमा इभी सवारीसाधनको प्रयोग बढ्दै गएसँगै जगदम्बा मोटर्सले ढुवानी, निर्माण, खानी तथा अन्य भारी सामान ओसारपसार हुने क्षेत्रमा इभीको विकल्प उपलब्ध गराउन लागेको जनाएको छ। एक्स-५००० ई विद्युतीय ट्र्याक्टर भारी सामान ढुवानी तथा व्यावसायिक यातायातका लागि तयार गरिएको हो। त्यस्तै, एक्स-५०००ई विद्युतीय डम्प ट्रक निर्माण, खानी तथा कठिन भौगोलिक क्षेत्रमा हुने कामका लागि डिजाइन गरिएको बताइएको छ। दुवै सवारीसाधनमा स्याक्म्यानको विद्युतीय शक्ति प्रणाली प्रयोग दाबी गरिएको छ। दुवै मोडेलमा छिटो चार्ज गर्न सकिने सुविधा छ। यसले व्यावसायिक प्रयोगकर्तालाई सवारीसाधन सञ्चालनको समय व्यवस्थापन गर्न सहज बनाउने अपेक्षा गरिएको छ।

# एनआइसी-स्याकारको सहकार्य, ग्राहकलाई सहुलियतपूर्ण सवारी कर्जा

**काठमाडौं**/ एनआइसी एसिया बैंक र नेपालका लागि होन्डा कारको आधिकारिक वितरक स्याकार ट्रेडिङ कम्पनी प्रालिबिच बैंकका ग्राहकलाई सहुलियतपूर्ण अटो लोन उपलब्ध गराउनेसम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका तर्फबाट चिफ बिजनेस अफिसर अमित केसी र हेड मोर्टगेज बैंकिङ एन्ड अटो लोन दीपक आचार्य तथा स्याकार ट्रेडिङका तर्फबाट प्रबन्ध निर्देशक सिर्जना शाक्य ज्योतिले हस्ताक्षर गरेका हुन्।

यस सहकार्यको मुख्य उद्देश्य ग्राहकलाई नयाँ होन्डा गाडी खरिद गर्न आर्थिक रूपले सहज बनाउनु रहेको कम्पनीले जनाएको छ। सम्झौताअनुसार बैंकले होन्डा खरिद गर्ने ग्राहकलाई आकर्षक तथा कम ब्याजदरमा सजिलो फाइनान्सिङ (सवारी कर्जा)को सुविधा प्रदान गर्नेछ। यस सुविधाअन्तर्गत ग्राहकले कर्जाका लागि आवश्यक सम्पूर्ण कागजात बुझाएको ६ कार्यदिनभित्रमा नै लोन प्रक्रिया पूरा गरिने प्रतिबद्धता कम्पनीले जनाएको छ।




फाइनान्सिङ सुविधा होन्डाका मोडेल होन्डा सिआर-भी, सिटी इ-एचइभी, फिफ्थ जेन सिटी र एलिभेटलगायतमा उपलब्ध हुनेछ। यस सहकार्यमार्फत होन्डा कार चढ्ने सपनालाई सरल र छिटो-छरितो रूपमा साकार पार्न मद्दत पुग्ने दुवै संस्थाले विश्वास लिएका छन्।

# धाप ड्याम पूर्ण रूपमा सुरक्षित : ऊर्जा मन्त्रालय

**काठमाडौं**/ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गोकर्णेश्वर नगरपालिका- १, शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने धाप बाँध (ड्याम) सुरक्षित रहेको जनाएको छ। मन्त्रालयमातहतको सिँचाइ विभागअन्तर्गत पर्ने नागमती तथा धाप बाँध आयोजनाले शनिबार विज्ञप्ति जारी गरी काठमाडौं उपत्यकाको सुक्खायामको पानीको आवश्यकता पूर्ति गर्न निर्मित धाप बाँध र यसको मुख्य संरचना हालसम्म पूर्ण रूपमा सुरक्षित रहेको जनाएको हो।

भारी वर्षापछि धाप बाँधको अवस्थाबारे प्रश्न उठेपछि नागमती तथा धाप बाँध आयोजनाले अवस्था स्पष्ट पारेको हो। आयोजनाले बाँध क्षेत्रमा केही दिनअघि देखिएको जोखिम पनि पूर्ण रूपमा हटेको वस्तुस्थितिकै भिडियो पनि सार्वजनिक गरेको छ।

आयोजनाका अनुसार निरन्तरको मनसुनजन्य वर्षाका कारण जलाशय तथा आसपासका क्षेत्रमा पानीको बहाव बढेपछि प्राविधिक टोलीले बाँधको अवस्था, जलसतह तथा पानीको आवागमनमाथि नियमित निगरानी गरिरहेको छ।

गत भदौ २४ गते साँझ स्याडल ड्याम-१ नजिकै सडक-किनारामा पहिरो गएपछि सुरक्षात्मक कदम छिटो चालिएको थियो। आयोजनाका अनुसार सोही दिन साँझदेखि आउटफ्लोमार्फत करिब चार सय लिटर प्रतिसेकेन्ड पानी निरन्तर बाहिर पठाइएको छ। जसका कारण जलाशयको जलसतह २.३८ मिटरले घटेर हाल २०८४.८० मिटरमा आएको छ भने कुल सञ्चित पानीको करिब ३५ प्रतिशत हिस्सा सुरक्षित रूपमा निकासा भइसकेको छ।

आयोजनाका अनुसार धाप बाँधको सामान्य जलसतह २०८७.१४ मिटर रहेको छ। यदि आगामी दिनमा भारी वर्षा



भई जलसतह यो विन्दुभन्दा माथि पुगेमा अतिरिक्त पानी स्पिलवेबाट स्वतः बाहिर जाने प्राविधिक व्यवस्था मिलाइएको छ। हाल वर्षाको मात्रा घट्दै गएकाले बाँधमा भित्रिने पानीको मात्रा पनि कम हुँदै जाने अनुमान गरिएको छ।

आयोजनाले पहिरो प्रभावित क्षेत्रमा आवश्यक पानी निकास, तटबन्ध तथा आपत्कालीन व्यवस्थापनका कार्य द्रुत गतिमा अघि बढाएको छ।

बाँधको सुरक्षा र प्राविधिक मूल्यांकन निरन्तर भइरहेकाले कुनै अप्रिय जोखिम नरहेको र सर्वसाधारणलाई अनावश्यक त्रास नमान्न तथा आधिकारिक सूचनामा मात्र विश्वास गर्न आयोजनाले अनुरोध गरेको छ।

# एउटै ब्रान्डका भिन्नाभिन्नै गाडीमा धरौटी लिने व्यवस्था हटाउन नाइमाको आग्रह



**काठमाडौं**/ एउटै ब्रान्डका विभिन्न मोडेलका लागि छुट्टाछुट्टै धरौटी लिनुपर्ने व्यवस्था हटाउन सरकारसँग आग्रह गरिएको छ। नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले एउटै ब्रान्डका विभिन्न मोडेललाई अलग-अलग वस्तु मानी प्रत्येक मोडेलका लागि छुट्टाछुट्टै धरौटी माग्ने व्यवस्था हटाउनुपर्ने तर्क गरेको छ। एउटै ब्रान्डमा छुट्टाछुट्टै धरौटी मागिँदा व्यवसायीको ठुलो रकम रोकिने र आर्थिक भार थपिने नाइमाले जनाएको छ। नाइमा प्रतिनिधिमण्डलले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहलाई भेटेर यसबारे सरकारको ध्यानाकर्षण गराएको हो।

साथै, नाइमाले वस्तुको परिभाषा स्पष्ट गर्न र एजेन्सी दर्तासम्बन्धी नियमले अटोमोबाइल व्यवसायमा पारेको प्रभावबारे छलफल गरेको छ। एजेन्सी दर्ता गर्दा वा नयाँ वस्तु थप्दा कम्पनीको पुँजीको ०.५ प्रतिशत धरौटी बुझाउनुपर्ने व्यवस्था र नियममा 'वस्तु'को परिभाषा स्पष्ट नभएको नाइमाको भनाइ छ।

छलफलपछि मन्त्री साहले नाइमाले उठाएका विषयलाई सकारात्मक रूपमा लिँदै यसअघि भएका निर्णयको पुनरवलोकन गर्न र एजेन्सी दर्तासम्बन्धी नियमलाई व्यवसायी तथा उद्यमीमैत्री बनाउने गरी आवश्यक प्रक्रिया अघि बढाइने आश्वासन दिलाए।

# एलजीको 'उपहार : मनाऔँ दसैँ र तिहार' योजना सार्वजनिक




**काठमाडौं**/ इलेक्ट्रोनिक्स कम्पनी एलजीले यस वर्षको दसैँ तथा तिहारलाई विशेष र उत्साहपूर्ण बनाउन उपहार योजना ल्याएको छ। 'एलजीको उपहार, मनाऔँ दसैँ र तिहार' नामक योजनामा ग्राहकले एलजीका विभिन्न घरायसी उपकरण खरिदमा २५ प्रतिशतसम्म नगद छुट तथा आकर्षक उपहार प्राप्त गर्न सक्ने बताइएको छ।

त्यसैगरी, उपभोक्ताले एलजीका विभिन्न उत्पादनमा आकर्षक नगद छुटसमेत पाउनेछन्। ३२ इन्चबाहेकका टिभी, अडियो सिस्टम, भ्याकुम क्लिनर, सिंगल डोर रेफ्रिजेरेटर र ३०८ लिटरसम्मका डबल डोर रेफ्रिजेरेटर किन्दा नगद छुट प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ।

यसैगरी, फ्रन्ट लोड वासिङ मेसिनको खरिदमा ६ केजी सर्फ एक्सेल म्याटिक, टप लोडमा चार केजी सर्फ एक्सेल र ट्विन टबमा दुई केजी सर्फ एक्सेल डिटर्जेन्ट निःशुल्क पाउन सकिनेछ। यता, साइड-बाई-साइड रेफ्रिजेरेटरको खरिदमा माइक्रोवेभ ओभन र तीन सय ४० लिटरभन्दा माथिका डबल डोर रेफ्रिजेरेटरमा मिक्सर उपहार दिइने पनि कम्पनीले घोषणा गरेको छ। कम्पनीका अनुसार डिसवासरको खरिदमा दुई प्याकेट फर्च्युन ट्याब्लेट, माइक्रोवेभ ओभनमा कुकिङ किट र एयर कन्डिसनरको खरिदमा निःशुल्क जडान सेवा पनि उपलब्ध छ।

# मनाङका उच्च हिमाली क्षेत्रको पदयात्रामा रोक



**काठमाडौं**/ लगातार वर्षा र हिमपात हुन थालेपछि जिल्ला प्रशासन कार्यालय मनाङले उच्च हिमाली क्षेत्रमा तीन दिन पदयात्रा नगर्न आग्रह गरेको छ। प्रशासनले आइतबारसम्म तिलिचो ताल, थोरङ्लापास, आइस लेक, काङ्लापास र भीमथाङलगायत उच्च हिमाली क्षेत्रका पदयात्रामा रोक लगाएको हो। मनाङ डिस्याङ गाउँपालिका- ५, मुङ्जेका स्थानीय सोनाम गुरुङका अनुसार शुक्रबार बिहानदेखि माथिल्लो क्षेत्रमा हिमपात भइरहेको छ। केही समय वर्षासँगै हिउँ परेको र चिसोसमेत बढेको जानकारी दिए।

मनाङका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलका अनुसार हिमपातसँगै उच्च हिमाली क्षेत्रमा जोखिम बढेपछि प्रशासनले आइतबारसम्म पदयात्रामा रोक लगाइएको हो। पदयात्राका लागि निस्किएका पर्यटकलाई माथिल्लो क्षेत्रमा जान रोक लगाइएको छ भने बाटोमा रहेका पर्यटकलाई सुरक्षित स्थानमा रहन प्रशासनले आग्रह गरेको छ। पौडेलका अनुसार प्रशासनको आग्रहपछि पर्यटकहरू अहिले उच्च क्षेत्रमा गएका छैनन्। मौसममा सुधार नआएसम्म उच्च हिमाली क्षेत्रमा पदयात्रा नगर्न र स्थानीय प्रशासनको सूचनालाई पालना गर्न पर्यटक तथा सर्वसाधारणलाई आग्रह गरिएको छ।

# डिम्याट खाता खोल्नेको संख्या ८१ लाख पुग्यो

## ७१.८६ लाख प्रयोगकर्ता मात्रै मेरो सेयरमा दर्ता, सूचीकृत सेयर २० अर्ब ४४ करोड

नयाँ पत्रिका

पुँजीबजारमा लगानीकर्ताको सहभागिता बढ्दै जाँदा डिम्याट खाता खोल्नेको संख्या पनि वृद्धि हुँदै गइरहेको देखिएको छ। केन्द्रीय निक्षेप सेवा तथा व्यवस्थापन कम्पनी लिमिटेड (सिडिएससी)को पछिल्लो तथ्यांकअनुसार शनिबारसम्म ८० लाख ९५ हजारभन्दा बढीले डिम्याट खाता खोलेका छन्।

सिडिएससीको तथ्यांकलाई हेर्दा डिम्याट खाता खोल्नेभन्दा मेरो सेयर प्रयोगकर्ता कम रहेका छन्। ८० लाख ९५ हजारले डिम्याट खोल्दा ७१ लाख ८६ हजार प्रयोगकर्ता मात्रै मेरो सेयरमा दर्ता छन्। यीमध्ये ५१ लाख २२ हजार मात्रै सक्रिय प्रयोगकर्ता हुन्। बाँकी २९ लाख ७२ हजार ९२७ प्रयोगकर्ता निष्क्रिय रहेको तथ्यांकले देखाएको छ। कुल मेरो सेयर खातामध्ये ७१.४० प्रतिशत सक्रिय रहेको देखिन्छ।

### एक सय २४ डिपी

सिडिएससीका अनुसार हालसम्म एक सय २४ वटा अनुमतिप्राप्त डिपोजिटरी पार्टिसिपेन्ट (डिपी) छन्। डिपीमार्फत लगानीकर्ताले डिम्याट खाता खोल्ने तथा निक्षेपसम्बन्धी सेवा लिने गर्छन्।

यसका साथै ९२ वटा रजिस्टर्ड क्लियरिङ मेम्बर, ४९ वटा रजिस्ट्रार तथा ट्रान्सफर एजेन्ट (आरटिए), एक सय २४ वटा मेरो सेयरमा दर्ता भएका डिपी छन्।




### दुई सय ८५ कम्पनी र ६९ म्युचुअल फन्ड

तथ्यांकअनुसार दुई सय ८५ वटा कम्पनी दर्ता भएका छन् भने ६२ वटा म्युचुअल फन्ड र ८१ वटा बन्ड तथा डिबेन्चर सिडिएससीमा दर्ता भएका छन्। त्यस्तै, ४३ वटा बैंक-वित्तीय संस्था सहभागी छन्।

### २० अर्ब ४४ करोडभन्दा बढी सेयर डिम्याटमा

पछिल्लो विवरणअनुसार कुल सूचीकृत सेयर भने २० अर्ब ४४ करोड ६ लाख २१ हजारभन्दा बढी छ। १९ अर्ब ५४ करोड ४९ लाख ११ हजार कित्ता सेयर प्रयोगकर्ताको डिम्याट खातामा रहेको सिडिएससीले जनाएको छ। डिम्याट खाता पुँजी बजारमा सेयर तथा अन्य धितोपत्र विद्युतीय रूपमा राख्न आवश्यक पर्छ। सिडिएससीले धितोपत्रको केन्द्रीय निक्षेप, अभिलेख व्यवस्थापन तथा कारोबारको राफसाफसम्बन्धी काम गर्दै आएको छ।

# एक्स्ट्रिम इनर्जीको गेट अभियान




**काठमाडौं**/ नेपाल प्रिमियर लिग (एनपिएल)को तेस्रो संस्करण सुरु हुनुअघि नै एक्स्ट्रिम इनर्जी ड्रिंकले साझेदारी गरेको छ। एनपिएलमा सहभागी आठ टोलीमध्ये सात टोलीसँग प्रायोजन साझेदारी गरेको एक्स्ट्रिमले प्रतियोगिताको प्रारम्भिक चरणमै ब्रान्ड अभियान चलाएको हो।

कम्पनीका अनुसार एनपिएलका खेल आयोजना हुने टियू क्रिकेट मैदानबाहिर सातवटा प्रवेशद्वारलाई सात प्रायोजित टोलीसँग जोडन विशेष गेट अभियान सञ्चालन गरेको छ। यसमार्फत क्रिकेटप्रेमी तथा समर्थकले मैदान प्रवेश गर्नुअघि नै एनपिएलका सात टोलीको उपस्थिति र उत्साह अनुभव गर्न सक्ने कम्पनीको भनाइ छ। टोलीका समर्थकलाई उनीहरूका मनपर्ने टोलीसँग जोड्ने र एनपिएलको वातावरणलाई अझ उत्सवमय बनाउने उद्देश्यले यी गेट तयार गरिएको बताइएको छ। कम्पनीले काठमाडौं गोर्खाज, विराटनगर किङ्स, चितवन राइनोज, जनकपुर बोल्ट्स, कर्णाली याक्स, पोखरा एभेन्जर्स र लुम्बिनी लायन्ससँग टाइटल स्पोन्सरका लागि सम्झौता गरिसकेको छ।

# हिमालयन बैंक र एससिटीबिच सम्झौता




**काठमाडौं**/ हिमालयन बैंक लिमिटेड र स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेड (एससिटी)बिच स्मार्ट पे अन्तरबैंक रकमान्तर (आइबिएफटी) सेवा सञ्चालन तथा सहकार्यसम्बन्धी सम्झौता भएको हो।

यससँगै बैंकले एससिटीको स्मार्ट पे नेटवर्कमा आबद्ध भई अन्तरबैंक रकम स्थानान्तरण सेवा सञ्चालन गर्नेछ। बैंकका ग्राहकलाई विभिन्न बैंक तथा वित्तीय संस्थाका अन्य खाताबिच सहज, सुरक्षित र प्रभावकारी रूपमा रकम आदान-प्रदान गर्न थप सुविधा प्रदान गर्ने बैंकको अपेक्षा छ।

एससिटीद्वारा विकास तथा सञ्चालित स्मार्ट पे आइबिएफटी रकम स्थानान्तरणसम्बन्धी सेवा हो। यसले सहभागी बैंक तथा वित्तीय संस्था, वालेट तथा रेमिट्यान्स कम्पनीबिच डिजिटल माध्यमबाट रकम स्थानान्तरणलाई सहजीकरण गर्दै आएको छ। यो सेवाले विभिन्न क्षेत्रबिच अन्तरआबद्धता कायम गर्दै नेपालको डिजिटल भुक्तानी प्रणालीलाई थप सुदृढ बनाउन तथा वित्तीय पहुँचको अभिवृद्धि गर्न सहयोग पुर्‍याउँदै आएको छ।

■ २०औँ एसियाली खेलकुद

# नेपाललाई फेरि टेस्ट राष्ट्र हराउने मौका



▸ सन्दीप जोरा

नागोया (जापान) मा
**रमेश सुवेदी र सतिश पोखरेल**

नेपाली पुरुष राष्ट्रिय पुरुष क्रिकेट टोलीसमक्ष पुनः एकपटक टेस्ट राष्ट्रलाई टी-२० आईमा हराउने अवसर जुरेको छ। जापानको आइची र नागोया सहरमा चलिरहेको २०औँ एसियन खेलकुद प्रतियोगिता (एसियड)अन्तर्गत क्रिकेटमा नेपालले क्वार्टरफाइनलमा टेस्ट राष्ट्र श्रीलंकाविरुद्ध प्रतिस्पर्धा गर्दै छ। एसियाडमा लगातार दोस्रोपटक नेपालले टेस्ट राष्ट्रविरुद्ध खेल्न लागेको हो।

प्रतियोगिताको समूह 'ए'मा नेपाल र आयोजकबिचको खेल वर्षाले रद्द हुँदा अंक बाँडिएको थियो। नेपाल आफ्नो समूहमा सर्वाधिक तीन अंकसहित शीर्ष स्थानमा रहँदै क्वार्टरफाइनलमा पुग्यो। समूह 'बी'बाट उपविजेता बनेको श्रीलंकाले नेपालसँग सेमिफाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्न लागेको हो। नेपालले समूहमा टेस्ट राष्ट्र अफगानिस्तानमाथि पाँच विकेटको सानदार जित निकालेको थियो।

नेपालले टी-२० आईमा १२ वर्षपछि अफगानिस्तानविरुद्ध दोस्रो भेटमै हराउन सफल भयो। यसअघि नेपालले सन् २०१४ को आइसिसी टी-२० विश्वकपमा अफगानिस्तानलाई नौ रनले पराजित गरेको थियो। नेपाल अघिल्लोपटकको एसियाडमा पनि क्वार्टरफाइनलसम्म पुगेको थियो।

### वर्षाले खेल नहुँदा श्रीलंका विजयी हुने

नेपाल र श्रीलंकाबिचको आगामी मंगलबार खेल हुनेछ। यस खेलमा वर्षा हुँदा नतिजा नेपालको पक्षमा रहनेछैन। खेल वर्षाका कारण रद्द भए रिजर्भ डे को व्यवस्था गरिएको छैन। खेल हुन नसकेको अवस्थामा आइसिसी टी-२० अन्तर्राष्ट्रिय वरीयताका आधारमा श्रीलंका सेमिफाइनलमा प्रवेश गर्नेछ। नेपाल प्रतियोगिताबाट बाहिरिनेछ। आइसिसी टी-२० आई वरीयतामा श्रीलंका नौ स्थानमा छ। नेपाल भने १४औँ स्थानमा छ।

अफगानिस्तानलाई हराएको नेपालले दुई दिनअघि मात्र दुई स्थान वरीयता सुधार गरेको हो। वरीयतामा श्रीलंकाले २२० रेटिङ प्राप्त गरेको छ। नेपालले १८१ रेटिङ हात पारेको छ।

वरीयताकै नियमअनुसार सन् २०२३ मा चीनको हाङझाउमा भएको एसियाडमा भारतले अफगानिस्तानलाई निराश बनाउँदै स्वर्णपदक जितेको थियो। त्यसवेला भारतले पहिलो ब्याटिङ गर्दा १८.२ ओभरमा वर्षाले खेल रोकिएको थियो। नियमअनुसार आइसिसी वरीयताअनुसार भारतलाई पहिलो तथा अफगानिस्तानलाई दोस्रो स्थानमा राखियो। भारतले स्वर्ण र अफगानिस्तानले रजत प्राप्त गऱ्यो।

### श्रीलंकाविरुद्ध पहिलो भेट

आइसिसी टी-२० आईमा नेपाल र श्रीलंका बिच पहिलो खेल हुँदै छ। यसअघि कुनै पनि प्रतियोतिगामा यी दुईबिच खेल भएका छैनन्। पछिल्लो समयमा श्रीलंकाले टी-२०आईमा खराब प्रदर्शन गरिरहेको छ। श्रीलंकाले लगातार चार टी-२० आई खेल गुमाएको छ। पाँचमध्ये एक खेलमा मात्र श्रीलंकाले जित निकालेको छ। यसविपरीत नेपालले भने पाँच खेलमा अपराजित यात्रा राखेको छ। नेपालले लगातार चार टी-२०आईमा जित निकालेको छ। एक खेलमा मात्र नेपालले अंक बाँड्यो। जुन जापानसँग रह्यो।

> समूह 'ए'मा अफगानिस्तानलाई पाँच विकेटले हराएको नेपालले आगामी मंगलबार क्वार्टरफाइनलमा अर्को टेस्ट राष्ट्र श्रीलंकाविरुद्ध प्रतिस्पर्धा गर्दै

### अलराउन्डरले भरिएको श्रीलंका

श्रीलंकाली क्रिकेट संघले एसियाडका लागि अनुभवी खेलाडी पठाएको छ। टोलीमा धेरैजसो खेलाडी अलराउन्ड रहेका छन्। ब्याटिङदेखि बलर अलराउन्डरसम्म टोलीमा समावेश छ। कप्तान सहान ब्याटिङ अलराउन्डर हुने। यसैगरी मध्यक्रममा असेन ब्रान्द्रा मिडल अर्डरमा राम्रा ब्याट्समयान मानिन्छन्। चमिका करुनारत्ने ब्याटिङ अलराउन्डरमै छन्। थरिन्दु रत्नायके बलिङ अलराउन्डर हुन्। वान्जु सहान अलराउन्डर भूमिका निपूर्ण छन्।

नेपाली टोलीमा पनि अलराउन्डर छन्। कप्तान दीपेन्द्रसिंह ऐरी पछिल्लो समयमा अलराउन्डर भूमिका चम्किरहेका छन्। गुल्सन झा र करण केसी पनि अलराउन्डर नै हुन्। यसैगरी, पूर्वकप्तान रोहित पौडेल ब्याटिङ अलराउन्डरमा छन्।

### नेपाल समूह विजेता

सन्दीप जोरा र लोकेश बमको आक्रामक अर्धशतक मद्दतमा शनिबार आयोजक जापानलाई १५० रनको विशाल लक्ष्य दिएको थियो। वर्षा बाधक बनेको खेलमा नेपाललेअंक बाँड्न बाध्य भएको हो। नेपालले निर्धारित १५ ओभरमा चार विकेट गुमाउँदै १४९ रन बनाएको थियो। यसअघि वर्षाका कारण खेल पाँच ओभर घटाइएको थियो।

दोस्रो इनिङमा वर्षा भएपछि खेल रोकियो। सन्दीपले ३२ बलमा ५७ रन बनाए। उनले पाँच चौका र तीन छक्का प्रहार गरे। सन्दीपको यो करिअरकै पाँचौँ अर्धशतक थियो। उनी जापानमा पहिलो अर्धशतक प्रहार गर्ने नेपाली खेलाडी बने। लोकेशले २२ बलमा ५२ रन बनाएका छन्। उनले एक चौका र ६ छक्का प्रहार गरेका छन्। पाँचौँ विकेटका लागि सन्दीप र लोकेशबिच ३० बलमा अविजित ६५ रनको साझेदारी भएको थियो। यसअघि दोस्रो विकेटको लागि आसिफले जोरासँग २९ बलमा ५५ रनको साझेदारी भएको थियो।

## एसियाड संक्षेप

### बक्सिङमा नेपाल पदकविहीन

मिसन २६ मा रहेको बक्सिङ टोली २०औँ एसियाडमा पदकविहीन भएको छ। राष्ट्रिय खेलकुद परिषद्ले तीन वर्षअघि बक्सिङलाई एसियाडमा पदक जित्न सक्ने खेल भनी मिसन २६ मा समावेश गरेको थियो। तर, आशा गरिएका खेलाडीहरू पहिलो वा दोस्रो चरणभन्दा माथि जान सकेनन्। नवीन नेपाल शनिबार प्रारम्भिक चरणमा पराजित भएसँगै बक्सिङतर्फ नेपालबाट सहभागी सबै खेल समाप्त भएको हो। निसियो जिम्नेजियममा पुरुष ९० केजीको स्पर्धामा नवीन थाइल्यान्डका जक्कापोङ योमखोटसँग ५-० को अंकका आधारमा पराजित भए। पुरुष ६० केजी तौल समूहमा खगेन्द्र रोकाय दोस्रो चरणसम्म पुग्न नै यसपटक बक्सिङले प्राप्त गरेको ठुलो सफलता हो। उनी फिलिपिन्सका जुनमिलार्डो ओगायरसँग प्रिक्वार्टरफइनलमा पराजित भएका थिए। उनीबाहेक दानबहादुर दर्लामी (पुरुष ७० केजी), रविन नेपाल (पुरुष ९० केजी), चन्द्रबहादुर थापा (पुरुष ५५ केजी), अस्मिता दुवाल (महिला ५४ केजी), रमिशा श्रेष्ठ (महिला ५१ केजी) र कुसुम तामाङ (महिला ६५ केजी) पहिलो चरणबाटै आउट भएका थिए। चन्द्रबहादुर योपटक सम्भावित पदक जित्ने खेलाडीको सूचीमा थिए। उनी पहिलो चरणमै भारतीय खेलाडीबाट पराजित हुनपुगे।

### एथलेटिक्समा बोहरा १९औँ स्थानमा

नेपाली धावकले एसियाडमा कमजोर प्रदर्शन गरेका छन्। पुरुष म्याराथनमा शनिबार नेपालका धावक खडकबहादुर बोहराले निराशाजनक प्रदर्शन गरे। बोहरा दुई घण्टा २३ मिनेट ४२ सेकेन्डका साथ १९औँ स्थानमा रहे। यसअघि सन्तोषी श्रेष्ठले महिला १० हजार र राजन रोकायले पुरुष १० हजार मिटरमा प्रतिस्पर्धा गरेका थिए। श्रेष्ठ र रोकायले प्रदर्शन गतिलो भएन। मुकेश पालले १५ सय र पूर्ण लक्ष्मीले पनि निराशाजनक प्रदर्शन गरेका छन्। यसैगरी, मुकेश पाल पुरुष १५ सय मिटर दौडमा पहिलो चरणबाटै बाहिरिएका छन्। शनिबार नागोया सिटी मिजुहो पार्क एथलेटिक्स रंगशालामा मुकेश तीन मिनेट ४९.५७ सेकेन्डका साथ हिट १ मा नवौँ स्थानमा रहे। समग्रमा उनले २२ खेलाडी सहभागीमध्ये १६औँ स्थान हासिल गरे। फाइनल चरणमा स्थान बनाउन नसके पनि मुकेशले आफ्नो व्यक्तिगत टाइमिङमा सुधार गरेका छन्। उनले तीन मिनेट ५०.५७ सेकेन्डको व्यक्तिगत टाइमिङमा सुधार गरेका हुन्। अब मुकेशले पाँच हजार, सन्तोषीले पाँच हजार, सोमबहादुर कुमालले आठ सय र पूर्ण लक्ष्मी न्यौपानेले र पाँच हजार मिटर दौडमा प्रतिस्पर्धा गर्न बाँकी छ।

### ११ वर्षका युकीले जिते इस्पोर्टस्मा स्वर्ण



जापानका ११ वर्षीय युकी कुरिहाराले स्पोर्टस्को 'पुयो पुयो च्याम्पियन्स' मा स्वर्ण पदक जितेका छन्। कुरिहाराले फाइनलमा दक्षिण कोरियाका काङ दोङसिनलाई १०-२ ले हराउँदै स्वर्ण हात पारेका हुन्। उनले सेमिफाइनलमा थाइल्यान्डका तनाराक वोङकिटकुनलाई १०-१ ले हराए। कुरिहारा एसियाडको इतिहासमा स्वर्ण जित्ने जापानका सबैभन्दा कान्छा खेलाडी बनेका छन्। 'पुयो पुयो च्याम्पियन्स' रंगीन ब्लक मिलाएर अंक जोड्ने लोकप्रिय पजल भिडियो गेम हो। कुरिहाराले प्राथमिक विद्यालयको पहिलो कक्षादेखि यो खेल खेल्न थालेका थिए। यसै वर्ष अप्रिलमा कुरिहाराले व्यावसायिक लाइसेन्स पनि प्राप्त गरेका थिए।

### ब्याडमिन्टनमा चुनौती समाप्त

एसियाडमा लगातार कमजोर प्रदर्शनसँगै नेपालको ब्याटमिन्टन टोली पनि पदकविहीन हुँदै घर फर्किएको छ। महिला एकलतर्फ शनिबार रशिला महर्जन र रिहाना शेरचन तथा पुरुष एकलतर्फ क्षितिज खनाल पराजित भएसँगै एसियाडमा नेपालको चुनौती समाप्त भएको हो। रशिला दुईपटककी एसियन च्याम्पियन चीनकी वाङ झी यीसँग २१-४ र २१-२ ले पराजित भइन्। रिहाना श्रीलंकाकी थिनुडी बेहेनागेसँग २१-९ र २१-६ ले हारिन्। पुरुषतर्फ क्षितिज इरानका निमा रोस्तामबाट २१-१४ र २१-९ ले पराजित भए। पहिलो चरणमा क्षितिजले मकाउका खेलाडीलाई हराएका थिए।

**पदक तालिका**

| राष्ट्र | स्वर्ण | रजत | कांस्य | कूल |
|---|---|---|---|---|
| चीन | १०७ | ४१ | २८ | १७६ |
| जापान | ३१ | ४९ | ४९ | १२९ |
| द. कोरिया | १६ | २१ | ३६ | ७३ |
| उज्वेकिस्तान | ८ | १७ | ९ | ३४ |
| काजाकस्तान | ८ | ८ | १९ | ३५ |
| थाइल्यान्ड | ८ | ७ | ९ | २४ |
| इरान | ७ | १४ | ७ | २८ |
| बहराइन | ७ | २ | २ | ११ |
| उ. कोरिया | ५ | ५ | ४ | १४ |
| भारत | ४ | १२ | १४ | ३० |

## खेल संक्षेप

### मार्बलस र रेडियन्ट पब्लिक क्वार्टरफाइनलमा

**काठमाडौं**/ मार्बलस र रेडियन्ट पब्लिक यू-१६ अन्तरविद्यालय छात्र बास्केटबल प्रतियोगितामा शनिबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। प्रतियोगितामा मार्बलसले विल्सन एकेडेमीलाई ६४-४५ ले पराजित गऱ्यो। मार्बलसको जितमा सिनेप शाहीले २० स्कोरको योगदान गरे। विधान कार्कीको १३ स्कोरको सहयोगमा रेडियन्ट पब्लिकले ग्रिनल्यान्डलाई ७०-२८ ले हरायो। राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको अन्य प्रतिस्पर्धामा भेनस पब्लिकले आदर्शलाई ५२-४१ को अन्तरले हरायो। बाल दीक्षा सदनले त्रिज्योतिमाथि ५१-४० को जित निकाल्यो। निसर्ग वाटिकाले त्रियोगलाई ४८-२७ र डेफोडिलले विद्या विकासलाई ४०-१९ ले हराए। भ्याली पब्लिकले रेडियन्ट रिडर्सलाई ६९-४१ को स्कोरमा पाखा लगायो। संस्कृतिले अक्षरालाई ६१-२९ र मातृभूमिले पुष्पसदनलाई ६१-३८ ले पाखा लगाउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे।

### वडाध्यक्ष कपमा धीरेनलाई अग्रता

**काठमाडौं**/ दोस्रो काठमाडौं १० वडाध्यक्ष कप राष्ट्रिय खुला र्‍यापिड बुद्धिचाल प्रतियोगितामा धीरेन राईले ६ अंकसहित अग्रता कायम गरेका छन्। स्विस लिग प्रणालीमा नौ चरणमा आयोजना हुने सो प्रतियोगिताको पहिलो दिन ६ चरणका खेल सम्पन्न भए। धीरेनले ६ खेलमा नै सफलता पाए। प्रतियोगितामा दुई सय २० खेलाडीको सहभागिता छ। प्रतियोगिताको उपाधि विजेताले २६ हजार र उपविजेताले २२ हजार रुपैयाँ पुरस्कार पाउनेछन्। तेस्रो हुनेले १८ हजार तथा चौथो हुनेले ११ हजार रुपैयाँ पुरस्कार पाउनेछन्। आयोजक वडासचिव सुबोध खड्का तथा प्रतियोगिता निर्देशक इन्द्रकुमार बस्नेतले प्रतियोगिताको उद्घाटन गरेका थिए।

### विश्व गोजुरियोमा नेपालले भाग लिँदै

**काठमाडौं**/ एभरेष्ट मार्सल आर्ट्स ट्रेनिङ क्लबले आठौँ डब्लुजिकेएफ विश्व गोजुरियो कराँते च्याम्पियनसिपमा सहभागी हुने आफ्ना खेलाडीलाई बिदाइ गरेको छ। भारतको पुनेमा ५ देखि १० अक्टोबरसम्म हुने प्रतियोगितामा सहभागी हुन टोली बुधबार भारत प्रस्थान गर्नेछ। खेलाडीमा अन्भी शाही, मनीषा तामाङ, रितु कार्की, वन्दना तामाङ, राजीव चौधरी, यनोज महर्जन र भासराज दाहाल रहेका छन्। यसैगरी, टोलीमा दिप्सन सापकोटा, यजु महर्जन, सुविता गौतम, मेलिसा गुरुङ, सविर श्रेष्ठ डंगोल, जेमिन महर्जन, विजय बुढा र अनमोल रम्तेल छन्। खेलाडीले काता र कुमुतेमा स्पर्धामा प्रतिस्पर्धा गर्नेछन्।

### विराटनगरको क्याम्पमा पाँच खेलाडी छनोट

**काठमाडौं**/ तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल) को फ्रेन्चाइज टोली विराटनगर किंग्सले 'ड्रिम टु प्ले' यू-२३ टी-२० क्रिकेट प्रतियोगिताबाट पाँचजना युवा खेलाडीलाई टोलीको तयारी क्याम्पका लागि छनोट गरेको छ। छनोट भएका खेलाडीमा अमर यादव, धवन साहनी, आयुष न्यौपाने, कविराज खत्री र नेपाल यू-१६ का खेलाडी सुयोग भट्टराई रहेका छन्। उनीहरू आगामी २९ सेप्टेम्बरदेखि भारतको उत्तर प्रदेशस्थित पूर्वाञ्चल क्रिकेट एकेडेमी, गोरखपुरमा आयोजना हुने विराटनगरको तयारी क्याम्पमा सहभागी हुनेछन्। क्याम्पका क्रममा पाँचैजना खेलाडीले विराटनगरका अन्य खेलाडीहरूसँगै प्रशिक्षण गर्ने अवसर प्राप्त गर्नेछन्। प्रशिक्षण तथा अभ्यासका क्रममा छनोट भएका खेलाडीहरूको प्रदर्शन, क्षमता, अनुशासन र सम्भावनालाई टोलीका प्रशिक्षकले नजिकबाट मूल्यांकन गर्नेछन्। यी पाँचजना खेलाडीमध्ये एकजनालाई विराटनगरले 'आइकोनिक प्लेयर'का रूपमा छनोट गर्ने जनाएको छ।

## ■ भुटानले पोखरामा अभ्यास गर्ने



**काठमाडौं**/ भुटानको राष्ट्रिय क्रिकेट टोलीले पुरुष टी-२० एसिया कप क्यालिफायरको तयारीका लागि काठमाडौं आइपुगेको छ। प्रतियोगिताको तयारीका लागि भुटानले पोखरालाई अभ्यास केन्द्रका रूपमा छनोट गरेको हो। गण्डकी प्रदेश क्रिकेट संघका सचिव सुमनराज कार्कीले शनिबार टोलीको स्वागत गरेका छन्। टोलीले पोखरामा गण्डकी प्रदेश क्रिकेट संघको आयोजना तथा नेपाल क्रिकेट संघ (क्यान)को सहयोगमा चारवटा अभ्यास खेल खेल्ने कार्यक्रम रहेको छ। भुटानले पोखरामा पहिलो दुई अभ्यास खेल गण्डकी-११ विरुद्ध र त्यसपछिका दुई अभ्यास खेल क्यान-११ विरुद्ध खेल्नेछ।

## विनोद दास बने मलेसिया क्रिकेटका सिइओ

**नयाँ पत्रिका**



नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान विनोद दास मलेसिया क्रिकेट एसोसिएसनका चिफ अपरेटिङ अफिसर (सिइओ) बनेका छन्। मलेसिया क्रिकेट संघले एक महिनाअघि सिइओको आवेदन खुला गरेको थियो। दासले पनि आवेदन दिएका थिए। मलेसियालाई नेपाली क्रिकेटकै अनुभवी खेलाडी तथा प्रशासनिकमा चुस्त व्यक्तित्वका रूपमा दासलाई छनोट गरेको जनाएको छ।

दास यसअघि नेपाल क्रिकेट संघ (क्यान)का क्रिकेट अपरेसन म्यानेजरको रूपमा कार्यरत थिए। उनले यस पदबाट अलग भएको क्यानलाई जानकारी गराइसकेका छन्। दासको कप्तानीमा नेपालले पहिलोपटक आइसिसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगिताको प्लेट च्याम्पियनसिप फाइनल खेलेको थियो।

दासले यू-१९ देखि सिनियर टोलीसम्म कप्तानी गरेका थिए। उनले प्रशिक्षकका रूपमा यू-१९ पुरुष र महिला सिनियर टोलीको जिम्मेवारी भूमिका निर्वाह गरेका थिए। दुई दशकदेखि नेपाली क्रिकेटसँग नजिक भएर काम गरेका उनी क्यानको क्रिकेट म्यानेजरकै लागि उपयुक्तका रूपमा थिए।

उनले सन् १९९७ मा हङकङमा भएको युथ एसिया कपमा उमेर समूहमा डेब्यु गरेका थिए। सन् २००० मा उनले राष्ट्रिय टोलीबाट एसिसी ट्रफीमा डेब्यु गरे।

सन् २००२ को यू-१९ विश्वकपमा उनको कप्तानीमा रहेको नेपालले दुई टेस्ट राष्ट्रलाई हराएर सनसनी मच्चाएको थियो।

# सिटीले वित्तीय नियम उल्लंघन गरेको ठहर

एजेन्सी

इंग्लिस क्लब म्यानचेस्टर सिटीमाथि लागेको एक सय १५ वटा वित्तीय नियम उल्लंघनसम्बन्धी आरोपमा फैसलाले विश्व फुटबलमा हलचल मच्चाएको छ। सन् २०२४ को सेप्टेम्बरमा सिटीमाथि लगाइएका आरोपको सुनुवाइ भएको थियो। छानबिनका लागि गठन भएको स्वतन्त्र आयोगले अधिकांश आरोपमा सिटीलाई दोषी ठहर गरेको बिबिसीले जनाएको छ। यद्यपि, आयोगको यो निर्णय अन्तिम भने होइन। यसको अन्तिम निर्णय आउन बाँकी रहेको छ। दोषी ठहर भएपछि सिटीले कस्तो सजाय पाउँछ भन्ने निर्णय हुन बाँकी छ। स्वतन्त्र आयोगको लिखित फैसला सार्वजनिक भएपछि मात्र सजाय र निर्णयका विस्तृत आधार स्पष्ट हुनेछन्।

प्रिमियर लिगका अधिकांश आर्थिक आरोपमा सिटी दोषी ठहरिएपछि अन्य क्लबहरूले क्षतिपूर्तिको दाबी गर्ने सम्भावना बढेको बिबिसीले जनाएको छ। अन्य इंग्लिस क्लबहरूले आ-आफ्ना कानुनविद्सँग परामर्श लिन थालेका छन्। सिटीविरुद्ध लगाइएका एक सय १५ आर्थिक आरोपमध्ये अधिकांशलाई प्यानलले सदर गरेको छ। द एथलेटिकले एक सय १५ मध्ये एक सय १४ आरोप कायम गरेको हो।

### सिटीले आर्थिक विवरण नदिएको

सिटीले सन् २००९-१० देखि २०१७-१८ सम्म वित्तीय विवरणमा सही जानकारी नदिएको जनाइएको छ। यसका साथै खेलाडी तथा प्रशिक्षकलाई गरिएको भुक्तानीबारे सही विवरण नदिएको र युइएफए तथा प्रिमियर लिगका वित्तीय नियम उल्लंघन गरेको आरोप लगाइएको थियो। आरोपमध्ये ५४ वटा सही वित्तीय जानकारी उपलब्ध नगराएको, १४ वटा खेलाडी तथा प्रशिक्षकको भुक्तानीसम्बन्धी विवरणमा र सातवटा प्रिमियर लिगको नाफा तथा दिगोपन नियमसम्बन्धी रहेको बिबिसीले उल्लेख गरेको छ। त्यस्तै, युइएफएका नियम उल्लंघनका पाँच आरोप र प्रिमियर लिगको अनुसन्धानमा सहयोग नगरेको ३५ आरोप पनि छन्। सिटीले आफूहरूले कुनै पनि सिजनमा गलत काम नगरेको र सबै आर्थिक विवरण सम्बन्धित निकायलाई बुझाएको दाबी गर्दै आएको छ।




### ■ शीर्ष डिभिजन धरापमा पर्न सक्ने

स्वतन्त्र आयोगले अर्कोपटक पूर्ववत् निर्णयलाई सदर गरे खण्डमा सिटीले गम्भीर समस्यामा पर्न सक्छ। इंग्लिस प्रिमियर लिगको नियमअनुसार सिटीको अंक कटौती हुनेछ। यसैगरी, जरिवाना वा सबैभन्दा गम्भीर अवस्थामा प्रिमियर लिगबाटै हटाएर तल्लो डिभिजनमा घटुवा गर्न सकिने प्रावधान छ। अहिले नै सिटीलाई प्रिमियर लिगबाट घटुवा गरिने वा उपाधि खोसिने निश्चित भइसकेको छैन। यसको निर्णय आयोगको अन्तिम निर्णय नै हो। सिटीमाथि आरोप लागेको सिजनमा धेरै उपाधि जितेको थियो। यसमा तीनवटा प्रिमियर लिग उपाधिसमेत रहेको छ। सन् २०११-१२, ०१३-१४ र ०१७-१८ को सिजनमा सिटीले प्रिमियर लिग उपाधि हात पारेको थियो। यसैगरी, सिटीले सन् २०११ को एफए कप पनि जितेको थियो। सन् २०१३-१४, २०१५-१६ र २०१७-१८ को सिजनमा सिटीले इएफएल कपमाथि कब्जा जमाएको थियो। आयोगले उपाधि पुनर्वितरण गर्ने निर्णय गरेको खण्डमा दोस्रो स्थानमा रहेको क्लब विजेता बन्नेछ।

> इंग्लिस प्रिमियर लिगको विभिन्न सिजनमा आर्थिक विवरण नबुझाएकोसहित ११५ आरोपको प्रारम्भिक फैसला म्यानचेस्टर सिटीविपरीत

### अपिल गर्ने सम्भावना

छानबिन आयोगको प्रारम्भिक निर्णयविरुद्ध सिटीले माथिल्लोस्तरमा अपिल गर्न सक्छ। सिटीले कानुनी टोलीको नेतृत्व लर्ड प्याट्रिकको टोलीले यसमा अध्ययन गरिरहेको बिबिसीले जनाएको छ। यसअघि प्याट्रिकले सन् २०२० मा युइएफएको दुईवर्षे युरोपेली प्रतिबन्धविरुद्ध सिटीको अपिलमा काम गरेका थिए। तर, प्रिमियर लिगका अन्य क्लबहरूले क्षतिपूर्ति दाबी गर्ने पक्षमा छन्। यस्तो सिटीको अपिल कमजोर पर्न सक्छ। नाफा तथा दिगोपन नियम (पिएसआर) उल्लंघन गरेको मुद्दामा एभर्टनले बर्नलीलाई ३५ मिलियन पाउन्ड क्षतिपूर्ति तिर्न आदेश दिइएको उदाहरण पनि यस बहससँग जोडिएको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com